NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**मार्च** १३, २०१३
**तत्काल प्रकाशनका लागिः**
**सम्पर्कः एटलान्टामा, डेवोरा हेक्स** +१ ४०४-४२०-५१२४; **काठमाण्डौंमा, डेविड ह्यामिल्टन** +९७७ ०१ -४४४-५०५५

# कार्टर सेन्टरको दिर्घकालीन पर्यवेक्षणले नेपालमा पहिचानमा आधारित राजनीतिक गतिविधिमा कमि आएको देखाउँछ

**काठमाण्डौ**...आज प्रकाशित एक प्रतिवेदनमा कार्टर सेन्टरले नेपालमा मे २०१२ पछि पहिचानमा आधारित राजनीतिक गतिविधि कम भएको उल्लेख गरेको छ। यसले संघियता र सामाजिक समावेशिताबारे अत्यावश्यक नागरिक वहसकालागि अवसर प्रदान गरेको छ। सेन्टरको दिर्घकालीन पर्यवेक्षण नेपालमा २००६ देखि पहिचानमा आधारित राजनीतिक गतिविधि तर्फ बढ्दो प्रवृत्ति, बिशेषगरी संघियतामाथि केन्द्रित आन्दोलनहरु जो मे २०१२ मा संविधान सभा विघटनको वरिपरी बृद्धि भए, तिनमा केन्द्रित छ।

प्रतिवेदनले कसरी पहिचानमा आधारित राजनीतिक गतिविधिले नेपाली नागरिकहरुको संघियता सम्बन्धि अवधारणाहरु प्रभावित भएका छन् र साम्प्रदायिक सम्बन्धमाथि यसको असरबारे तथ्यहरुको अन्वेषण गर्दछ। कार्टर सेन्टरको पर्यवेक्षण र तथ्यहरु यसका पर्यवेक्षकहरुले सेप्टेम्बर २०११ र डिसेम्बर २०१२ भित्र देशभरी गरिएका झण्डै ३००० अन्तर्वाताहरुमा आधारित छन्।

"पहिचानको राजनिति र संघियता छलफल गर्न राजनितिक रुपले संवेदनशिल बिषयहरु भएतापनि नेपाली राजनितिमा पहिचानको भूमिका हालको राजनितिक बहसमा एउटा महत्वपूर्ण पक्ष हो र संवैधानिक प्रक्रियालाई अगाडि बढाउँन तथा अप्रिल/मे २०१२ मा देखिएको तनावको पुनरावृत्ति टार्न यो बिषय खुलारुपले छलफल हुनु पर्छ", कार्टर सेन्टरका नेपाल कार्यालय निर्देशक डेविड ह्यामिल्टन भन्नुहुन्छ ।

कार्टर सेन्टरका पर्यवेक्षकहरुले अप्रिल र मे २०१२ मा भएका पहिचानमा आधारित परिचालनहरुले सूदुर पश्चिम र पश्चिम लगायतका केहि क्षेत्रहरुमा सम्बन्ध अझ खराब बनाएता पनि देशभरी व्यापक साम्प्रदायिक तनाव नभड्काएको पाए। सामान्यतया, संविधान सभा विघटनपछि सम्बन्धमा तुरुन्तै सुधार आयो यद्यपि स्थानिय द्वन्द्व मध्यस्थताका उपायहरुले तनाव घटाउने कार्यलाई सहयोग गर्नमा प्रभाव पारेका थिए।

सम्भवतः राजनितिक दलहरु, नागरिक समाज र सरकारले स्पष्ट जानकारी सफलतापुर्वक प्रचार प्रसार गर्न असफल भएकाले औसत नागरिकमा संघियता सम्बन्धि बुझाइ र जानकारी कम रहेको एउटा प्रमख तथ्य छ।

एउटा प्रभावकारी संवादको अभावमा संघियताबारे भय र उक्त विषयमाथिको विवादले भविष्यमा साम्प्रदायिक तनाव भड्काउने व्यापक अवधारणा छन्। तथापि, धेरै नागरिकहरु नेपाली राज्य कुनै स्वरुपमा विकेन्द्रिकरण हुनुपर्छ र साँस्कृतिक र भाषिक परम्पराहरुको संरक्षणका लागि राज्यले अझै बढि पहल गर्नु पर्छ भन्ने विश्वास गर्छन्।

नेपालका तीन ठूला राजनितिक दलहरु (नेपाली कांग्रेस, एनेकपा [माओवादी] र नेकपा-एमाले) र जनजाती-आदिवासी संगठनहरु बिच मूख्यतया हालैका संघियतामाथिका बहसहरुका कारण आपसीसम्बन्धमा तनाव बढ्दै गएको प्रतिवेदन उल्लेख गर्दछ।

पर्यवेक्षकहरुले राजनितिक दलका तल्लो तहका कार्यकर्ताहरु र संबद्ध जातिय भातृ समुहहरुले आफ्ना नेतृत्वप्रति संघियताको बहसमा सक्रियरुपले सहभागि नभएका कारण बढ्दो मात्रामा निरासा व्यक्त गरेको पनि पाएका छन्।

अन्तमा, आम रुपमा पहिचानमा आधारित राजनीतिक गतिविधिमा मे २०१२ पछि कमि आएता पनि स्थानिय तहमा केहि पहिचानमा आधारित पात्रहरु सदस्यता बढाउन र उनिहरुको उपस्थिति विस्तार गर्न सक्रिय रहेको पर्यवेक्षणले उल्लेख गरेको छ।

**मूख्य सूझावहरुको सारांश :**

- राजनीतिक दलहरु, पहिचानमा आधारित संगठनहरु, नागरिक समाज, संञ्चारमाध्यम र स्थानिय सरकारहरुले संघियता र यसले स्थानीय तहमा कस्तो प्रभाव पार्छ भन्ने बिषयमा नागरिकलाई स्पष्टरुपले जानकारी गराउन थप पहल गर्नु पर्दछ।
- शान्ति प्रक्रियाका सरोकारवालाहरु र संविधान निर्माणकर्ताहरुले भविष्यमा कुनै नेपाली संघिय प्रणालीभित्र समाजका सबै पक्षहरु, बिशेष गरी भौगोलिकरुपमा एउटा निश्चित क्षेत्रमा केन्द्रित नभएकाहरुको, समावेशिता सुनिश्चित गर्नुपर्दछ।
- शान्ति प्रक्रियाका सरोकारवालाहरुले स्थानीय तहमा, विशेषगरी पहिचानमा आधारित बहसहरुका सम्बन्धमा, द्वन्द्व व्यवस्थापनका लागि सर्वोत्तम अभ्यासहरु विकास गर्नुपर्छ।
- सरकार, प्रहरी, आयोजक संघ संगठनहरु र आन्दोनकर्ताहरुले भवीष्यका कुनै सार्वजनिक प्रदर्शनहरुमा वाक स्वतन्त्रता र शान्तिपुर्ण विरोधको अधिकारलाई सम्मान गर्नु पर्दछ।
- प्रहरी, राजनीतिक दलहरु, नागरिक समाज र आम नागरिकहरुबिच मूख्य संवैधानिक समयसीमाको सेरोफेरोमा स्थानीय स्तरमा वार्ता वृद्धि गर्न बढि जोड दिनु पर्दछ।

प्रतिवेदनको पूर्ण पाठ www.cartercenter.org. मा उपलब्ध छ।

###

*कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रवर्द्धन गर्न स्थापित भएको हो। लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रवर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ।*

THE
CARTER CENTER

# नेपालमा पहिचानमा आधारित राजनीतिक गतिविधि र परिचालनबारे कार्टर सेन्टरको पर्यवेक्षण

**मार्च १३, २०१३**

**मूल सारांश**

सन् १९९० मा भएको बहुदलीय प्रजातन्त्रको पुनर्बहालीदेखि नै नेपालको राष्ट्रिय र स्थानीय तहको राजनीतिक बहसमा पहिचानको राजनीतिले अहम् भूमिका खेलेको छ । अझै "पहिचानको राजनीति" शब्दावलीको परिभाषा वा व्याख्या गर्न पनि अप्ठ्यारो भैरहेको छ र यसबारे शिक्षाविद, टिप्पणीकार, राजनीतिक नेताहरु, नागरिक समाज तथा अन्य नेपाली नागरिकहरु जोडतोडका साथ बहस गरिरहेका छन् । यसको जात, जातीयता, लिङ्ग, धर्म, क्षेत्रीय सम्बन्ध, इतिहासलेख र राजनीतिक तथा सामाजिक वर्गहरु लगायतका विभिन्न सूक्ष्म तथ्यहरुबाट प्रतिनिधित्व हुन्छ । संस्कृति, भाषिक अधिकार र शिक्षाजस्ता राजनीतिभन्दा टाढाका क्षेत्रहरुमा केन्द्रित भएका दशकौंका पहिचानमा आधारित आन्दोलनहरुले पनि नेपालको राजनीतिक पहिचानलाई आकार दिएका छन् । यसअलावा, नेपालको असमावेशी अभ्यासहरुको इतिहास र अति केन्द्रिकृत राज्य दशक लामो सशस्त्र द्वन्द्व चर्काउने मूख्य तत्वहरु मध्ये एक रहेको व्यापक मान्यता छ । तसर्थ, २००६ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौता र २००७ को अन्तरिम संविधान दुवैमा ऐतिहासिक रुपमा सीमान्तकृत समुदायको समावेशीकरण एक मूख्य पक्ष रहेको थियो ।

तथापि, पहिचानको राजनीति अहिलेको समयको सबैभन्दा महत्वपूर्ण राजनीतिक मुद्दामध्ये एक रहेको भएपनि यो नै सबैभन्दा बढी विवादास्पद र गलत किसिमले बुझिएको छ । यो प्रतिवेदनले नेपाली राजनीतिको यस प्रतिस्पर्धित क्षेत्रको एक पक्षलाई उजागर गर्ने लक्ष्य लिएको छ जुन हालै पहिचानमा आधारित राजनीतिक परिचालन, विशेष गरी संघीयतामा केन्द्रित आन्दोलन र ती २०१२ को अप्रिल/मे महिनामा संविधानसभा विघटनको सेरोफेरोमा भड्केका आन्दोलनहरु हुन् । त्यस समयमा भएका विरोधहरुको प्रकृति र संघीयताको संवेदनशील मुद्दाबारे राष्ट्रिय तहमा यथेष्ट निराकरण हुन बाँकी रहेको परिस्थितिमा पहिचानमा आधारित परिचालन बारेको अझ राम्रो ज्ञान, त्यसमा संलग्न पात्रहरु र उनीहरुको माग नेपालमा संविधान लेखन प्रक्रिया पुनः आरम्भ हुनुअघिको टड्कारा चासो हुन् ।

कार्टर सेन्टरको पर्यवेक्षणले स्थानीय तहमा हालै भएका संघीयता बारेका बहसहरुमा पहिचानमा आधारित पात्रहरुले खेलेको भूमिका, नेपाली नागरिकहरुमाझ ती गतिविधिहरु बारेको धारणा र साम्प्रदायिक सम्बन्धमा तिनको प्रभाव बारे यस प्रतिवेदनमा केन्द्रित गरेका छन् । प्रस्तुत तथ्यहरु कार्टर सेन्टरका पर्यवेक्षकहरुले सेप्टेम्बर २०११ र डिसेम्बर २०१२ को बीचमा स्थानीय तहबाट प्राप्त गरेका गुणात्मक तथ्यांकहरुमा आधारित छन्, तिनीहरुले हालैका परिचालनहरुलाई आकार दिने तत्वहरु, तनाव बढी देखिएका क्षेत्रहरु र सम्भाव्य द्वन्द्वको मध्यस्थता गर्न चालिएका सकारात्मक कदमका दृष्टान्तहरुलाई उजागर गर्दछन् ।

कार्टर सेन्टरले देशभरि खटिएका नेपाली र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरु सम्मिलित साना टोलीहरुमार्फत जुन २००९ देखि नेपालको शान्ति प्रक्रिया र संविधान लेखन प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ । सेन्टरलाई विशेषगरी पहिचानको राजनीति वरिपरिको वर्तमानको सम्वेदनशीलता र नेपालभरिका धारणाहरुको बृहत विविधताको ज्ञान छ । यो बहसमा प्रयोग गरिएका र प्रतिवेदनमा उठान गरिएका विवादास्पद शब्दावलिहरुबारे कार्टर सेन्टरको कुनै धारणा छैन, न त सेन्टर पहिचान र आदिवासिताका जटिल वर्गीकरणहरुमा कुन समुदाय कहाँ अटाउँछन् भन्ने बारे यसले कुनै स्थान नै राख्छ । नेपालमा स्वयं नेपालीहरु नै तिनीहरुको प्रयोजन बारे एक्लो निर्णयकर्ता हुन् । हाम्रा तथ्यहरु समीक्षा अवधिमा प्राप्त भएका स्थानीय तथ्यहरुमा आधारित पहिचानको राजनीतिका चित्रहरु हुन्, ती न त निर्णयात्मक नै छन् न त नेपालमा पहिचानको राजनीतिबारेका अन्तिम शब्द नै हुन् ।

तथापि, सामाजिक समावेशिता र संघीयताबारे हालैका बहसहरुमा सबै पक्षको दृष्टिकोण बुझ्नका लागि यी शब्दहरुको सन्दर्भ महत्वपूर्ण छ । कार्टर सेन्टर यहाँ प्रस्तुत गरिएका विवरणहरुले नेपालीहरुको बहसमा दुई मुद्दाबारे जानकारी दिने अपेक्षा गर्दछ जुन मे २०१२ देखि थाँती रहेको देखिएका छन । प्रतिवेदन नेपालमा काम गरिरहेका र देशको ताजा इतिहासबारे परिचित संस्थाहरुका लागि पहिचानको राजनीतिको समकालीन बुझाई प्रदान गर्न पनि लक्षित छ । यस बिन्दुबाट प्रतिवेदन नेपालको पछिल्लो राजनीतिक इतिहासमा पहिचानको राजनीतिको संक्षिप्त सारांशबाट शुरु भएको छ । त्यसपछि यसले पहिचानमा आधारित संगठनहरुले पहिचानका बारेमा राष्ट्रिय र स्थानीय दुवै तहमा आफ्ना सन्देशहरु व्यक्त गरेको सन्दर्भ, संघीयताबारे उनीहरुको दृष्टिकोण र नेपाली

राजनीतिबारेको धारणालाई प्रकाश पारेको छ । प्रतिवेदनले पहिचानमा आधारित संगठनका गतिबिधिहरुले स्थानीय तहमा संघीयताबारे चेतना बृद्धि गर्ने कार्यमा पारेको प्रभावलाई पनि प्रकाश पार्दछ ।

प्रतिवेदनबाट छनौट गरिएका प्राप्त तथ्यहरु निम्नसहित छन्:

- पहिचानमा आधारित परिचालनहरुका क्रियाकलापका स्तरमा आएको उतारचढावको वावजूद गएका १२ महिनामा पहिचानमा आधारित संगठनहरुका आधारभुत मागहरुमध्ये धेरैजसोमा कुनै परिवर्तन भएको छैन;
- पहिचानमा आधारित पात्रहरु (प्रतिवेदनमा कुनै खास जात, जाति, क्षेत्रीय वा अन्य समूहहरुको पक्षमा, सदा नभएपनि, संगठित गर्ने समूहहरुलाई जनाउन प्रयोग गरिएको) स्थानीय तहमा सदस्यता बृद्धि गर्न र आफ्नो उपस्थितिलाई व्यापक बनाउन सक्रिय रहेको देखिन्छ, तर उनीहरुले थोरैमात्र देखिने क्रियाकलापहरु गरेका छन् । यो प्रवृत्तिको एक मात्र उल्लेख्य अपवाद अप्रिल/मे २०१२ छेउछाउका आन्दोलनहरु थिए । पर्यवेक्षण गरिएका ती सार्वजनिक क्रियाकलापहरु उनीहरुका राजनीतिक मागहरुबारेका (विशेष गरी संघीयताबारे) कानूनी संघर्ष र अभियानहरुदेखि लिएर केही समूहहरुले स्थानीय समुदायमा छिटपुट प्रयोग गरेका बढी आक्रामक नीतिहरुसम्म थिए ।
- अधिकांश जिल्लाहरुमा राजनीतिक दलहरु पहिचानमा आधारित पात्रहरुभन्दा बढी प्रभावशाली छन्, तथापि विशेष गरी पूर्वी र सुदूर पश्चिमका केही क्षेत्रहरुमा संघीयताको विषयमा पहिचानमा आधारित पात्रहरुले राजनीतिक दलको प्रभावलाई चुनौति दिइरहेका छन् ।
- नेपालका सबैभन्दा ठूला तीन राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले) र एकीकृत नेपाल कम्युनिष्ट पार्टी - माओवादी (एनेकपा (माओवादी)) तथा जनजाति आदिवासी पहिचानमा आधारित संगठनहरुबीचको सम्बन्ध मूख्यतः संघीयताबारेका हालैका बहसहरुको कारणले गर्दा तनावको बढ्दो कारक बनेका छन् ।
- राजनीतिक दलका स्थानीय तहका कार्यकर्ता तथा दलसम्बद्ध जातीय भातृ संगठनका सदस्यहरुले आफ्नो नेतृत्व संघीयताको मामिलामा छलफल गर्न वा नेतृत्व प्रदर्शन गर्न असफल भएकोमा निराशा व्यक्त गरेका छन् ।
- नागरिकहरुमा संघीयताका बिभिन्न स्वरुपहरुबारे जानकारीको अभाव व्यापकता छ किनकि राजनीतिक दल, नागरिक समाज, संचारमाध्यम तथा सरकारजस्ता शान्ति प्रक्रियाका सरोकारवालाहरुले यी मुद्दाहरुलाई उनीहरुको निजी अल्पकालीन स्वार्थ पूर्ति गर्ने गरि अघि सारीरहेता पनि यस विषयमा यथेष्ट जानकारी मुख्यतया नदिइएको देखिन्छ । यसले धेरै नागरिकहरुमा राज्यलाई कुनै किसिमले विकेन्द्रिकरण गरिनुपर्छ र राज्यले उनीहरुको समुदायका सांस्कृतिक र भाषिक परम्परालाई संरक्षण गर्न अझै कार्य गर्नुपर्छ भन्ने मान्यताको वावजूद संघीयताबारे त्रास र तनाव बढाउन मद्दत गरेको छ ।
- अप्रिल/मे २०१२ मा भएको पहिचानमा आधारित परिचालनले व्यापक साम्प्रदायिक तनाव त भड्काएन बरु यसले नेपालका केही भागहरुमा सम्बन्धहरु भने बिगार्‍यो । ती स्थानहरुका सम्बन्ध संविधानसभा विघटन हुनेबित्तिकै सुध्रियो, यद्यपि तनाव साम्य पार्न स्थानीय द्वन्द्व मध्यस्थता प्रयासहरुले सहयोग गरेको देखियो ।
- मे २०१२ पछि नागरिकहरुमा साम्प्रदायिक तनावको त्रास बढ्यो किनकी ती विरोधहरुले संघीयतामाथिको विवाद नै नेपालभरि साम्प्रदायिक तनाव गराउन सक्ने सबैभन्दा सम्भाव्य कारक हुनसक्ने पुरानै लोकप्रिय मान्यतालाई पुष्टि गरेका थिए ।

**प्रतिवेदनलाई निम्न उल्लेखित तथा अन्य धेरै सुझावहरुसहित समापन गरिएको छः**

- चेतनामुलक छलफल र बहसहरुलाई सहज बनाउनका लागि राजनीतिक दल, पहिचानमा आधारित संगठनहरु, नागरिक समाज, संचारमाध्यम तथा स्थानीय सरकारले संघीयताका विभिन्न प्रकारहरु र सम्बन्धित शब्दावलीहरुबारे स्थानीय तहमा सर्वसाधारणको ज्ञान बढाउन अझै बढि काम गर्नुपर्दछ ।
- नेपालका संविधान मस्यौदाकारहरुले जुनसुकै जातीयताका र भावी संघीय राज्यमा जुनसुकै सीमाङ्कनभित्र पर्ने हरेक नेपाली नागरिकलाई प्रत्याभूत गरिने आधारभूत अधिकारका आधाररेखाहरुको विकास र व्यापक प्रचार प्रसार गर्नुपर्छ ।
- शान्ति प्रक्रियाका सरोकारवालाहरु र संविधान निर्माण गरिरहेकाहरुले भावी संघीय संरचनामा समाजका हरेक वर्ग, विशेष गरी भौगोलिक रुपमा एकै क्षेत्रमा एकत्रित नभएकाहरुका लागि सामाजिक समावेशीता सुनिश्चित गर्ने संयन्त्रबारे छलफल गर्नुपर्दछ ।
- प्रदर्शन आयोजकहरु तथा सहभागीहरुले खासगरी मूख्य संवैधानिक समयसीमाहरुको सेरोफेरोमा शान्तिपूर्ण विरोधको अधिकार तथा वाक स्वतन्त्रताको सम्मान गर्नुपर्छ ।
- स्थानीय तहमा द्वन्द्व व्यवस्थापनका सर्वोत्कृष्ट अभ्यासहरुको विकास गरिनुपर्छ ।
- शान्ति प्रक्रियाका सरोकारवालाहरुले स्थानीय तहमा प्रहरी, राजनीतिक दल, नागरिक समाज तथा नागरिकहरुका बीचमा राष्ट्रिय तहका मूख्य समयसीमाहरु वरिपरि छलफलमा बृद्धि गर्नुपर्छ ।

*####*

*कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो । लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ ।*

**विषयसूचि**


| | | |
|---|---|---|
| **अ.** | **परिचय** | **५** |
| | क. विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा संघीयता | ५ |
| | ख. यो प्रतिवेदन अध्ययन गर्ने सम्बन्धमा टिप्पणीहरु | ६ |
| | ग. कार्यपद्धति | ६ |
| **आ.** | **नेपालमा पहिचानको राजनीति** | **८** |
| | क. सन्दर्भ | ८ |
| | ख. अप्रिल⁄मे २०१२ | १२ |
| **इ.** | **कार्टर सेन्टरका यसअघिका प्राप्त तथ्यहरु** | **१३** |
| | क. पहिचानको राजनीति र संघीयताबारेका प्राप्त तथ्यहरु | १३ |
| | ख. नागरिकहरुका धारणाहरु | १४ |
| **ई.** | **स्थानीय तहमा पहिचानको राजनीतिः पात्रहरु, मागहरु र परिचालनहरु** | **१५** |
| | क. पहिचानमा आधारित पात्रहरुः माग, गतिविधि तथा राजनीतिक दलसँगको सम्बन्ध | १५ |
| | ख. संघीयताबारे बहस र छलफलहरु | २२ |
| **उ.** | **पहिचानमा आधारित परिचालनहरु, अप्रिल⁄मे २०१२** | **२३** |
| | क. २०१२ को संविधानसभा समयसीमाको सेरोफेरोका पहिचानमा आधारित परिचालनहरुमा परिवर्तन | २३ |
| | ख. अप्रिल⁄मे २०१२ र त्यसपश्चात पहिचानमा आधारित पात्रहरुबीचको सम्बन्ध | २५ |
| | ग. स्थानीय तहमा द्वन्द्व न्यून गर्न चालिएका कदमहरु | २६ |
| **ऊ.** | **पहिचानको राजनीति र साम्प्रदायिक सम्बन्ध** | **२७** |
| **ए.** | **पहिचानमा आधारित संगठनहरु तथा संघीयताका बारेमा नागरिकका धारणाहरु** | **२९** |
| | क. पहिचानमा आधारित संगठनहरु | २९ |
| | ख. पहिचानमा आधारित गतिविधि र संघीयता | ३० |
| **ऐ.** | **निष्कर्ष तथा सुझावहरु** | **३१** |
| **ओ.** | **अनुसूचि** | **३४** |
| | क. कैलाली र कन्चनपुर | ३४ |
| | ख. कास्की | ३४ |
| | ग. नवलपरासी | ३४ |
| | घ. अन्य क्षेत्रहरु | ३५ |

## अ. परिचय

१९९० मा बहुदलीय प्रजातन्त्रको पुनर्बहाली भएदेखि नेपालको राष्ट्रिय र स्थानीय तहको राजनीतिले महत्वपूर्ण रूपान्तरणहरू अनुभव गरेको छ । यो अवधिको एक मुख्य प्रवृत्ति जातीयता, जात, क्षेत्र, वर्ग र लिङ्गलगायत पहिचानका विशिष्ट पक्षहरूमा आधारित राजनीतिक गतिविधिको स्तरमा वृद्धि भइरहेको छ । संघीयताको संवेदनशील विषयसँग यसको सम्बन्धले गर्दा पहिचानको राजनीति वर्तमान अवस्थामा सबैभन्दा महत्वपूर्ण र गलत ढंगले बुझिएको राजनीतिक मुद्दा हुन पुगेको छ ।

यी दुवै मुद्दाहरूले मे २०१२ मासंविधानसभाको समयसीमाको सेरोफेरोमा भएका तनाव र उत्तेजक विरोधहरूका लागि सन्दर्भ प्रदान गरे । तत्कालका राजनीतिक छलफलहरूमा अगाडि नरहे पनि पहिचानको राजनीति र संघीयता राष्ट्रिय बहसका मुख्य विषयवस्तु हुन् । संवैधानिक प्रक्रिया र यी दुवै मुद्दाहरूमाथि पुन बहस शुरु हुँदा अझ सकारात्मक परिणामहरू आउन् भन्ने सुनिश्चित गर्नका लागि ती मुद्दाहरूको अब समयसापेक्ष विश्लेषण गरिनु आवश्यक छ ।

यो प्रतिवेदनले नेपालमा पहिचानको राजनीतिको एक पक्ष, अप्रिल/मे २०१२ मा भएका पहिचानमा आधारित गतिबिधिहरूलाई कार्टर सेन्टरले २००९ देखि संकलन गरेका विवरणहरूको सन्दर्भमा राखेर उजागर गर्ने लक्ष्य लिएको छ । कार्टर सेन्टरका पर्यवेक्षणहरूले पहिचानमा आधारित संगठनहरूको भूमिका, मूलधारका राजनीतिक दलहरूसँग उनीहरूको सम्बन्ध, साम्प्रदायिक तनाव र संघीयताबारेका हालैका छलफलहरूमा उनीहरूको प्रभावलाई ध्यान दिएका छन् । हाम्रा पर्यवेक्षणहरूले अप्रिल/मे २०१२ मा भएका परिचालनहरूको पृष्ठभूमिलाई व्याख्या गर्न, उच्च तनावका दृष्टान्तहरू खोजी गर्न तथा सकारात्मक माध्यमबाट तनाव न्यूनीकरण भएका क्षेत्रहरू पहिचान गर्न सहयोग गर्दछन् । यो प्रतिवेदनले यी सबै विषयवस्तुबारे नागरिकका धारणाहरूलाई पनि प्रकाश पारेको छ ।

कार्टर सेन्टर शान्ति प्रक्रिया र संविधान लेखन प्रक्रियाको पर्यवेक्षण गर्नका लागि नेपालका राजनीतिक दलहरूद्वारा कार्यादेश पाएको एक अन्तर्राष्ट्रिय पर्यवेक्षण नियोग हो । पहिचानका मुद्दा त्यसै पर्यवेक्षणसँग प्रत्यक्ष सम्बन्धित हिस्सा हो जसको प्रारूप तल उल्लेख गरिएको छ । कार्टर सेन्टर दातृसंस्था वा विकास लक्षित निकाय होइन र यसले कुनै पनि नेपाली संघ संस्थाहरूलाई आर्थिक सहयोग गर्दैन न त यसले विकासका कार्यहरू नै संचालन गर्छ । तथापि, यहाँ प्रस्तुत गरिएका विवरणहरूले नेपालीहरूद्वारा नेतृत्व गरिएको संघीयतासम्बन्धि बहसलगायतका मे २०१२ देखि अड्किएको भनिएकाआर्थिक तथा राजनीतिक अवसरहरूमाथिको पहुँच र जातीय तथा सामाजिक असमानताहरूलाई सम्बोधन गर्न उपयुक्त संयन्त्रहरूको खोजी गर्न सघाउने अपेक्षा सेन्टरको रहेको छ । यो प्रतिवेदन नेपालमा काम गरिरहेका र देशको तत्कालिन इतिहासबारे जानकार संगठनहरूका लागि पहिचानको राजनीतिको समकालीन बुझाइ प्रदान गर्न पनि लक्षित छ ।

कार्टर सेन्टर नेपाली र विदेशीहरूका लागि पहिचानको राजनीति र संघीयताजस्ता मुद्दाहरूबारे छलफल गर्दाको संवेदनशीलतालाई आत्मसात गर्दछ । यस आधारमा, यस प्रतिवेदनको अनुसन्धानमा सहभागी हुने र प्राप्त तथ्यहरूका लागि योगदान प्रदानगर्ने राजनीतिक दल, संचारमाध्यम, नागरिक समाज, सरकारी अधिकारी तथा नागरिकहरू सबैप्रति कार्टर सेन्टर उच्च कृतज्ञता व्यक्त गर्न चाहन्छ ।

## क. विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानमा संघीयता

असमावेशी अभ्यासहरुको एउटा इतिहास र उच्च केन्द्रीकृत राज्य नेपालमा भएको दशक लामो सशस्त्र द्वन्द्वलाई मलजल गर्ने मुख्य तत्वहरु मध्ये एक मानिएको छ ।[1] परिणामतः ऐतिहासिक रूपमा सीमान्तकृत समुदायहरूको समावेशिता नोभेम्बर २००६ मा हस्ताक्षरित विस्तृत शान्ति सम्झौता र २००७ को अन्तरिम संविधान दुवैको मुख्य विषयवस्तु थियो । राज्य पुनर्संरचनाप्रतिको प्रतिबद्धता विस्तृत शान्ति सम्झौतामा लिपिबद्ध गरिएको थियो जसमा तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला र माओवादी अध्यक्ष पुष्पकमल दाहाल “प्रचण्ड” द्वारा हस्ताक्षर गरिएको थियो । विशेषगरी, यसले एक सहमतिबारे उल्लेख ग-योः “… वर्ग, जातीय, क्षेत्रीय र लैंगिक असमानताका विगतदेखिका समस्याहरूलाई निराकरण गर्दै राज्यको अग्रगामि पुनर्संरचना गर्ने… र… (क) संविधानसभामार्फत राजनीतिक समाधानमा अग्रगमन, राज्यको लोकतान्त्रिक पुनर्संरचना तथा आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरलाई सुनिश्चित गर्ने ।”विशेष रूपमा, विस्तृत शान्ति सम्झौताको दफा ३.५ मा यस्तो उल्लेख छः

[1] हेर्नुहोस्, अन्यहरू सहित, हर्क गुरुङ, २००३ । Nepal: Maoist Insurgency and Indigenous People, Nepal Journal of Contemporary Studies 3:2, पृष्ठ ३-१६

- "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी समुदाय , मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्र लगायतका समस्याहरूलाई संबोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने ।"

पुन दफा ८.४ मा उल्लेख गरिएको छ

- "यो सम्झौता, अन्तरिम संविधान तथा सात दल एवं नेपाल सरकार र नेकपा (माओवादी) बीच भएका सबै निर्णय, सहमति र समझदारीहरू कार्यान्वयन गर्न अन्तरिम मन्त्रीपरिषद्ले राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी उच्चस्तरीय सुझाव आयोग लगायत आवश्यकता अनुसारका अन्य संयन्त्रहरूको गठन गर्ने र तिनीहरूको कार्यविधि निर्धारण गर्न सक्ने कुरामा दुबै पक्ष प्रतिबद्धता व्यक्त गर्दछन् ।"[२]

अपितु, नेपालले अप्रिल २००७ मा अन्तरिम संविधानको दफा १३८ लाई संशोधन गरेर संघीय राज्यको पुनर्संरचनामा प्रतिबद्धता ग-यो । अन्तरिम संविधानको धारा १३८ को संशोधनमा यस्तो उल्लेख छः

१. "वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गर्दै राज्यलाई समावेशी बनाई, लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुनर्संरचना गरिनेछ ।"[३]

२. उपधारा (१) बमोजिम राज्यको पुनर्संरचना गर्नको लागि सुझाव दिन एक उच्चस्तरीय आयोगको गठन गरिनेछ । त्यस्तो आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका शर्त नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३. राज्यको पुनर्संरचना तथा संघीय शासन प्रणालीको स्वरूप सम्बन्धी विषयको अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरे बमोजिम हुनेछ ।[४]

## ख. यो प्रतिवेदन अध्ययन गर्ने सम्बन्धमा टिप्पणीहरू

यो प्रतिवेदन नीति-उन्मुख छ र यो नेपालको पहिचान, जातीयता र आदिवासिताको तरल तथा जटिल संरचनाको विस्तृत समाजशास्त्रीय बहससँग प्रत्यक्ष गाँसिएको छैन ।[५] वास्तवमा, जहाँ पर्यवेक्षकहरूले जनतालाई उनीहरूको जातीयता वा जात सम्बन्धनहरूको बारेमा जिज्ञासा राखे, उनीहरूको जवाफलाई थप अनुसन्धानबिना नै उल्लेख गरिएको छ । यो प्रतिवेदन नेपालको स्थानीय तहको राजनीतिमा विशेष जोड दिँदै गरिने शान्ति प्रक्रिया र संविधान लेखन प्रक्रियाको पर्यवेक्षणको कार्यादेशअन्तर्गतको कार्टर सेन्टरका श्रृंखलाबद्ध पर्यवेक्षण प्रतिवेदनहरूकै एक हिस्सा हो । कार्टर सेन्टरको कार्यपद्धतिबारे थप जानकारीका लागि तलका खण्डहरू तथा यसअघि प्रकाशित प्रतिवेदनहरू हेर्नुहोस् ।[६]

नेपालमा राजनीतिक पहिचानको प्रकृति तथा समूहमाआधारित राजनीतिक अधिकारका दावीहरू गहन बहसका विषय बनेका छन् । को "जातीय" वा "आदिवासी" हो भन्ने कुराको व्याख्या र उनीहरूको नाममा कस्ता अधिकारहरूको दावी गर्न सकिन्छ भन्ने विषय अत्यन्त चुनौतीपूर्ण बनेको छ । तसर्थ, आदिवासी, जनजाति वा मधेशीलगायत राजनीतिक छलफलमा बारम्बार प्रयोग गरिने अन्य पदावलीहरू अत्यन्त जटिल छन् र ती माथि सूक्ष्म अनुसन्धान गरिनु पर्दछ । यो प्रतिवेदनले स्थानीय तहमा पहिचानमा आधारित पात्रहरूले पहिचानका बारेमा आफ्ना सन्देशहरू व्यक्त गरेको सन्दर्भ, संघीयताबारे उनीहरूको अडान र नेपाली राजनीतिबारे उनीहरूको आम धारणालाई खास रूपमा उल्लेख गर्नेछ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले अक्सर सामान्य नागरिकहरूमा मात्र नभै अभियानकर्ता र केही राजनीतिज्ञहरूमाझ पनि यस बहसमा प्रयोग गरिएका पदावली र धारणाहरूबारे सूचनाको उच्च अभाव रहेको पाएका छन् ।

यो प्रतिवेदनले कार्टर सेन्टरले कार्यक्षेत्रबाट प्राप्त गरेका तथ्यहरूलाई प्रतिविम्बित गरेको छ र सान्दर्भिकताअनुसार विवादहरूलाई महत्वसाथ उल्लेख गरेको छ । तर सेन्टर कुन समुदाय यी वर्गीकरणहरूमा अटाउँछन् वा उनीहरूका अधिकारलाई कसरी सबैभन्दा

---

[२] विस्तृत शान्ति सम्झौता, नोभेम्बर २००६, अनौपचारिक अनुवाद
http://www.satp.org/satporgtp/countries/nepal/document/papers/peaceagreement.htm

[३] यो जनवरी २००७ मा संविधानको पहिलो संशोधन गरिएपछि थपिएको थियो ।

[४] धारा १३८, "राज्यको अग्रगामी पुनर्संरचना", अन्तरिम संविधान, २००७

[५] जातीयता, पहिचान र आदिवासिताबारेका धेरै बहसहरूमध्ये केही प्राज्ञिक उदाहरणका लागि हेर्नुहोस् Gellner, D.N., J. Pfaff-Czarnecka and J Whelpton (eds.)। २००८ Nationalism and Ethnicity in Nepal: The Politics of Culture in Contemporary Nepal. काठमाडौंः बज्र; हांगेन, एस. २०१० । The Rise of Ethnic Politics in Nepal: Democracy in the Margins. London: Routedge; Mishra C. and O Gurung (eds.) 2012. Ethnicity and Federalisation in Nepal. कीर्तिपुर, काठमाडौंः त्रि.वि ।

[६] यसअघिका प्रतिवेदनहरूका लागि हेर्नुहोस्: http://www.cartercenter.org/countries/nepal-peace.html

उचित सम्बोधन गर्ने भन्ने बारेमा कुनै पक्ष लिँदैन । त्यसो भन्दैगर्दा शान्तिप्रक्रियाको यस गम्भीर परिस्थितिमा  सीमित जनचेतना रहेको वर्तमान अवस्थामा कार्टर सेन्टर राजनीतिक दल, नागरिक समाज, संचारमाध्यम तथा स्थानीय सरकारले संघीयताका विभिन्न ढाँचाहरू, समावेशीताका अधिकारहरूबारे ज्ञान वृद्धि गर्न र स्थानीय तहमा समाजका सबै सदस्यहरूको सहभागिता बढाउँन थप कदम चाल्नका लागि सुझाव व्यक्त गर्दछ ।[७]

नेपालभरि पहिचानमा आधारित गतिविधिहरूको एक व्यापक विविधता विद्यमान छ । धेरै पहिचानमा आधारित पात्रहरू लामो समयदेखि सांस्कृतिक संरक्षणमा केन्द्रित देखिन्छन्(जस्तै आफ्नो पहिचान समूहको भाषा, कला, संगीत, पोशाक र परम्परागत चाडपर्वहरूको प्रबर्द्धन) भने अरु आफ्ना समुदायका लागि विकासका परियोजनाहरू कार्यान्वयन गर्नतर्फ केन्द्रित देखिन्छन् । हालैका समयमा बढ्दो संख्याका समूहहरूले राजनीतिक अभियान वा राजनीतिक र सांस्कृतिक तथा अन्य किसिमका गतिविधिहरू सँगसँगै संचालन गरेका छन् । यी फरक प्रकारका पहिचानमा आधारित संगठन वा पात्रहरूमध्ये धेरैले संघीयताको बिषयलाई स्पष्ट व्यक्त गरेका छन् । केही समूहहरूले आफ्नो जातीय समुदाय वा जातको लागि राज्यसँग विभिन्न प्रकारका पहिचान र अधिकारहरूको माग गरेका छन् । नेपाल नयाँ संविधान निर्माण गर्ने र शान्ति प्रक्रिया सम्पन्न गर्ने बाटोमा अवस्थित रहेकोले राष्ट्रिय र स्थानीय तहको राजनीतिक गतिविधिमा आएको यो परिवर्तनको सुक्ष्म विश्लेषण गर्नु आवश्यक छ ।

यस प्रतिवेदनमा पहिचानमा आधारित पात्रहरूलाई सामान्यतः जातीय, आदिवासी वा क्षेत्रीय पहिचानका आधारमा परिचालित हुने र तिनलाई प्राथमिकतामा राखेर काम गर्ने गैरसरकारी संगठन, संजाल र आन्दोलनको रूपमा अर्थ्याइएको छ । तीमध्ये केही समूहले ऐतिहासिक कालदेखि सांस्कृतिक वा भाषिक अधिकारहरूको प्रबर्द्धन गरेका छन्, तर हालैका वर्षहरूमा तिनको सक्रियता राजनीतिमा बढ्दै गएको छ । यो बृहत परिभाषाले जातीय र आदिवासी समुदायहरूलाई प्रतिनिधित्व गरेको  दावी गर्ने समूहहरूका साथसाथै ब्राह्मण समाज र क्षेत्री समाजलाई समेत समेटेको छ । यो प्रतिवेदनको उद्देश्यका लागि उल्लेखित परिभाषाले लिम्बु दलहरू (जस्तै संघीय लिम्बुवान राज्य परिषद- संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध) का साथै निश्चित जाती वा भौगोलिक समुदायका लक्ष्यहरूलाई अघि बढाउन विद्यमान अखण्ड सुदूरपश्चिम जस्ता आन्दोलनहरुलाई पनि समेटेको छ ।[८]

यीमध्ये केही समूहहरूले स्पष्ट रूपमा जात वा पहिचानमा आधारित संघीयताको समर्थन गरे पनि अन्यले नेपालका लागि भौगोलिक आधारमा संघीय पुनर्संरचनाको वकालत गर्दछन् ।[९] यो ख्याल राख्नु पर्दछ कि मधेशी राजनीतिक दलहरूलाई पनि पहिचानमा आधारित पात्रका रूपमा वर्णन गरिएको छ किनभने उनीहरू पहिचानमा आधारित एजेण्डाका कारण  जन्मेका थिए र निरन्तर त्यही व्यक्त गरिरहेका छन् । उनीहरू यस प्रतिवेदनमा छलफल गरिएका पहिचानमाआधारित अन्य पात्रहरूभन्दा धेरै ठूला भए पनि ( संविधानसभाका संख्यामा पनि ठूलो हिस्सासहित), उनीहरूको राजनीतिक सक्रियता वा निष्क्रियताले उस्तैखाले नमूना प्रदर्शन गरेको देखिएको छ । तथापि, मधेशी दलहरूबारेका विशिष्ट प्रवृत्तिहरूलाई सान्दर्भिकता अनुसार वा अन्य पहिचानमाआधारित पात्रहरूभन्दा उल्लेख्य फरक देखिएको खण्डमा महत्वसाथ उल्लेख गरिएको छ ।

प्रतिवेदनले प्रस्तावित संघीय क्षेत्रहरूलाई "राज्य" का रूपमा व्याख्या गरेको छ जसलाई वर्तमान नेपाली राज्यको रुपमा बुझिनु हुँदैन । जनजाति र आदिवासी पदावलीहरूलाई यो प्रतिवेदनमा समान अर्थमा प्रयोग गरिएको छ र तिनले फरक खाले ऐतिहासिक रूपले सीमान्तकृत समुदायका नागरिकहरूलाई (जसको मातृभाषा नेपालीभन्दा फरक छ) जनाउँदछन् । यो सरकारको आदिवासी जनजातीहरुबारेको परिभाषासम्मत छ र आदिवासी तथा जनजातिहरूको आकांक्षालाई प्रतिनिधित्व गर्ने संघीय लिम्बुवान राज्य

---

[७] घरेलु र अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूले स्थानीय तहमा संघीयताबारे ज्ञान बढाउनका लागि गरिएको  कार्यमा समन्वय गरेका थिए । उदाहरणका लागि, कृपया अन्तरक्रियाका वार्तालापहरू हेर्नुहोस र, लक्षित समूहहरूसंगको छलफलहरु र UNDP को Support to Participatory Constitution Building in Nepal (SPCBN) द्वारा प्रकाशित "संघीयताबारे वार्तालापहरू"  हेर्नुहोस्, http://www.ccd.org.np/ ।

[८] उल्लेखनीय रूपमा यो परिभाषाले ऐतिहासिक रूपमा सीमान्तकृत रहेका जनताहरूको हिस्सालाई प्रतिनिधित्व गरेको दावी गर्ने समूहका साथसाथै शक्ति र राज्यका पदहरूमा बढी प्रतिनिधित्व गरिरहेका समूहहरु समेत दुवैलाई समेट्दछ ।

[९] पहिचानमाआधारित संघीयता एक वृहत पदावली हो जसले सम्भाव्य संघीय राज्यहरूको जातीय वा बहुजातीय नामहरूका लागि समर्थनलाई  समेट्दछ । तथापि, जात तथा पहिचानमाआधारित संघीयताका अवधारणाहरू एकअर्काभन्दा पृथक छन् । जातिय पहिचानमाआधारित संघीयता (कहिलेकाहीं एकल पहिचानमा आधारित संघीयता पनि भनिने गरेको) का मागहरूले सामान्यतः निश्चित जात समूहलाई "आफ्नो राज्य" भित्र कुनै तहको स्वामित्व अधिकारप्रति संकेत गर्दछ भने पहिचानमाआधारित संघीयताले प्रायः राज्यको नामांकनमा सम्बन्धित समुदायको पहिचानको अभिलाषा प्रतिबिम्वित गर्दछ । यो प्रतिवेदनमा उजागर गरिएजस्तै संघीय नामांकनका लागि कुन पहिचान वा पहिचानहरूको अनुसरण गर्ने भन्ने कुरामा क्षेत्रक्षेत्रबीच र क्षेत्रभित्रै पनि विविधता छ । उदाहरणका लागि, पूर्वी क्षेत्रमा गरिएका भ्रमणहरूमा पर्यवेक्षकहरूले लिम्बुवान राज्यको अवधारणालाई समर्थन गर्ने धेरै लिम्बुवान समर्थकहरूसँग भेट गरे (जस्तै संघीय लिम्बुवान राज्य परिषद्का दुवै समूहहरू) । तथापि, अन्य लिम्बुवान समूहहरूका साथै किरात याक्थुङ चुम्लुङलगायतका संगठनहरूले पर्यवेक्षकहरूसमक्ष आफूहरू जातमा आधारित संघीयताभन्दा पहिचानमा आधारित संघीयताको पक्षमा रहेकोमा जोड दिए । आवश्यकताअनुसार यो प्रतिवेदनले संघीयताका लागि मागहरू र राजनीतिक क्रियाकलाप तथा साम्प्रदायिक सम्बन्धका अन्य क्षेत्रहरू विशेष रूपमा कून कून अवसरमा जात वा पहिचानको बृहत वर्गमा आधारित छन् भन्ने स्पष्ट पार्नेछ । अर्कोतर्फ, राजनीतिक बहसमा प्रयोग भएको भौगोलिकतामा आधारित संघीयता भन्ने पदावलीले प्रायजसो भावी राज्यहरूको नाममा कुनै पनि जातीय सन्दर्भ जोड्ने कुरालाई ठाडो अस्वीकार गर्ने प्रस्तावहरूलाई संकेत गर्न प्रयोग गरिन्छन् । ती प्रस्तावहरूले प्रायजसो नयाँ निर्माण हुने राज्यहरूमा तीनैवटा स्थलगत भूभाग (हिमाल, पहाड र तराई) का खण्डलाई समावेश गर्न पनि ध्यानाकृष्ट गर्दछन् ।

परिषद, थरुहट आन्दोलन, अथवा नेपाल आदिवासी जनजाति महासंघजस्ता समुह र संगठनका लागि पनि यिनै पदावलीको प्रयोग गरिएको छ । यो उल्लेख गर्नु महत्वपूर्ण छ कि ब्राह्मण समाज र क्षेत्री समाजलगायतको एक गठबन्धन, राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयुक्त संघर्ष समितिको मे १७, २०१२ को विरोधपछि सरकारले ब्राह्मण र क्षेत्रीहरूलाई औपचारिक रूपमा नेपालका आदिवासीको मान्यता दिने प्रतिबद्धता जनायो ।[१०]

## ग. कार्यपद्धति

यस प्रतिवेदनमा समावेश गरिएका तथ्यहरू मूलतः कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूले सेप्टेम्बर २०११ देखि डिसेम्बर २०१२ सम्म संकलन गरेका गुणात्मक विवरणहरूमा आधारित छन् । तिनलाई **खण्ड घ–छ** मा उजागर गरिएको छ । प्रतिवेदन ५९ जिल्लाहरूबाट संकलन गरिएका जानकारीहरूमा आधारित छ र यसलाई उक्त अवधिको पहिचानको राजनीतिको चित्रणका रूपमा हेरिनु पर्दछ । यसअलावा, प्रतिवेदनले २००९ देखि संकलित अन्य सामान्य पर्यवेक्षण तथ्यहरूलाई समेत उपयोग गरेको छ ।[११]

आफ्ना भ्रमणहरूका दौरानमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले पहिचानको राजनीतिको सन्दर्भ बुझ्न खासगरी स्थानीय आयामबारे थाहा पाउन र साम्प्रदायिक सम्बन्ध वा तनाव (यदि भएमा) को स्थिति तथा संघीयताबारे स्थानीय धारणा बुझ्नका लागि हरेक जिल्लाका सदरमुकाम तथा विभिन्न गाउँ विकास समितिहरूमा पुगे । पर्यवेक्षकहरूले राजनीतिक दलका प्रतिनिधि, सरकारी अधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, बहुसंख्यक पहिचानमा आधारित संगठनका प्रतिनिधिहरू, पत्रकार, प्रहरी तथा नागरिकहरू गरी सयौंसँग अन्तर्वार्ता गरे । हरेक जिल्ला भ्रमणमा सोधिएका प्रश्नहरू एक मानक प्रश्नावलीमा आधारित थिए । प्रश्नहरू जिल्लामा सक्रिय पहिचानमा आधारित संगठनहरु, तनाव र सहकार्य रहेका स्थानीय क्षेत्रहरु, संघीयताबारेका धारणाहरू र ती मुद्दाहरू स्थानीय राजनीतिक वृत्तमा कसरी अटाएका छन् भन्ने पहिचान गर्न लक्षित थिए । हरेक जिल्ला भ्रमणका क्रममा पर्यवेक्षकहरूले कम्तीमा १० नागरिकहरूलाई बिनाक्रमबद्द (Randomly) छनौट गरेर उनीहरूको धारणाबारे अन्तर्वार्ता गरेका थिए । प्रश्नहरू खुला स्वरूपमा सोधिएका थिए र दिइएका जवाफहरू स्वीकार गरिएका थिए । पर्यवेक्षकहरूलाई वार्तालापमा बिशेष पदावलीहरूको प्रयोग नगर्न पनि तालिम दिइएको थियो । केही मामिलामा सेन्टरले कुरा गरेका व्यक्तिविशेषको सुरक्षा तथा गोप्यता कायम राख्नका लागि उनीहरूको पहिचान गोप्य राखिएको छ ।

## आ. नेपालमा पहिचानको राजनीति

### क. सन्दर्भ

नेपालमा पहिचानको प्रश्न ऐतिहासिक रूपमा राज्य निर्माण प्रक्रियासँग जोडिएको छ । देशको कुनै निश्चित क्षेत्रमा कुनै पनि समूहको उच्च बाहुल्यता नभएका नेपालजस्ता जातीय विविधता भएको देशमा यी बिषय जटिल हुन्छन् । सन् २०११ को जनगणनामा १२३ भन्दा बढी भाषा तथा १२५ जातीय र जात समूहहरू अभिलिखित गरिएको थियो । सन् १९५० अघि नेपालमा एकतन्त्रीय शासन गरेका राणा अल्पतन्त्र शासकहरूले सन् १८५४ को मुलुकी ऐन (एक कानूनसंग्रह जसले देशका विभिन्न जातीय तथा जात समूहहरूका लागि निश्चित हक तथा जिम्मेवारीहरू उल्लेख गर्दै एक कठोर र रीतिरिवाजसम्मत पदक्रममा विभक्त गऱ्यो) मा लिपिबद्ध गरेर कडा र उच्च विभेदपूर्ण जात वर्गीकरण अघि ल्याए । यद्यपि नेपालको पूर्वी क्षेत्रमा भएका लिम्बु आन्दोलनजस्ता

---

[१०] नेपालको राजनीतिक बहसहरूमा भाषाले धारणाहरूलाई आकार दिन्छ भन्ने मान्यताको अभाव छ जुन प्रायसः यथार्थ बहसको लागि हानिकारक छ । संयुक्त राष्ट्रसंघको हालैको एक प्रतिवेदनमा उल्लेख भएजस्तै, यो आदिवासी र जनजाति पदावलीमाथिका बहसहरूमा स्पष्ट देखिएको छः "समानार्थी रूपमा प्रयोग गरिए पनि आदिवासी र जनजाति शब्दबारे फरक बुझाइहरू विद्यमान छन् जो नेपाल आदिवासी जनजाति महासंघ र क्षेत्री समाज नेपाल जस्ता समूहहरुकाबीच विवाद र तनावको स्रोत बन्न पुगेको छ। शाब्दिक अर्थमा, आदिवासी भनेको "पहिलो बसोबास गर्ने" बुझिन्छ तर यसलाई अंग्रेजीमा सामान्यतः "आदिवासी" को रूपमा अनुवाद गरिन्छ, जबकि जनजातिलाई "आदिवासी जनजाति" भनी अनुवाद गरिन्छ र नेपाल सरकारले राष्ट्रिय आदिवासी जनजाति विकास प्रतिष्ठान ऐन २०१२ मा "आफ्नै मातृभाषा र परम्परागत संस्कार तथा मान्यता भएको, फरक सांस्कृतिक पहिचान र सामाजिक संरचना भएको तथा लिखित वा अलिखित इतिहास भएको आदिम  जाति वा समुदाय" भनेर परिभाषित गरिएको छ । जनजाति र आदिवासी अर्थमा फरक भए पनि केही जनजाति पात्रहरू नै यो फरकलाई सजिलै व्याख्या गर्न सधैं सहज हुँदैन भन्ने स्वीकार्छन् । संयुक्त राष्ट्रसंघ आवासीय तथा मानवीय संयोजकको कार्यालय (UNRCHCO), "Perspectives on Chhetri identity and how these relate to federalism," अंक ४६, फिल्ड बुलेटिन, सेप्टेम्बर २०१२

[११] कार्टर सेन्टरका पर्यवेक्षकहरूले पहिचान राजनीतिबारे जानकारीहरू सेप्टेम्बर २०११ र जुन २०१२ को बीचमा काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलान्चोक, चितवन, धनुषा, मकवानपुर, महोत्तरी, सिन्धुपाल्चोक, रौतहट, पर्सा, धादिङ, दोलखा, नुवाकोट, बारा, ओखलढुंगा, संखुवासभा, ताप्लेजुङ, उदयपुर, इलाम, झापा, सिराहा, सोलुखुम्बु, सुनसरी, तेह्रथुम, मोरङ, धनकुटा, नवलपरासी, कास्की, लमजुङ, अर्घाखाँची, कपिलवस्तु, बाग्लुङ, रूपन्देही, मनाङ, पाल्पा, दाङ, बाँके, सुर्खेत, रुकुम, दैलेख, बर्दिया, रोल्पा, जुम्ला, कैलाली, कन्चनपुर, बैतडी, दार्चुला, डोटी, जाजरकोट, अछाम र डडेल्धुराका भ्रमणहरूबाट संकलन गरे । तथा  २०१२ को अप्रिलदेखि जुनसम्मको तथा हालैका पहिचानमा आधारित परिचालनहरू उत्कर्षमा रहेको  समयमा कार्टर सेन्टरले २३ जिल्लाहरूबाट पहिचानको राजनीतिबारे ती जिल्लाको भ्रमण गरेर वा टेलिफोन सम्पर्कबाट जानकारी संकलन गऱ्यो ।

जातीयतामा आधारित प्रतिरोधहरू अठारौं शताब्दीको अन्त्यतिर नै देखिएको अभिलेख छ ।[१२] जातमा आधारित गतिविधिको आधुनिक नमूना  सन् १९५१ र १९६० बीचको छोटो प्रजातान्त्रिक अवधिमा देखिए जसले लामो समयदेखिका कैयौं असन्तुष्टिहरूबारे सार्वजनिक क्षेत्रमा आवाज उठाउने अवसर खुला गऱ्यो । त्यस अवधिमा पहिचानमा आधारित केही संगठनहरू (विशेषगरी तीनिहरु जो भाषा र संस्कृति प्रबर्द्धनमा केन्द्रित भए) निर्माण भए जसले नेपालमा आफ्नो लामो इतिहासलाई दर्शाउने काम गरे । यसमा तामाङ भाषा संस्कृति विकास समिति, तमु धीं परिवार (गुरुङ संगठन), राई लिम्बु समाज सुधार र तीभन्दा थोरै अघिको थारु कल्याणकारिणी सभासहित छन् । सन् १९५० को दशकले नेपाल तराई कांग्रेसको गठनमार्फत पहिलो क्षेत्रीय परिचालन पनि देख्यो जसले स्वायत्त तराई राज्य, हिन्दीलाई प्रशासनिक भाषाको रूपमा मान्यता तथा तराईका जनतालाई अझ बढी सरकारी रोजगारी दिनुपर्ने माग गऱ्यो ।

सन् १९६० देखि १९९० सम्म "निर्देशित प्रजातन्त्र" को नव-परम्परावादी ढाँचाको पकडमा नेपाल निरंकुश राजतन्त्रद्वारा शासित भयो जसलाई पञ्चायत प्रणाली भनिन्छ । पञ्चायत प्रणालीले निर्वाचित संसदलाई खारेज गऱ्यो, राजनीतिक दलहरूलाई निषेध गऱ्यो, गैरसरकारी संगठन तथा तिनका गतिविधिहरूमाथि बन्देज लगायो, विरोधको क्रियाकलापलाई गैरकानुनी ठहर  गऱ्यो र "एक भाषा एक भेष, एक देश" भन्ने नारामा आधारित रही अखण्ड नेपाली राष्ट्रियताको प्रबर्द्धन गऱ्यो । यो कालमा हिन्दु धर्म राज्यको औपचारिक धर्म थियो र नेपालीलाई राष्ट्रभाषाको रूपमा प्रबर्द्धन गरिएको थियो ।[१३] नेपालीबाहेकका भाषाहरूलाई परम्परागत वा "पिछडिएका" ठानिन्थ्यो र ती भित्री (असार्वजनिक) वृत्तमा नै सीमित रहन्थे । राज्य र सार्वजनिक मामिलाहरूमा परम्परादेखि विशेष अधिकार पाएका जात समूहहरू र केही हदसम्म नेवारहरूको प्रभावले निरन्तरता पायो । सन् १९९० मा भएको बृहत राजनीतिक आन्दोलनपछि पञ्चायत काल समाप्त भयो । नयाँ संविधान घोषणा भयो, संसदीय प्रजातन्त्र स्थापना भयो र परिणामतः जातीय असन्तुष्टि तथा मागहरू व्यक्त गर्ने वातावरण निर्माण भयो । त्यसपछि नेपाली समाजमा देखिएका विभिन्न परिवर्तनहरूमध्ये पहिचानमा आधारित परिचालन पनि एक हो । सन् १९९० को संविधानले औपचारिक रूपमा जातीय, धार्मिक, भाषिक विविधतालाई स्वीकार गऱ्यो तथापि नेपाल  हिन्दु राजतन्त्र नै रह्यो र नेपाली एक्लो कामकाजको  भाषा ।[१४] प्राज्ञ माइकल हटले उल्लेख गरेजस्तै, "नयाँ संविधान (१९९० को) ले प्रजातान्त्रिक आन्दोलनका मागहरू पूरा गऱ्यो... तर साम्प्रदायिक समूहहरूलाई सामान्य र गैर-मौलिक छुटहरूमात्र दिइयो ।"[१५] संविधान लेखनको अवधिमा सर्वसाधारणका सुझावहरू माग गरिएका थिए । संविधान निर्माण आयोगका अध्यक्ष तत्कालिन न्यायाधीश विश्वनाथ उपाध्यायले " अधिकांश सुझावहरू ... भाषिक, जातीय तथा क्षेत्रीय मामिलाहरूबारे सम्बन्धित भएको तथ्यप्रति निरासा प्रकट गरेको... उल्लेख गरियो किनकि उनको भनाइमा ती "सतही" मुद्दा थिए ।" यसले १९९० देखि नै पहिचानसम्बन्धी मुद्दाहरूमा नेपाली सर्वसाधारणको उल्लेख्य दिलचस्पी थियो तर राष्ट्रिय नेताहरूले तिनलाई बुझ्न र नयाँ संविधानमा समावेश गर्न संकोच मानेको  संकेत गर्दछ ।[१६] पहिचानमा आधारित धेरै संगठनहरू सन् १९९० पछि स्थापना भएका थिए ।[१७] तीमध्ये सबैभन्दा प्रमुख समूह पछि गएर विभिन्न जातीय समूहहरूको छाता संगठन नेपाल आदिवासी जनजाति महासंघ भनेर चिनियो जुन "सरकार र दाताहरूको लागि प्रमुख वार्ताकार" पनि बन्यो ।[१८] तथापि, कानूनी अवरोधहरूको निरन्तरताका कारण जातीय तथा क्षेत्रीय दलहरू निर्वाचन आयोगमा दर्ता हुनबाट वञ्चित रहे, यद्यपि उनीहरूका सदस्य स्वतन्त्र उम्मेदवारका रूपमा निर्वाचन लड्न पाउँथे ।[१९]

---

[१२] यसबारेमा थम  बुझ्न, सन् १७९० तिरको लिम्बु प्रतिरोध आन्दोलनका उदाहरण सहित, हेर्नुहोस् Susan Hangen , Creating a New Nepal: Ethnic Dimension; Policy Studies 34, East-West Center, वासिङटन, http://www.eastwestcenter.org/fileadmin/stored/pdfs/ps034.pdf मा उपलब्ध ।

[१३] राष्ट्रियताबारे पञ्चायतकालीन धारणाहरू कसरी निर्माण र प्रबर्द्धन गरिन्थे भन्नेबारे एउटा व्याख्यात्मक उदाहरणका लागि हेर्नुहोस् प्रत्यूष वन्त । १९९६ । Ambivalence Denied: The Making of Rastriya Itihas in Panchayat Era Textbooks. Contributions to Nepalese Studies 23:1, पृ. २१३-५४

[१४] दफा ४(१), नेपालको संविधान १९९०; नेपाल एक बहुजातीय, बहुभाषिक, प्रजातान्त्रिक, स्वतन्त्र, अखण्ड, सार्वभौमसम्पन्न, हिन्दु र संवैधानिक राजतन्त्रात्मक राज्य हो ।

[१५] Michael Hutt, माइकल हट, Drafting the Nepal Constitution 1990, पृ. १०३८, http://www.constitutionnet.org/files/Huttpercent20Drafting_Nepal_Constitution1990.pdf मा उपलब्ध

[१६] ऐ., पृ. १०२८

[१७] हेर्नुहोस् Susan Hangen, २०१०, The Rise of Ethnic Politics in Nepal: Democracy in the Margins. लण्डनः रटलज, पृ. ४४

[१८] इन्टरनेशनल क्राइसिस ग्रुप, २०११ । नेपालः पहिचानको राजनीति र संघीयता, एशिया रिपोर्ट नं. १९९, जनवरी २०११, पृ. ५ । नेपाल आदिवासी जनजाति महासंघको एक महत्वपूर्ण उपलब्धी नेपालको राजनीतिक बहसमा आदिवासी जनजाति वा आदिवासी नागरिकहरूको वर्गीकरणलाई स्थापित गर्नु थियो । हेर्नुहोस् हांगेन, एस., २०१०, ऐ., पृ. ३८-३९

[१९] "सन् १९९० को संविधानको धारा ११२(३) ले निर्वाचन आयोगलाई 'धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्रको आधारमा' स्पष्ट देखिने गरी स्थापित कुनै पनि राजनीतिक दललाई मान्यता दिन र दर्ता गर्न प्रतिबन्ध लगायो ।", हांगेन, एस । २०१० । ऐ., पृ. ४४-४५ । तथापि, एक बाहिरी रूपमा खुला र समावेशी प्रतीकलाई पछ्याउँदै नेपाल सद्भावना पार्टी र राष्ट्रिय जनमुक्ति पार्टीजस्ता पहिचानमा आधारित केही दलहरू कानूनी अड्चनहरूबाट उम्कन सफल भए र सन् १९९० को दशकमा निर्वाचन आयोगमा दर्ता भए । उल्लेख्य रूपमा, सन् २००६/०७ को अन्तरिम संविधानले 'धर्म, सम्प्रदाय, जात, जाति वा क्षेत्र' को आधारमा स्थापित दलहरूमाथिको प्रतिबन्ध हटायो, यद्यपि सन् २००८ को संविधानसभाको निर्वाचनसम्म यो कार्यान्वयन भएको थिएन । ऐ., पृ. ४५

सन् १९९० पछि सरकारले जातीयता, पहिचान तथा भाषासँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्ने केही प्रयास गऱ्यो जसअन्तर्गत विभिन्न आयोगहरू स्थापना भए र जनजाति विकासको लागि नीति निर्माण गर्न बेग्लै बजेट कार्यक्रमको थालनी गरियो । नेपाल आदिवासी जनजाति विकास महासंघ (NEFDIN) ऐन २००२ पारित हुनु नेपालको जातीय आन्दोलनको लागि महत्वपूर्ण घटनाको रूपमा अंकित भयो । यसले आदिवासी जनजाति वर्गभित्र पर्नका लागि योग्यताको मापदण्ड स्थापित गऱ्यो जसले आदिवासी जनजातिलाई वैधानिक वर्गीकरणमा पहिचान दियो र ५९ वटा जनजाति समूहहरूलाई आधिकारिक मान्यता दिइयो ।[२०]त्यसपछि, दशौं विकास योजना (सन् २००२-२००७) मा सामाजिक समावेशितालाई गरिबी निवारण परियोजनाको एक खम्बाका रूपमा थालनी गरियो । त्यसैगरी, सन् २००८-२०११ को अन्तरिम योजनामा आदिवासी जनजातिहरूका लागि विशेष कार्यक्रमहरूको शुरुवात गरियो । तथापि, सुस्पष्ट जनजाति चासोहरूलाई सम्बोधन गर्ने सम्बन्धमा सन् २००६ भन्दा अघिका धेरैजसो सरकारी नीतिहरू नियमित सरकारी परियोजनामा नै निर्भर रहे र बृहत राज्य नीतिहरूको मूलधारमा ल्याइएनन् । समाज, प्रशासन तथा राज्यका मुख्य स्थानहरूमा ऐतिहासिक रूपमा बढी प्रतिनिधित्व गरेका जात समूहहरूको प्रभावले नै आम रूपमा निरन्तरता पाएको बुझिन्छ ।[२१]

सन् १९९६ देखि शुरु भएको माओवादी विद्रोह पनि पहिचानका मुद्दाहरूसँग गहिरिएर जोडियो । माओवादीका कार्यक्रम तथा नीतिहरूमा जातीय उद्देश्यहरू पनि समावेश थिए ।[२२] फेब्रुअरी ४, १९९६ मा बाबुराम भट्टराई नेतृत्वको संयुक्त जनमोर्चाले नेपालका तात्कालिन प्रधानमन्त्रीसमक्ष एक ४० बुँदे माग पेश गऱ्यो; चारवटा बुँदाहरू धर्म, जातीयता, जात र भाषाका प्रश्नहरूसँग सम्बन्धित थिए ।[२३] सन् १९९८ मा माओवादी दलले देव गुरुङको नेतृत्वमा केन्द्रीय तहको जातीय विभाग स्थापना गऱ्यो । पछि उक्त दलले सात "उत्पीडीत" जातीय वा क्षेत्रीय पहिचानका आधारमा र दुई राज्यद्वारा क्षेत्रीय दुर्गमताका कारण उपेक्षा गरिएको आधारमा नौ स्वायत्त प्रदेशको अवधारणालाई प्रबर्द्धन गऱ्यो ।[२४] सन् २००१ को शाही नरसंहार पश्चात द्वन्द्वको बढोत्तरी र त्यसपछि राजा ज्ञानेन्द्रद्वारा भएको सत्ता कब्जाले माओवादी तथा सात दलको गठबन्धनबीच मित्रताको मार्गप्रशस्त गऱ्यो र त्यसले गर्दा ठूला ठूला प्रदर्शनहरू भए जसलाई जनआन्दोलन दुई भनेर पहिचान गरियो र यसले राजा ज्ञानेन्द्रको शासनको अन्त्य ग-यो ।[२५]

यसैको आधारमा माओवादी र सात दलीय गठबन्धनका बीच १० वर्षे जनयुद्धलाई औपचारिक रूपमा अन्त्य गर्नका लागि एक विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो । सन् २००६ मा भएको विस्तृत शान्ति सम्झौताले "संविधानसभाका परिणाममार्फत राज्यको लोकतान्त्रिक पुनर्संरचना र सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणका लागि आह्वान" गऱ्यो तर संघीयता भने उल्लेख गरेन ।[२६] शान्ति प्रक्रियाबाट गरिएका अपेक्षाहरू फरक फरक थिए । राजनीतिक दलहरूले यसलाई मुख्यतः द्वन्द्व अन्त्य गर्न र माओवादीहरूलाई मूलधारमा समेट्नका लागि आफूहरूबीचको एक प्रक्रियाको रूपमा हेरे । त्यसैबीच, मधेशीलगायतका सीमान्तकृत समूहहरूले "नयाँ नेपाल" लाई सहभागिता र सामाजिक समावेशीता सम्बन्धि वाचाहरूलाई राज्य र नागरिकहरूबीचको नयाँ सामाजिक सम्झौताको रूपमा केन्द्रित गरिने भन्ने अर्थमा बुझे ।

सन् २००७ मा संसदले अन्तरिम संविधान पारित गऱ्यो जसमा संघीयता उल्लेख थिएन र राज्य पुनर्संरचनाबारेको प्रतिबद्धतालाई मात्र दोहोऱ्याइएको थियो । परिणामस्वरूप मधेशी अभियानकर्ताहरु सडकमा ओर्लिए र अन्तरिम संविधानको मस्यौदालाई काठमाडौंमै जलाए जसले मधेश आन्दोलनको शुरुवात ग-यो । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको टेलिभिजन वक्तव्यमार्फत आएको संघीयताप्रतिको प्रतिबद्धताका वाबजूद विरोध जारी रह्यो र अप्रिल २००७ मा संसदले "राज्यलाई लोकतान्त्रिक, संघीय प्रणालीमा पुनर्संरचना गरिने" उल्लेख गरी अन्तरिम संविधानको पहिलो संशोधन पारित गरेपछि मात्र रोकियो ।[२७] त्यसैबीच, सन् २००६ पछि पूर्वी पहाडमा संघीय लिम्बुवान राज्य परिषद् र पश्चिम तराईमा थरुहट स्वायत्त राज्य परिषद्जस्ता समूहहरूको सक्रियता बढ्दो

---

[२०] इन्टरनेशनल क्राइसिस ग्रुप, २०११, ऐ. पृ. ५

[२१] हेर्नुहोस्, महेन्द्र, लावती, २००५ । Towards a Democratic Nepal: Inclusive Political Institutions for a Multicultural Society. लस एन्जलस, सेज

[२२] माओवादीहरू तथा जातीय समूहहरूबीचको पेचिलो सम्बन्धबारे थप जानकारीका लागि हेर्नुहोस्, मुक्ता एस. तामाङ, २००६ । Culture, Caste and Ethnicity in the Maoist Movement. Studies in Nepali History and Society. ११(२): २७१-३०१ ।

[२३] बुँदा नं. १८, नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिनुपर्छ । बुँदा नं. २०, जात/जातीयताका आधारमा हुने हरेक प्रकारका शोषण र दमनको अन्त्य हुनुपर्छ । जातीय समुदायको बाहुल्यता भएका स्थानहरूमा जातीय स्वायत्तता प्रत्याभूत गरिनुपर्छ । बुँदा नं. २१, दलित र अछूतविरुद्धको भेदभाव पूर्णतः अन्त्य हुनुपर्छ । बुँदा नं. २२, सबै भाषाहरू बराबर हुनुपर्दछ । उच्च माध्यमिक तहसम्म मातृभाषामा शिक्षा दिने व्यवस्था गरिनुपर्छ (संयुक्त जनमोर्चाले पेश गरेका ४० बुँदे मागको अपरिष्कृत अनुवाद)

[२४] कियोको अगुरा, "Maoist People's Government in 2001-2005, the Power in Wartime" in *Local Democracy in South Asia: Micro processes of Democratization in Nepal and its neighbours.* (दिल्ली, २००८), पृ. १७५-२३१

[२५] द्वन्द्वका अन्तिम महिनाहरूबारे थप जानकारीका लागि हेर्नुहोस्, 'Nepal in Transition: From People's War to Fragile Peace,' (क्याम्ब्रिजः क्याम्ब्रिज विश्वविद्यालय प्रेस, २०१२)

[२६] इन्टरनेशनल क्राइसिस ग्रुप, २०११, ऐ., पृ. ७

[२७] इन्टरनेशनल क्राइसिस ग्रुप, Nepal: Identity Politics and Federalism, एशिया रिपोर्ट नं. १९९, जनवरी २०११, पृ. ८

थियो जसले  राज्यका समृद्ध वर्गले प्राकृतिक स्रोतसाधनको दोहन गरेको आरोप लगाउँदै आइएलओ १६९ को कार्यान्वयनको प्रबर्द्धन गरिरहेका थिए ।[२८]

दलहरूबीच नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्ने सहमति भएपछि समानुपातिक प्रतिनिधित्व र निर्वाचन क्षेत्रहरूका लागि पहिलो हुनेले जित्ने  गरी मिश्रित निर्वाचन प्रणालीको प्रयोगमार्फत अप्रिल २००८ मा संविधानसभाको निर्वाचन भएको थियो । निर्वाचन प्रणालीमाथिको बहस पहिचानको राजनीतिसँग जोडिएको थियो र धेरै पहिचान समूहहरूले मिश्रित प्रणालीभन्दा पूर्णतः समानुपातिक कोटा प्रणालीको मागमा प्रदर्शन  गरिरहेका थिए, तर अन्ततः मिश्रित प्रणालीलाई नै लागु गरियो ।[२९] यसको अतिरिक्त, मधेशी दलहरूको गठबन्धन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले फेब्रुअरी २००८ मा संविधानसभाको निर्वाचन प्रणालीमा अझ बढी प्रतिनिधित्व र एकल मधेश संघीय राज्यको माग गर्दै १६ दिने तराई बन्द गऱ्यो । बन्दपछि सरकारसँग ८ बुँदे सहमति भयो । मधेशी राजनीतिक दलहरूलाई निर्वाचनमा सहभागी गराउनका निम्ति निर्वाचन आयोगमा दर्ता हुने म्याद पनि थपियो । सन् २००८ मा निर्वाचन आयोगलाई उम्मेदवारहरूको सूचि बुझाउने समयमा राजनीतिक दलहरूले ती सूचिहरूमा महिला (सम्पूर्ण उम्मेदवारको ५० प्रतिशत), दलित (१३ प्रतिशत), आदिवासी जातीय समूह (आदिवासी-जनजाति, ३७.८ प्रतिशत), "पिछडिएको क्षेत्र" (४ प्रतिशत) र मधेशी (३१.२ प्रतिशत)  कोटा पुऱ्याउनु पर्ने थियो । "नेपालको जो कोही पनि" भन्ने अर्थ दिने "अन्य" भनेर एउटा बेग्लै कोटा पनि निर्माण गरिएको थियो जसले ऐतिहासिक रूपमा लाभ लिइरहेका समूहहरूको लागि स्थान बनायो र संघीयताका पछिल्ला बहसहरूमा त्यो पुनः सतहमा आयो ।[३०]

संविधानसभा नेपालको इतिहासकै सबैभन्दा बढी समावेशी निर्वाचित निकाय बन्यो । राष्ट्रिय दलहरूलाई  समानुपातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत आफ्ना संसदीय समूहहरूका सदस्यहरूको कोटा परिपूर्ति गर्नुपर्ने बाध्यता मात्र नभै  मधेशी दलहरूले पनि क्षेत्रीय दलको रूपमा ८३ सिट हासिल गरे (४३ प्रत्यक्ष र ४० समानुपातिक प्रतिनिधित्व) र संविधानसभामा चौथो ठूलो राजनीतिक शक्ति बने र त्यस बखतदेखि नै उनिहरु सरकारको गठबन्धनको अंश बनेका छन् । संविधानसभाले राष्ट्रिय जनमुक्ति पार्टी, दलित जनजाति पार्टी, नेपाःराष्ट्रिय पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मोर्चाजस्ता धेरै हदसम्म जात र पहिचानमा आधारित साना दलहरूका प्रतिनिधिहरूलाई पनि समावेश गऱ्यो ।

संविधानसभाको कार्यतालिकामै रहे तापनि नेपालका लागि संघीयता र यसका ढाँचाहरू र राज्यका संख्याबारेको धारणामा व्यापक विविधता रह्यो । नेपाली कांग्रेस र एमालेले कुनै पनि प्रकारको "एकल पहिचानको संघीयता" को विरोध गरे र तराईमा दुई भन्दा बढि राज्यको  लागि जोड दिए ।[३१] आर्थिक सहजताका कारण देखाउँदै दुवै दल नेपालमा बढीमा सात राज्यको पक्षमा थिए । एनेकपा (माओवादी) ले राज्यका नाम प्रभूत्वशाली आदिवासी समूहबाट राख्ने औपचारिक अनुमोदन गऱ्यो जबकि उनीहरू ती समूहहरूलाई राष्ट्रियताको लेनिनवादी अवधारणाबाट हेर्छन् । संख्याको मामिलामा माओवादीहरूले १० या १४ राज्यको प्रस्ताव गरे । बदलामा मधेशी राजनीतिक दलहरूले राज्यको नाम प्रभूत्वशाली जातीय समूहबाट राख्नुपर्ने पक्षमा रहे पनि उनीहरूमा "एक मधेश, एक प्रदेश"[३२] को आफ्नो मुख्य मागलाई सुरक्षित पार्नमा बढी दिलचस्पी थियो । मधेशी दलहरूले राज्यको उत्तर-दक्षिण सीमांकनको पनि सशक्त विरोध गरे ।

---

[२८] अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि १६९ (आइएलओ १६९) लागू गर्नका लागि विशेष उपायहरू अपनाउन र आदिवासी जनताहरूको लागि उनीहरूलाई प्रत्यक्ष प्रभावित पार्न सक्ने जमीनको उपभोग, प्राकृतिक श्रोतसाधन, स्थानीय विकासमा संलग्नता तथा वैधानिक एवं प्रशासकीय मापदण्डका परामर्शहरूमा बढी अधिकार प्रत्याभूत गर्न आग्रह गर्दछ । कार्टर सेन्टरको २००९ को अगस्ट र नोभेम्बरका प्रतिवेदनहरूमा उल्लेख गरिएजस्तै, नेपाल सरकारले सेप्टेम्बर २००७ मा आइएलओ १६९ को अनुमोदन गरेको थियो ।

[२९] Catinca Slavu  लेख्छन् कि मिश्रित निर्वाचन प्रणालीको यथार्थ छनौटमा "नेपाली कांग्रेस र अन्य मूलधारका दलहरूबीच भएको हतारको सम्झौता प्रतिबिम्बित भयो, नेपाली कांग्रेस मतदानमा पहिलो हुनेले जित्ने प्रणाली कायम राख्न चाहन्थ्यो भने नेकपा-माओवादी पूरै सभाका लागि समानुपातिक प्रणाली चाहिरहेका थियो" Catinca Slavu, "The 2008 Constituent Assembly Election: Social Inclusion for Peace" in *Nepal in Transition: From People's War to Fragile Peace* (न्यूयोर्क, २०१२), पृ. २४१

[३०] हेर्नुहोस्, द कार्टर सेन्टर, "नेपालको  २००८ को संविधानसभाको पर्यवेक्षण", मे २००९, पृ. ६४, http://www.cartercenter.org/countries/nepal-peace.html

[३१] दुवै दलले राज्यहरूको नाम प्रभुत्वशाली आदिवासी समूह (जस्तैः लिम्बुवान, नेवा) बाट राख्ने कुराको विरोध गरे, तथापि उनीहरू बहुजातीय पहिचान र भौगोलिक नामहरूको मिश्रण (जस्तै लिम्बुवान-किराँत-मेची, नेवा-बागमती) का लागि खुला थिए । दुवै दलभित्र संघीयताका दर्शनहरूमा आन्तरिक असहमतिहरूमध्ये केहीको लागि खण्ड ई का तथ्यहरू पनि हेर्नुहोस् । अपितु, जनवरी २०, २०१३ मा नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिले भावी संघीय संरचनामा विभिन्न जातीय समूहहरूको पहिचान समावेश गर्नका लागि धर्म, जात, भाषा, संस्कृति, भूगोल, आर्थिक आधार, राज्यशक्ति, सम्बन्धित राज्यका प्राकृतिक स्रोतसाधनमा सीमान्तकृत समूहहरूको दावी तथा अन्यसहित गरी १७ वटा आधारहरू स्थापित गरे । केन्द्रीय कार्यसमितिले दिवंगत सदस्य भीम बहादुर तामाङद्वारा पेश गरिएको एक प्रतिवेदनमाथि छलफल गऱ्यो र राज्यहरूको संघीयतामा बहु-जातीय पहिचान स्वीकार गर्ने निर्णय गर्यो (जस्तै नाममा तथा संस्कृति, धर्म, भाषा, प्राकृतिक साधनस्रोत आदिको दावीहरूका लागि जातीय समूहहरूको सशक्तीकरण गर्ने) । यो विकासले नेपाली कांग्रेसको संघीयतामा पहिचानका मुद्दातिर स्थानान्तरणलाई संकेत गर्दछ ।

[३२] मधेशी दलहरूले नेपालको नयाँ प्रस्तावित संघीय ढाँचामा तराईमा अधिकतम दुई राज्यको समर्थन गरेको बताइन्छ ।

जनवरी २०१० को अन्त्यतिर संविधानसभाको राज्य पुनर्संरचना र राज्यशक्तिको वितरण समितिले ४१ सदस्यीय समितिको सामान्य बहुमतद्वारा १४ राज्यमा सहमति गऱ्यो । समितिले "पहिचान र क्षमता" मा आधारित रहेर गठन गर्ने प्रस्तावका साथ १४ राज्य र २३ स्वायत्त क्षेत्रहरूको प्रस्ताव गऱ्यो ।[33] दुई वर्षपछि, सरकारले संघीयताका ढाँचाहरूबारे सुझाव दिन गठन गरेको अत्यन्त विवादित तथा धेरै बिलम्वित राज्य पुनर्संरचना आयोग ( यसलाई विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानद्वारा कार्यादेश दिइएको थियो) ले जनवरी २०१२ को अन्त्यतिर दुई (बहुमत र अल्पमत) प्रतिवेदनहरु पेश गऱ्यो । बहुमत प्रतिवेदनले प्रभूत्वशाली जातीय समूहहरूलाई केही सीमित राजनीतिक अग्राधिकार तथा एउटा "गैरभौगोलिक" (non-territorial) दलित राज्यसहित देशलाई १० राज्यमा विभाजन गर्ने सुझाव दियो ।[34] असन्तुष्ट सदस्यहरूले तयार पारेको अल्पमतको प्रतिवेदनले तराईमा दुई तथा पहाड र हिमालमा चार गरी देशलाई छ भागमा बाँडिनुपर्ने र सबै आर्थिक सम्भाव्यताको आधारमा हुनुपर्ने सुझाव दियो ।[35]

**ख. अप्रिल/मे २०१२**

सन् २००६ देखिको संक्रमणकालभरि पहिचानमा आधारित संगठनहरूका साथै अन्य सरोकारवाला समूहहरू राजनीतिक प्रक्रियाका बारेमा चिन्तित नै रहे । संविधानसभा सदस्यताको सापेक्षिक समावेशिताको वाबजूद संविधान निर्माण प्रक्रियाका महत्वपूर्ण निर्णयहरू बन्द कोठाभित्र लिइएको प्रतीत भयो र कसैको चासोलाई सम्बोधन गराउनको लागि सडकबाट विरोध र आन्दोलन गरी सरकार र राजनीतिक दलहरूलाई दवाव दिनुपर्ने सामान्य धारणा व्याप्त भयो । संविधान निर्माण प्रक्रियासँग सम्बन्धित निर्णय र सहमतिहरूले पनि पहिचानमा आधारित संगठनका गतिविधिहरूलाई ठूलो राजनीतिक खुराक प्रदान गरे । मुख्य राजनीतिक सहमतिहरूका समयसीमा साना खाले विरोधहरू सृजना गर्नका लागि सहायक भए । मे २७, २०१२ को संविधान सभाको समयसीमा नजिकिँदै गर्दा र अन्ततः मस्यौदा वा पूर्ण संविधान जारी हुन सक्छ (संघीयतामाथिको निर्णयसहित) भन्ने बढी स्पष्ट हुँदै गर्दा नेपाल सन् २००७ र २००८ को मधेश आन्दोलनपछिको सबैभन्दा सशक्त पहिचानमा आधारित परिचालनको साक्षी भयो ।

संविधान सभाको समयसीमा नजिकिँदै गर्दा थुप्रै समूहहरूले विरोध कार्यक्रमलाई तीव्रता दिए, बन्द र यातायात हड्ताल गरे र संघीय राज्य पुनर्संरचनाका विरोधाभाषपूर्ण मागहरू राख्दै देशैभरि प्रदर्शनहरू गरे । ठूला प्रदर्शनहरूको नेतृत्व नेपाल आदिवासी जनजाति महासंघ, आदिवासी जनजाति संयुक्त संघर्ष समितिमार्फत आदिवासी जनजाति संगठनहरू र ब्राह्मण समाज तथा क्षेत्री समाज नेपालसहितका ११ भिन्न समूहहरूको गठबन्धनमा नयाँ स्थापना भएको राष्ट्रिय अखण्डता र जातीय सद्भाव संयुक्त संघर्ष समितिले गरेका थिए ।[36]

मे १५, २०१२ मा तीन ठूला दलहरूबीच ११ संघीय राज्यको अनौपचारिक सहमति भएको थियो । तथापि त्यसप्रति आदिवासी तथा मधेशी राजनीतिक र नागरिक समाजकर्मीहरूद्वारा राष्ट्रव्यापी रूपमा तीव्र असहमति व्यक्त गरियो । सरकारमा रहेका गठबन्धनका सदस्यहरूले तत्कालै आफूलाई त्यो सहमतिबाट अलग्याए । मुस्लिम समुदाय, आदिवासी जनजाति संयुक्त संर्घष समिति, मधेशी समर्थक तथा राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयुक्त संघर्ष समितिले गरेका बन्द तथा विरोधहरूले तनावको स्थितिमा वृद्धि गरायो र अन्ततः सरकारले तीमध्ये विभिन्न समूहहरूसँग विभिन्न सहमतिहरू गऱ्यो जसमा मे १७ को ब्राह्मण र क्षेत्रीलाई आदिवासी समुदायको आधिकारिक पहिचान दिने विवादास्पद प्रतिबद्धतासमेत थियो ।

मे १० देखि १२ र मे १७ मा राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयुक्त संघर्ष समिति ले जातमा आधारित संघीयताको विरोध र संविधानको "अन्य" वर्गबाट हटाउँदै आदिवासी समावेश गर्नुपर्ने मागसहित सशक्त राष्ट्रव्यापी आमहड्ताल गऱ्यो । आदिवासी

---

[33] एमालेका जनजाति प्रतिनिधिहरूले माओवादीहरूसँग साँठगाठ गरे र एमालेको आधिकारिक दलीय नीतिका विरुद्ध मतदान गरे । यसले समितिमा उक्त प्रस्ताव सामान्य बहुमतले पारित हुन सक्यो । नेपाली कांग्रेसले अहिलेको विकास क्षेत्रजस्तै उत्तर-दक्षिण संघीय ढाँचाका ६ प्रान्तीय राज्यको प्रस्ताव गर्दै असहमतिको अल्पमत धारणा प्रस्तुत गऱ्यो । पूर्ण प्रतिवेदन http://www.ncf.org.np/upload/Constituent Assembly/Concept_Paper_Restructuring_State_GTZ_ENG.pdf मा उपलब्ध ।

[34] संविधानसभामा सबै जातीय तथा जात समूहहरूलाई एक राज्य छुट्याउनुभन्दा सीमारहित राज्य देशभरिको कुनै पहिचान समूह (जातीयता वा जात जेमा आधारित भए पनि) को प्रतिनिधित्व गर्नेगरी निर्माण गरिएको छ । राज्य पुनर्संरचना समितिको बहुमत प्रतिवेदनको बुँदा ३.१३.१ मा उल्लेख छः "प्रभूत्वशाली जात वा जातीय समूहको आधारमा गठन गरिएका राज्यहरूको लागि तिनले राज्यको माथिल्लो राजनीतिक पदका लागि राजनीतिक अग्राधिकार पाउनुपर्छ । त्यो प्रावधान दुई कार्यकालपछि खारेज हुनेछ ।", (अनौपचारीक अनुवाद, कार्टर सेन्टर), प्रतिवेदनको नेपाली रूपान्तरणको लागि हेर्नुहोस्, http://www.can.gov.np/en/publications/view/68

[35] सात-सदस्यीय समितिमा बहुमतको प्रस्तावमा एनेकपा(माओवादी), मधेशी दलहरू तथा एक एमाले प्रतिनिधिले समर्थन गरेका थिए । तीन सदस्यहरू ( नेपाली कांग्रेसका दुई जना र एमालेका एक जना) ले असहमतिको बुँदा लेख्दै बेग्लै संघीय नमूना पेश गरे । हेर्नुहोस्, "How majority, minority reports differ", द काठमाडौं पोस्ट, २ फेब्रुअरी २०१२ ।

[36] ब्राह्मण समाजका राष्ट्रिय अध्यक्षका अनुसार राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयुक्त संघर्ष समिति अन्यसहित ब्राह्मण समाज, क्षेत्री समाज नेपाल, ठकुरी समाज, नाथ सम्प्रदाय समाज, दलित सेवा समाज, विभेद मुक्ति प्रगतिशील समाज र दशनामी सेवा समाज सम्मिलित छ । उनीहरूका दुई मूख्य माग ब्राह्मण र क्षेत्री लगायतका १७ जात समूहलाई नेपालका आदिवासीको पहिचान दिनुपर्ने र जातियताका आधारमा संघीयताको कार्यान्वयन हुनु हुदैन भन्ने थियो ।

जनजाति संयुक्त संर्घष समितिले नयाँ संविधानमा “स्वायत्तता”सहितको “पहिचानमा आधारित संघीयता” को माग गर्दै मे २०-२३ मा उत्तिकै सशक्त आमहड्ताल गऱ्यो । मधेश-आधारित विभिन्न दलहरूको गठबन्धन बृहत मधेशी मोर्चाले नयाँ संविधानमा एकल मधेश प्रान्तको माग गर्दै मे १८ देखि २८ सम्म तराई बन्द गरे ।

यो अवधिभरि केही क्षेत्र र विशेषगरी विविध जातीय प्रतीस्पर्धी संगठनहरूबीच नगरपालिका तथा गाउँ विकास समितिहरूमा तनाव, आयोजकहरु तथा आयोजक र राज्यका बीच झडप भए र केही सन्दर्भमा यसको परिणामस्वरूप आम जनताबीच साम्प्रदायिक चेतना र संवेदनशीलताको उच्चता तथा साम्प्रदायिक हिंसाको त्रास पनि देखियो ।

राष्ट्रिय तहमा सर्वोच्च अदालतले दिएको समयसीमाभित्र मुख्यतः एनेकपा (माओवादी) सहित छवटा मुख्य मधेशी दलका नेताहरू एकातिर र नेपाली कांग्रेस तथा एमालेले नेतृत्व गरेको प्रतिपक्षी दलका नेताहरू अर्कोतिर भएर राज्य पुनर्संरचनाको मुद्दामाथि सहमतिमा पुग्न असफल भएपछि संविधानसभा विघटन भयो ।[३७] सभा विघटन भएपछि अधिकांश विरोध कार्यक्रमहरू रद्द भए र त्यसअघिको तनावपूर्ण स्थिति साम्य भयो । तथापि, वार्ता गरिएका स्थानीय व्यक्तिहरूले विरोधका आधारभूत परिवेशहरू विद्यमान रहेको र फेरि पनि संघीयताबारेको निर्णय गर्ने समय नजिकिँदै गर्दा अशान्ति र हिंसा पुनः शुरु हुन सक्ने उल्लेख गरे । व्यापक साम्प्रदायिक हिंसाको त्रास अन्त्य भैनसकेको भए पनि केही क्षेत्रमा वार्ता गरिएका व्यक्तिहरूले हालैका घटनाले अन्तर-साम्प्रदायिक सम्बन्धहरूमा दीर्घकालीन नोक्सानी पुऱ्याएको हुनसक्ने चिन्ता व्यक्त गरे र भावी राजनीतिक विकासक्रमले के ल्याउला भन्ने बारेमा चिन्तित भए (स्थानीय तहको द्वन्द्वबारेको थप विवरणका लागि परिशिष्टमा हेर्नुहोस्)

## इ. कार्टर सेन्टरका यसअघि प्राप्त तथ्यहरू

### क. पहिचानको राजनीति र संघीयताबारे प्राप्त तथ्यहरू

कार्टर सेन्टरका यसअघि प्रकाशित प्रतिवेदनहरूमा पहिचानको राजनीति र संघीयताबारे धेरै पर्यवेक्षण गरिएको छ । अप्रिल/मे २०१२ मा नाटकिय रूपले वृद्धि हुनुअघि पहिचानमा आधारित संगठनहरू सापेक्षित रुपमा निष्कृय थिए भन्ने धारणालाई कार्टर सेन्टरको तथ्यहरुले समर्थन गर्दैन भन्ने ख्याल राख्नुपर्छ । बरु, सेन्टरले २००९ देखि प्राप्त गरेका तथ्यहरूले नेपालमा पहिचानमा आधारित गतिविधि विभिन्न अवधिहरूमा बढ्दो र घट्दो रूपमा भएको जबकि त्यस्ता संगठनहरूलाई प्रभावित पार्ने कैयौं आधारभूत मूद्दाहरूलाई सरकारले सम्बोधन गर्न बाँकी नै रहेको थियो भन्ने संकेत गर्दछन् ।

कार्टर सेन्टरले अगष्ट २००९ मा उल्लेख गरेको थियो:

- राष्ट्रिय वा स्थानीय तहमा राज्य पुनर्संरचनाबारे सीमित सार्वजनिक बहस तथा राजनीतिक दलहरूले संविधानसभा निर्वाचनपछि राज्य पुनर्संरचनाका बहसहरूबाट आफूलाई अधिकांशतः अलग राखेका थिए ।[३८]

- विशेषगरी २००९ को शुरुदेखि मध्यसम्म पहिचानमा आधारित गतिविधिको उच्च स्तर । स्वायत्त जातीय राज्यका परिचालनहरूले सम्भवतः ठूला राज्यअन्तर्गत समाहित हुनु पर्ने त्रासले सीमान्तकृत समूहका प्रतिनिधिहरूलाई साना स्वायत्त क्षेत्रको माग गर्न डोऱ्याइरहेको थियो ।[३९]

- पहिचानमा आधारित पात्रहरूले आइएलओ महासन्धि १६९ लाई आफ्नो राजनीतिक भाषणमा प्रतिस्पर्धी रूपमा प्रयोग गरे ।[४०]

---

[३७] संवैधानिक समयसीमाको सेरोफेरोमा भएका घटनाहरूको थप विवरणका लागि हेर्नुहोस्, आइसिजि, Nepal’s Constitution: Evolution, not Revolution (I), एशिया प्रतिवेदन नं. २३३, अगष्ट २०१२, पृ. १२-१७

[३८] पर्यवेक्षकहरूले उल्लेख गरेका थिए, “कि देशभरि विशेषगरी सीमान्तकृत समूहहरू र जातियतामा-आधारित संगठनहरू राज्य पुनर्संरचनाबारेको बहसलाई एकपक्षीय धारणामा चित्रित गरिरहेका छन् र आफ्ना समुदायहरूमा अपेक्षा वृद्धि गराइरहेका छन् । ती समूहहरू आधारभूत अधिकारको आधिकारिक मान्यतादेखि लिएर राष्ट्रिय तथा स्थानीय कार्यालयहरूमा स्थानीय भाषाको समावेश, बहु नागरिकता प्रमाणपत्रहरू र विकास का नीतिनिर्माण तथा प्राकृतिक साधनस्रोतमाथिको अधिकार र स्वायत्त जातीय राज्यसम्मको माग गरिरहेका छन् ।” द कार्टर सेन्टर, “पहिलो अन्तरिम प्रतिवेदन”, अगस्ट २००९, पृ. ४, http://www.cartercenter.org/countries/nepal-peace.html

[३९] कुमार लिङ्देन नेतृत्वको संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चले लिम्बुवान संघीय राज्यको पक्षमा एक संविधानको मस्यौदाप्रबर्द्धन गऱ्यो । त्यस्तैगरी, माओवादीसम्बद्ध नेवा र ताम्सालिङ संयुक्त संघर्ष समितिहरूले काठमाडौं उपत्यकामा बन्द गरे, लमजुङमा “तमुवान राज्यमा स्वागत छ” लेखिएको ठूलो बोर्ड खडा गरियो र दोलखामा “हिमाली राज्यमा स्वागत छ” लेखिएको स्वागत द्वार लगाइयो । यसो गर्नेमा ताम्सालिङ राज्यभित्र स्वायत्तताको प्रावधानको माग गरिरहेका दोलखामा रहेका थामी, सुरेल र जिरेल समुदायहरू समेत समावेश थिए भने मोरङ जिल्लामा राजवंशी समुदाय थियो । यि सबैले उच्च तहको जातिय गतिविधिको संकेत गरे ।

कार्टर सेन्टरले फेब्रुअरी २०१० मा उल्लेख गरेको थियो:

- २००९ मा पाइएजस्तै, आदिवासी तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने पहिचानमाआधारित पात्रहरूले "स्थानीय तहमा राजनीतिक दलहरूको निष्कृयताका कारण खुला रहेको राजनीतिक स्थान र सीमान्तकृत समूहका मुद्दाहरूलाई यथेष्ट ध्यान दिनमा मूलधारका दलहरूको उदासीनता" को लाभ उठाए ।

- पहिचानमा आधारित धेरै संगठनहरूले विकेन्द्रीकरणलाई सुनिश्चित गर्न तथा आफ्ना समुदायहरूविरुद्धको विभेदलाई अन्त्य गर्न जातियतामा आधारित संघीयताको समर्थन गरे ।

- तराईमा संघीयताबारेका धारणाहरूमा विविधता, विशेषगरी मधेशी र थारु समूहहरूभित्रै र समुहहरुकाबीच "एक मधेश" लगायतका अवधारणाहरूमा फरकपन ।

- जातियतामा आधारित राज्यहरूको माग गर्दै बढेको जातीय संगठनहरूको परिचालनको प्रत्युत्तरमा क्षेत्री समाज नेपालको विकास र सुदूरपश्चिम जागरण मञ्चका क्रियाकलापहरूमा वृद्धि ।[४१]

कार्टर सेन्टरले नोभेम्बर २०१० मा उल्लेख गरेको थियो:

- विभाजन तथा आन्तरिक गुटबन्दीका कारण पहिचानमा आधारित गतिविधिहरूमा कमि आएको , मौसमी तत्वहरू, केन्द्रमा संवैधानिक मुद्दाहरूप्रति ध्यानाकर्षणको अभाव र पहिचानमा आधारित समूहहरूका उत्तेजक क्रियाकलापहरूमा स्थानीय प्रहरी र प्रशासनद्वारा कारबाहीमा वृद्धि ।

- आफ्ना समूहहरुका आधारभूत मुद्दा र चासोहरूमाथि सम्बोधन नभएपनि आदिवासी र जनजाति संगठनहरूका सार्वजनिक क्रियाकलापहरूमा कमि आएको ।

- जातीय-संघीयताविरोधी धेरै ब्राह्मण र क्षेत्री संगठनहरूले प्रदर्शन, सभा वा बन्दजस्ता सार्वजनिक क्रियाकलापहरु संचालन नगरेता पनि आफ्नो सांगठनिक पहुँच र क्षमता विस्तार गरिरहेको पाइयो ।[४२]

### ख. नागरिकहरूका धारणाहरू

कार्टर सेन्टरका सार्वजनिक प्रतिवेदनहरूले नागरिकहरू संवैधानिक प्रक्रियाप्रति सूचित नभएको र उनिहरुले सिंचाई, शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, रोजगारी र "शान्ति" जस्ता आधारभूत आवश्यकताहरूलाई प्राथमिकतामा राखेको बारम्बार उल्लेख गरेका छन् । त्यसो भन्दैगर्दा, सन् २००९ देखि २०१० सम्मका प्रतिवेदनहरूमा पर्यवेक्षकहरूले नागरिकहरूसँग संघीयता, संवैधानिक मुद्दाहरू र उनीहरूले नयाँ संविधानबाट के चाहेका छन् भन्नेबारे कुरा गरे, जसमध्ये धेरै अहिले सन् २०१३ मा पनि सान्दर्भिक छन् । ती तथ्यहरू निम्न थिए:

- नागरिकहरूमा सामान्यतः संवैधानिक प्रक्रियाबारेको ज्ञान धेरै कम थियो ।

- नेपाल संघीय राज्य बन्ने कुराको समर्थन गर्ने नागरिकहरूले सामान्यतः यो अवधारणालाई "विकेन्द्रीकरण" सँग जोडेर हेरेका थिए जसले विकासको प्रवर्द्धन गर्ने र आधारभूत सेवा प्रदानमा सुधार ल्याउने उनीहरूको ठहर थियो ।

- भाषा तथा जात र आदिवासी-जनजाति संस्कृतिको संरक्षणको महत्वका साथै सांस्कृतिक अभ्यासहरूको पहिचान र सम्मान नागरिकहरूमाझ रहेका अन्य साझा धारणा थिए । विभेदको अन्त्य पनि संघियताका लागि भएका परिचालनको एक उद्धेश्यको रुपमा उल्लेखित गरिएको थियो ।[४३]

---

[४०] उदाहरणका लागि, २००९ र २०१२ मा पर्यवेक्षकहरूले थारु स्वायत्त राज्य समितिले बाँके, बर्दिया र दाङमा सडकबाट 'कर संकलन' गरेको र कैलालीका गाउँ विकास समितिका कार्यालयहरूबाट प्राकृतिक साधनस्रोतको प्रयोगका लागि करको रूपमा दावी गर्दै जबर्जस्ती पैसा असुली गरेको उल्लेख गरे । संघीय लिम्बुवान राज्य परिषद्का तीन समूहसँग सम्बद्ध लिम्बुवान स्वयंसेवकहरू पनि २०१० मा जबरजस्ती चन्दा संकलनमा संलग्न रहेको बताइयो । हेर्नुहोस्, द कार्टर सेन्टर, "नेपालका राजनीतिक दलका युवा समूहहरू", फेब्रुअरी २८, २०१२, पृ. १२ ।

[४१] हेर्नुहोस्, "नेपालमा संघीयता र संविधानका मुद्दाहरू: स्थानीय-तहका द्रिष्टिकोण ", फेब्रुअरी १०, http://www.cartercenter.org/countries/nepal-peace.html

[४२] द कार्टर सेन्टर, "स्थानीय राजनीतिक र शान्ति प्रक्रिया प्रवृत्तिहरू", नोभेम्बर २०१० । http://www.cartercenter.org/countries/nepal-peace.html

[४३] मधेशीहरूले संघीयताको समर्थन यस कारण गरे कि उनीहरूको मान्यतामा यसले विभेदलाई अन्त्य गर्नेछ । कार्टर सेन्टरले संघीयताको समर्थन गर्ने तराईका मधेशीहरूमाझ उनीहरू "एक मधेश" वा बहु-राज्य, वा "एक मधेश" भित्रै संस्कृति तथा अवधी, भोजपुरी र मैथिली जस्ता भाषाहरूको पहिचानमा आधारित उपराज्य भन्नेमा अत्यन्त विभाजित धारणा पाए । तराईभरिका नगारिकहरूले विभेद अन्त्य हुनुपर्ने सशक्त चाहना व्यक्त गरे । तथापि, विभेदका बारेमा धारणाहरू संघीयताबारेका सशक्त धारणासँग मेल खान्छन् भन्ने जरुरी छैन । थप विवरणका लागि, हेर्नुहोस्, द कार्टर सेन्टर, ऐ., नोभेम्बर २०१०, पृ. ५-६

- नागरिकहरूले समान अधिकार र समावेशी प्रतिनिधित्व चाहेका थिए र केहीले "जातियतामा आधारित संघीयता" का लागि स्पष्ट समर्थन व्यक्त गरेका थिए ।

- संघीयताबारेको आधारभूत, निष्पक्ष जानकारी प्रायः सजिलै उपलब्ध थिएन र नागरिकहरूसम्म पुगेको जानकारी कहिलेकाहीं विवादास्पद थियो र त्यसले संघीयताले राज्यमा विखण्डन ल्याउने वा द्वन्द्व ल्याउनेप्रति चिन्ता उजागर गरेको थियो ।

- केही क्षेत्रहरूमा निश्चित जातीय समूहका प्रयासले सामान्य नागरिकहरुलाई राज्य पुनर्संरचनाको अभिप्रायबारे चिन्तित बनाइरहेका थिए र उनीहरू सम्भाव्य नयाँ राज्यहरूमा अल्पमतका अधिकारहरुको संरक्षणकाबारेमा चिन्तित रहेको पनि पर्यवेक्षकहरूले पाए ।[४४]

**ई. स्थानीय तहमा पहिचानको राजनीतिः पात्र, माग र परिचालनहरू**

यो खण्डले कार्टर सेन्टरका पर्यवेक्षकहरूले सेप्टेम्बर २०११ देखि डिसेम्बर २०१२ को बीचमा संकलन गरेका तथ्यहरूमा आधारित रही पहिचानको राजनीति र पहिचानमा आधारित परिचालनबारे बृहत प्रवृत्तिहरूको खोजी गर्ने प्रयास गरेको छ । यसले राजनीतिक दल र तिनीहरूका पहिचानमा आधारित भातृ समूहहरूबीचको सम्बन्धबारे छलफल गर्दछ र संविधानसभाको म्याद सकिनुअघि पहिचानमा आधारित परिचालनले उच्चता लिएको अप्रिल/मे २०१२ का घटनाहरूको पर्यवेक्षण र विश्लेषणको रूपरेखा प्रदान गर्दछ । यो खण्डले पहिचानमा आधारित संगठनहरू र खासगरी तिनीहरूका गतिविधिहरू तथा समीक्षा अवधिमा देखिएका अन्य पहिचानमा आधारित समूहहरूसँगको उनीहरूको वार्तासँग सम्बन्धित बृहत विषयवस्तुमा पनि प्रकाश पार्दछ । धेरै जिल्लाहरु विभिन्न समुहहरुको आ-आफ्नो भौगोलिक दाबीमा परेको अवस्थामा पहिचानमा आधारित संगठनहरूबीच आफ्ना राजनीतिक उद्देश्यबारे छलफल नहुनु खास चासोको विषय हो । भविष्यमा संविधान लेखन समयसीमा नजिकिँदै गर्दा यसको निकट अनुगमन गरिनुपर्छ ।

**क. पहिचानमा आधारित पात्रहरुः माग, गतिविधि तथा राजनीतिक दलसँगको सम्बन्ध**

**यसअघि मुख्यतया सांस्कृतिक र विकासका गतिविधिमा केन्द्रित रहेका पहिचानमा आधारित केही संगठनहरूले आफ्नो बढी जोड राजनीतिक मुद्दाको वकालत गर्नतिर लगाएको प्रतीत हुन्छ ।**

परम्परागत रूपमा सांस्कृतिक कार्यक्रममा केन्द्रित नेपालका धेरै पहिचानमा आधारित संगठनहरूले सन् २००८ देखि सशक्त राजनीतिक एजेण्डामा जोड दिन थालेका छन् । प्रकारात्मक रूपमा यसले संविधानमा खास समुदायको पहिचान र भाषालाई मान्यता तथा पहिचानमा आधारित संघीय एजेण्डाको समर्थन र राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्वको मागमा केन्द्रित भएको अर्थ दिन्छ । विशिष्ट उदाहरणहरूमा पोखराका विभिन्न गुरुङ समूहहरू, काठमाडौं उपत्यकाका तामाङ र नेवा संस्थाहरूका साथै पूर्वी पहाडका किराँत समूहहरू लगायतका छन् जसले आफ्ना कार्यक्रमहरूलाई राजनीतिमा केन्द्रित गर्ने क्रम बढ्दो छ ।[४५] भक्तपुरका नेपाल मजदुर किसान पार्टीका एक प्रतिनिधिले पर्यवेक्षकहरूलाई भने, "विगतको एक भाषा र एक संस्कृतिको राज्य नीति (जसले वैकल्पिक संस्कृतिको अभ्यास र अन्य भाषा बोल्न असहज बनायो)... नेपालका धेरै समुदायका लागि भेदभावपूर्ण थियो । त्यसकारण पहिचानको मुद्दा अहिले यस्तो जोडले उठिरहेको छ ।" ऐतिहासिक रूपमा सीमान्तकृत समुदायहरूले पहिचानमा आधारित राजनीतिक अधिकारहरूको माग राख्दै आवाज उठाउने क्रम बढेपछि प्रतिक्रियास्वरूप ब्राह्मण समाज र क्षेत्री समाज नेपालजस्ता संगठनहरूले पनि आफ्नो संगठनलाई सुदृढ बनाउन र प्रस्तावित जातीय संघीय राज्यबारेका आफ्ना विरोधहरू व्यक्त गर्न प्रयासहरू वृद्धि गरेको पर्यवेक्षकहरूले उल्लेख गरेका छन् ।[४६] तल उल्लेख गरिएजस्तै, राजनीतिक एजेण्डामा केन्द्रित हुनुले पहिले गैर-राजनीतिक रहेका केही

[४४] उदाहरणका लागि सुदूरपश्चिमि हिमाल र पहाडी क्षेत्रका नागरिकहरूले देशका अन्य भूभागबाट "अलग हुने" वा कुनै पनि स्रोतसाधन वा उद्योगहरू नभएका क्षेत्रहरूमा "फँस्ने" डर व्यक्त गरे जसले गर्दा धेरैमा कुनै एक आत्मनिर्भर नरहेको संघिय राज्यमा बस्नुपर्ने बाध्यताका विषयमा डर पैदा ग-यो । थप जान्नका लागि कार्टर सेन्टरका प्रतिवेदनहरू हेर्नुहोस्, द कार्टर सेन्टर, ऐ., फेब्रुअरी २०१२, पृ. ८

[४५] पर्यवेक्षकहरूले कास्कीमा नोभेम्बर २०११ मा तमु धीं नेपाल (गुरुङ पहिचानमा आधारित संगठन) का आन्तरिक बहसबारे उल्लेख गरे । उक्त बहस त्यस संगठनले अन्य गुरुङ संगठनहरूसँग कुन हदसम्म सहकार्य गर्ने भन्ने विषयमा थियो र तमु धीं तमुवान राज्यको समर्थनमा, धेरै युवा सदस्यहरूको चाहना रहेको बताइएबमोजिम, राजनीतिक रूपमा सक्रिय हुने कि नहुने भन्ने प्रश्न पनि जोडिएको थियो । मे २०१२ मा जब संविधानसभाको म्याद नजिकिँदै गयो, तमु धीं पोखराका भेलाहरूमा धेरै सक्रिय थियो र ऊ केही मात्रामा राजनीतिकरण हुनुबाट जोगिन सकेन । यसको बावजूद, मे २०१२ को अवधिमा तमु धीं का समर्थकहरूको परिचालन गाउँ विकास समितिस्तरमा उत्तिकै सफल नभएको बताइयो । पूर्वी नेपालको उदयपुर जिल्लामा किराँत राई यायोख्या (राईहरूको लागि काम गरिरहेको पहिचानमाआधारित संगठन) ले राजनीतिक र सांस्कृतिक गतिविधिलाई सँगसँगै अघि बढाइरहेको छ । सन् २०१० मा भ्रमण गरेका पर्यवेक्षकहरूलाई किराँत राई यायोख्या पहिले नृत्य प्रदर्शनजस्ता सांस्कृतिक कार्यक्रमहरूमा केन्द्रित रहेको बताइयो । त्यसपछि र खास गरी जब मे २०१२ को संविधानसभाको समयसीमा नजिकियो, किराँत राई यायोख्याले संविधानमा राईहरूको पहिचान र अधिकार सुनिश्चित गर्ने, किराँत राज्यलाई समर्थन गर्ने र आइएलओ महासन्धि १६९ बारे तालिमहरू आयोजना गर्नेजस्ता स्पष्ट राजनीतिक गतिविधिहरूलाई जोड दियो । किराँत याक्थुङ चुम्लुङ (एक लिम्बु पहिचानमाआधारित संगठन) ले पनि राजनीतिक र सांस्कृतिक क्रियाकलाप संचालन गरिरहेको छ र संविधानसभाको म्याद नजिकिँदै गर्दा पहिचानमाआधारित संघीयता (विशेष गरी लिम्बुवान राज्य) को लागि स्पष्ट राजनीतिक समर्थन जनायो ।

[४६] सन् २०१० देखि ब्राह्मण समाज र क्षेत्री समाज नेपालले पश्चिमि क्षेत्रमा आफ्नो संगठनलाई सक्रियतापूर्वक विस्तार गरिरहेको कार्टर सेन्टरका पर्यवेक्षकहरूले टिपोट गरे । एनेकपा(माओवादी) ले सन् २००९ को अन्त्यमा पोखरामा आयोजित एक कार्यक्रममा उक्त क्षेत्रलाई "तमुवान स्वायत्त राज्य"

पहिचानमा आधारित संगठनहरूले आफ्ना गतिविधिहरूलाई राजनीतिक क्षेत्रतिर विस्तार गरेको अर्थ दिन्छ । विशेषगरी, यसले राज्य र मूलधारका राजनीतिक दलहरूका लागि सामाजिक समावेशिता र संघीयताजस्ता मुद्दामा चुनौती बढेको अर्थ दिन्छ ।

त्यसो भन्दै गर्दा, अन्य धेरै पहिचानमा आधारित संगठनहरू अझै पनि मुख्यतः सांस्कृतिक गतिविधिमा केन्द्रित रहेका वा आधारभूत विकास आवश्यकताको वकालत गरिरहेका छन् । उदाहरणका लागि, बैतडीमा सन् २०११ को अन्त्यतिर वार्ता गरिएका धेरै व्यक्तिहरूले पर्यवेक्षकहरूसमक्ष अन्य राजनितिक मुद्धा नभइ विकास नै जिल्लाका जनतालाई प्रभावित पारिरहेको मुख्य मुद्दा भएको बताए ।[४७] यसो भन्नेमा स-साना विकासका गतिविधिहरू संचालन गरिरहेका दलित पहिचानमा आधारित संगठनका स्थानीय प्रतिनिधिहरू थिए । अर्को उदाहरणमा, सन् २०१२ को शुरुतिर ओखलढुंगाका नेपाल आदिवासी जनजाति महासंघ अध्यक्षले पर्यवेक्षकहरूसमक्ष जिल्लाका पहिचानमाआधारित संगठनहरू मुख्यतः सांस्कृतिक गतिविधिमा केन्द्रित रहेको र राजनीतिक रूपमा विरलै सक्रिय रहेको बताए । उनीहरू आफ्नै भाषा र संस्कृतिसँग सम्बन्धित सामाजिक र सांस्कृतिक कार्यक्रमहरूमा केन्द्रित रहने गरेको बताइयो । तथापि, नेपाल आदिवासी जनजाति महासंघ अध्यक्षले ओखलढुंगाका पहिचान समूहहरूलाई “किनारा  लगाइएमा, राजनीतिक प्रतिनिधित्व नपाएमा र मूलधारमा नसमेटिएमा” भविष्यमा उनीहरू राजनीतिक रूपमा बढी सक्रिय हुने अनुमान गरे ।

**समीक्षा अवधिको समय अधिकांश पहिचानमा आधारित संगठनहरू “पर्ख र हेर” को स्थितिमा थिए, अप्रिल/मे २०१२ मा संविधानसभा विघटन हुनलाग्दाको सक्रियताको तरंग उल्लेख्य अपवाद थियो । तथापि, यो समयभरि विभिन्न पहिचानमा आधारित संगठनका समितिहरूले आफूहरू आन्तरिक सांगठनिक सुदृढीकरणमा काम गरिरहेको र आफ्नो पहुँच विस्तार गर्न स्थानीय तहमा सम्बन्ध विकास गर्दै गरेको बताए ।**[४८]

नेपालका सबै विकास क्षेत्रमा वार्ता गरिएका व्यक्तिहरूले सेप्टेम्बर २०११ र डिसेम्बर २०१२ बीचको समयमा विभिन्न राजनीतिक दल तथा नागरिक समाज समूहहरूजस्तै पहिचानमा आधारित पात्रहरू पनि तुलनात्मक रूपले निष्कृय रहेको उल्लेख गरे । उनीहरूमध्ये अधिकांशले आफ्नो आन्तरिक संगठन सुदृढ गर्ने प्रक्रियामा रहेको दावी गर्दै राष्ट्रिय तहको कुनै घटनाले प्रेरित गरेमा कार्य गर्ने बताए । धेरैले यो विषयमा कुनै पनि काम गर्नुअघि आफ्नो केन्द्रीय तहको नेतृत्वबाट निर्देशन पर्खिने जानकारी पनि पर्यवेक्षकहरूलाई दिए । त्यस्तो बताउनेमा थरुहट स्वायत्त राज्य परिषद, ब्राह्मण समाज तथा क्षेत्री समाजसहित थिए । उदाहरणका लागि, सन् २०११ को उत्तरार्द्धमा मकवानपुरमा माओवादी-सम्बद्ध तामाङ राष्ट्रिय मुक्ति मोर्चाका प्रतिनिधिले पर्यवेक्षकहरूलाई भने, “सबै जनजाति संगठनहरूले पर्ख र हेरको प्रवृत्ति अपनाएका छन् । संघीय प्रश्नमा संविधानसभाको अन्तिम निर्णयका आधारमा हामी आफ्ना योजनाहरू अघि सार्नेछौं ।” त्यसैगरी, नोभेम्बर २०११ मा कास्कीको भ्रमण गरेका पर्यवेक्षकहरूले क्षेत्री समाज नेपालले कुनै पनि विरोध कार्यक्रम आयोजना नगरिरहेको पाए, किनभने त्यो बेला उनीहरू आफुहरुलाई सरकारले आदिवासी भनेर वर्गीकरण गर्ने या नगर्ने भन्नेबारे ठोस निर्णयका साथै राज्य पुनर्संरचना आयोगको परिणाम पर्खिरहेका थिए ।

यो प्रवृत्तिका नगण्य अपवादहरू विगतमा पहिचानमा आधारित संगठनका गतिविधिको स्तर उच्च रहेका पूर्वी पहाडका साथै पश्चिमी, मध्य र पूर्वी तराईका केही भूभागहरूमा पाइएका थिए । सरकारसँग भएको सहमति अनुसार राज्य पुनर्संरचना आयोगमा आफ्नो प्रतिनिधित्व हुनुपर्ने माग गर्दै डिसेम्बर २०११ मा संघीय लिम्बुवान राज्य परिषद्ले पूर्वाञ्चल क्षेत्रका नौ जिल्लामा आम हड्ताल गर्‍यो । सन् २०११ को शुरु र मध्यतिर मधेशी र लिम्बु पहिचानमा आधारित संगठनहरूले फरक फरक कारण जनाउँदै निर्वाचन आयोगको मतदाता दर्ता प्रक्रियाको पनि विरोध गरेका थिए ।[४९] त्यस्ता विकासक्रमहरूलाई पहिचानमा आधारित संगठनहरूको अस्पष्ट

---

बनाउने घोषणा गर्‍यो जसलाई तमु धीं नेपालले समर्थन गर्‍यो । उक्त घोषणाबाट ब्राह्मण समाज र क्षेत्री समाज नेपाल सन्त्रस्त भए र तत्पश्चात आफ्नो सक्रियतामा तीव्रता ल्याए । उनीहरूले सन् २०१० को वर्षैभरि पोखरामा भेला र विरोध कार्यक्रमहरू आयोजना गरे, क्षेत्री समाज नेपालले विभिन्न जिल्ला र गाउँ विकास समितिस्तरमा आफ्नो आधार विस्तार गरेको बताइयो । सन् २०११ मा उनीहरू विरोधका क्रियाकलापमा कम सक्रिय रहे पनि २०१२ मा जातीयतामा आधारित संघीयताको विरोधमा उनीहरू सडकमा ओर्लिए ।

[४७] UNRCHCO को फिल्ड बुलेटिन नं. ३४ पनि हेर्नुहोस्, “The Byashi/Sauka community and the proposed Byash ‘autonomous region.’” प्रतिवेदनले दुर्गम दार्चुला जिल्लाको समुदायले विकासको आवश्यकतालाई प्राथमिक रूपमा हेरेको र ब्यास समुदायका धेरै सदस्यहरू प्रस्तावित स्वायत्त क्षेत्रबारे बेखबर वा असमर्थक रहेको उल्लेख गर्‍यो ।

[४८] यसमा यी समूहहरूका लागि भारत, अस्ट्रेलिया, पश्चिमी युरोप तथा अमेरिकाका डायस्पोराका समुदायहरूबीच आर्थिक संकलनका लागि गरिएको विस्तार पनि पर्छ भन्ने आरोप छ । अन्तराष्ट्रिय अनुसन्धानकर्तासँगको कुराकानी, नोभेम्बर २०१२ ।

[४९] हेर्नुहोस्, द कार्टर सेन्टर, “निर्वाचन आयोग नेपालको फोटोसहितको मतदाता दर्ता कार्यक्रमबारे तेस्रो अन्तरिम प्रतिवेदन”, जनवरी ३१, २०१२, पृष्ठ १४ । http://www.cartercenter.org/countries/nepal-peace.html निर्वाचन आयोगले मे २०११ मा संघीय राष्ट्रिय लोकतान्त्रिक मञ्च-सम्बद्ध संघीय लिम्बुवान राज्य परिषद् समूहसँग दर्ता कार्य अघि बढ्न दिने सम्बन्धमा सफलतापूर्वक सहमति गर्‍यो । निर्वाचन आयोग मधेशी दलहरूसँग राष्ट्रव्यापी सहमतिमा नपुगे पनि, ठूलै र लामो प्रयास पछि प्रभावित जिल्लाहरूमा मतदाता दर्ता पुनः खुला गर्नका लागि निर्वाचन आयोग जिल्ला जिल्ला-तहमा सम्झौता गर्न सक्षम भयो ।

राजनीतिक निर्णय प्रक्रिया र संविधान लेखनका महत्वपूर्ण मुद्दाहरूमा सार्थक सार्वजनिक बहसको अभावको प्रत्युत्तरको रूपमा व्याख्या गरिन्छ ।[५०]

**केही जिल्लाका पहिचानमा आधारित अभियानकर्ताहरुले राष्ट्रिय तहका मुख्य राजनीतिक दलहरू (नेपाली कांग्रेस, एनेकपा (माओवादी), नेकपा-एमाले) मा जातीय भातृसमूहहरू भएता पनि ति दलहरूले सीमान्तकृत जातीय समुदायहरूको अधिकार प्रबर्द्धनमा बाधा पुऱ्याएको आरोप लगाएका छन् ।**

मकवानपुर, अर्घाखाँची, कपिलवस्तु तथा नवलपरासीजस्ता जिल्लाहरूमा पर्यवेक्षकहरूले सन् २०१२ भन्दा अघि राष्ट्रिय दलहरूद्वारा पहिचानका मुद्दाहरूमा समुदायमाफ छलफल गर्नका लागि आफ्ना भातृ समूहहरूलाई विरलै सक्रिय बनाएको वा परिचालन गरेको पाए । यसकारण केही पहिचानमा आधारित अभियानकर्ताहरूले राजनीतिक दलहरूले आफ्ना भातृ समूहहरूलाई निश्चित समुदायहरूको अधिकार सुनिश्चित गर्न र संघीयतामा उनीहरूको माग पूरा गर्न गम्भीर नभई उनीहरूको समर्थन जित्न मात्र उपयोग गरेको आरोप लगाए । उदाहरणका लागि चितवनमा नेपाल आदिवासी जनजाति महासंघले राजनीतिक दलहरूले जिल्लामा आयोजित चितवन मेलामा आदिवासी समूहहरूलाई परम्परागत पोशाक लगाउन उक्साएर "आदिवासी समूहहरूलाई आफ्नो स्वार्थका लागि उपयोग गरेको" आरोप लगाए । आदिवासी समूहहरूका अधिकारका लागि ठोस तथा सार्थक प्रबर्द्धनमा सशक्त भै केन्द्रित हुन माग गरिरहेका केही अभियानकर्ताहरूको तर्कमा यसले पहिचानको राजनीतिको वास्तविक मुद्दालाई विलय गराइरहेको थियो । माथि संकेत गरिएजस्तै कार्टर सेन्टरका पर्यवेक्षकहरूले जनजाति अभियानकर्ताहरूले राजनीतिक प्रक्रियाबारे यसरी असन्तुष्टि व्यक्त गरेको बारम्बार पाए । केहीहदसम्म यसले नागरिकहरूलाई संवैधानिक प्रक्रियाबाट निकै नै टाढा पुऱ्याएको र राजनीतिक नेतृत्वको बेइमानी भनेर बुझिएको व्यापक निराशा प्रतिविम्वित हुन्छ ।

**अप्रिल २०१२ अघि मूलधारका राजनीतीक दलका अधिकांश जातीय भातृ समूहहरूले संघीयताको बारेमा आफ्नै दलको मान्यतालाई पछ्याएको बताए । तथापि, जातियतामा आधारित संघीयताको मुद्दामा आफ्नै दलसँग उनीहरूको सम्बन्ध बिग्रँदै गएको तथ्य संविधानसभा विघटन हुनु अघि र पछि पनि पाइयो ।**

जातीय भातृ समूहहरूका अधिकांश प्रतिनिधिहरूले विशेषगरी अप्रिल/मे २०१२ भन्दा अघिसम्म संघीयताप्रतिको अडानमा आफ्नै दलको निर्देशन मानेको उल्लेख गरे । तैपनि भ्रमण गरिएका केही जिल्लाहरूमा एनेकपा(माओवादी), नेपाली कांग्रेस र एमालेले आफ्नो दलका आदिवासी-जनजाति समूहहरूका साथै जातीय भातृ समूहका सदस्यहरूसँग आन्तरिक असहजता बढेको महसुस गरेका थिए । यो तनाव विशेषतः नेपाली कांग्रेस र एमालेमा उच्च रहेको थियो । ती दलहरूलाई धेरै जातीय भातृ समूहहरूले जातियतामा आधारित संघीयताको विरुद्ध भएको ठानेका थिए ।[५१]

जातियतामा आधारित संघीयतालाई समर्थन गरेको कारण एनेकपा (माओवादी) तुलनात्मक रूपमा राम्रो स्थानमा देखियो, तर उक्त दलले पनि आन्तरिक आकांक्षाहरू व्यवस्थापन गर्नमा कठिनाइ बेहोऱ्यो ।[५२] उदाहरणका लागि, नोभेम्बर २०१२ मा गोरखाको भ्रमण गरेका पर्यवेक्षकहरूलाई दलका क्षेत्री समुदायका केही कार्यकर्ताहरू अप्रिल/मे मा क्षेत्री समाज नेपालले गरेका विरोध कार्यक्रमहरूमा सहभागी भएकोमा माओवादीको जिल्ला नेतृत्व चिन्तित बनेको जानकारी दिइयो । पर्यवेक्षकहरूले राजनीतिक दलका सदस्यहरू काठमाडौं उपत्यकामा नेवाः स्वायत्त राज्य संयुक्त संघर्ष समिति र ताम्सालिङ संयुक्त संघर्ष समितिजस्ता जातीय संघीयतालाई समर्थन गर्ने विभिन्न संयुक्त संघर्ष समितिमा संलग्न हुनुले राजनीतिक दल तथा तिनका जातीय भतृ समूहबीच समस्या खडा गरेको उल्लेख गरे किनभने त्यस्ता मागहरू दलका स्थापित अडानहरूको प्रत्यक्ष विरुद्ध थिए ।

सम्बन्धनहरू संघीयताबारेका बहस तथा परिचालनहरूको दौरान परीक्षण भए जसले राजनीतिक दलको तिनका जातीय भातृ समूहहरूका साथै पहिचानमा आधारित अभियानकर्ता समूहहरूसँगको अन्तरर्निहित तनाव देखाउन सहयोग गरे । यो विभाजन मुख्यतः सुदूरपश्चिम क्षेत्रको पहाडी जिल्लाहरूमा सबैभन्दा लामो समयदेखि स्पष्ट देखिएको छ जहाँ एनेकपा(माओवादी) सहित सबै दलका प्रतिनिधिहरूले आफ्नो राजनीतिक नेतृत्वको औपचारिक नीति नभए पनि आफूहरू अखण्ड सुदूरपश्चिमको पक्षमा रहेको कार्टर

---

[५०] संविधानसभा नियमावलीको बुँदा ४ ले नयाँ संविधान घोषणा गर्नुअघि सर्वसाधारणसँग छलफल र स्थानीय तहमा प्रसारका लागि मूलतः नौ हप्ता छुट्याएको छ । नयाँ संविधानको मस्यौदालाई सर्वसाधारणसम्म पुऱ्याउने यो अवधिलाई एकपछि अर्को संशोधन र गुज्रिएका म्यादहरूले घटाइ दियो । जब फेब्रुअरी १३, २०१२ मा तेस्रो संशोधन पारित भयो, संविधानसभा नियमावलीमा संविधानमा सर्वसाधारणसँग छलफल गर्ने प्रावधान नै बाँकी रहेन ।

[५१] सन् २०११ को उत्तरार्धतिर जातीय संघीयताबारे नेपाली कांग्रेसको आधिकारिक धारणालाई ललितपुरका जातीय भातृ समूहका अभियानकर्ताहरूले ठाडै विरोध गरेका थिए । दलको विचारधारालाई अनुशरण गर्ने नेपाली कांग्रेसका ललितपुर जिल्ला सभापतिले खास गरी विविधताले भरिएको काठमाडौंका लागि नेवार राज्य र जातीयतामा संघीय राज्यको नामकरणको आफू स्पष्ट विरुद्ध रहेको पर्यवेक्षकहरूलाई बताए । तथापि, लोकतान्त्रिक नेवा दबु नामक नेपाली कांग्रेस सम्बद्ध नेवार भातृ समूहका एक प्रतिनिधिले आफ्नो संगठन नेवार संघीय राज्यभित्र नेवारहरूको लागि विशेष अधिकारको समर्थक रहेको बताए । यद्यपि त्यसबखत नेपाली कांग्रेसको त्यो आधिकारिक विचारधारा थिएन र ती भिन्नताले केही आन्तरिक तनाव वृद्धि गरेको बताइयो । एमालेभित्र पनि त्यस्तै तनावहरू पाइए । पर्यवेक्षकहरूले भक्तपुरका जिल्ला अध्यक्ष र दलको भातृ समूह नेपाल लोकतान्त्रिक नेवा संघका बीचमा जातमा आधारित संघीयताका बारेमा परस्पर विरोधी धारणाहरू प्राप्त गरे ।

[५२] माओवादीहरूबारे अधिकांश विवरण मोहन बैद्यको नेतृत्वको नेकपा(माओवादी) अलग हुनु अघिसंकलन गरिएको थियो । त्यसकारण कार्टर सेन्टर संघीयताबारे नेकपा (माओवादी) का सीमान्तकृत समुदायका सदस्यहरूका साथै सम्बद्ध जातीय भातृ समूहहरूको धारणाबारे बढी विश्लेषण गर्न असमर्थ छ । तथापि, केही राजनीतिक पर्यवेक्षकहरूका अनुसार एनेकपा(माओवादी) नेतृत्वले संविधानसभा विघटनको सेरोफेरोमा एकल पहिचानमा आधारित संघीय ढाँचामाथि आफ्नो जोडमा अडिग रहनु दलभित्रका असन्तुष्ट पक्षले संघीयताको आडमा संस्थापन समूहबाट फाइदा उठाउनबाट जोगिने प्रत्यक्ष प्रयास थियो । नेपाली विश्लेषक, अन्तर्वार्ता, अक्टुबर २०१२ ।

सेन्टरका पर्यवेक्षकहरूलाई बताएका छन् । सुदूरपश्चिम तराईका केही राजनीतिक दलका सदस्यहरूले अखण्ड सुदूरपश्चिमका विरोध कार्यक्रमहरूलाई सघाए जबकि तिनै दलका थारु भातृ समूहका सदस्यहरू थारु राज्यको समर्थनमा सडकमा आए । अखण्ड सुदूरपश्चिम आन्दोलनका स्थानीय दलसम्बद्ध कार्यकर्ताहरूले पनि उनीहरूका एजेन्डालाई समर्थन गर्ने केन्द्र-तहका नेताहरूको अनुरोधका बावजूद आफ्ना मागहरू लिखित रूपमा पूरा नगरिएसम्म विरोध कार्यक्रम बन्द गर्न असहमति जनाए । उनीहरूले यसो गर्नुको कारण राष्ट्रिय राजनीतिज्ञहरूप्रतिको अविश्वास दर्शाए र त्यस समयमा गरिएका मौखिक वाचा र अपीलहरू अपर्याप्त भएको बताए ।[५३]

संविधानसभा विघटनपछि जुन २०१२ मा कैलाली जिल्लाको भ्रमण गरेका पर्यवेक्षकहरूले मूलधारका राजनीतिक दलहरूभित्र थारु र पहाडी चासोहरूको बीचमा तनाव अझै रहेको बताए । पहाडीहरूले अखण्ड सुदूरपश्चिमको एजेण्डाको समर्थन गरिरहेको र थारुहरूले अझै पनि थारु राज्यको मागलाई समर्थन गरिरहेको अवस्थामा पहिचानका विचारधाराले राजनीतिमा तीव्र ध्रुवीकरण विद्यमान थियो । आमरुपमा नेपाली कांग्रेस र एमालेका जिल्ला तहका पहाडी नेताहरूले अखण्ड सुदूरपश्चिमको नेतृत्वगरेको देखियो जबकि सबै दल र धेरै गैरसरकारी संगठनका थारु नेताहरू थरुहट/थारुवान राज्यको आन्दोलनको अग्रपंक्तिमा देखिए ।[५४] यो प्रवृत्तिमा केही अपवादहरू रहे पनि वार्ता गरिएका धेरै व्यक्तिहरूले पहाडी-थारु जातीय विभाजनले कैलालीको नयाँ राजनीतिक यथार्थको प्रतिनिधित्व गरेको पर्यवेक्षकहरूलाई बताए ।[५५]

अन्य विभाजनहरू पूर्वाञ्चल क्षेत्रमा पर्यवेक्षण गरिएको छ, जहाँ नेपाली कांग्रेस र एमालेका लिम्बु भातृ समूहहरू आफ्नो दलसँग अत्यन्त निराश भएको र आफ्नो दलको भन्दा नेपाल आदिवासी जनजाति महासंघको दृष्टिकोणसँग बढी सामञ्जस्यता महसूस गरेको बताइन्छ । उदाहरणका लागि इलाममा नेपाल आदिवासी जनजाति महासंघले गरेको बन्दलाई तीनवटै मुख्य दलका जातीय भातृ समूहहरूले समर्थन गरेको बताइयो । मे २७ पश्चात एमाले र नेपाली कांग्रेस दुवै दलका राष्ट्रियस्तरका जनजाति नेताहरूले पहिचानका मुद्दा तथा संघीयतामा आफ्नो दलको अडानप्रतिको निराशाका कारण दल त्याग गरेको देखियो । सन् २०१२ को मध्यपछि एमाले जस्ता स्थापित राजनीतिक दलक पूर्वसदस्यहरू सम्मिलित संघीय समाजवादी दल तथा संघीय लोकतान्त्रिक दलजस्ता नयाँ जनजाति-आदिवासी दलहरूको स्थापना यसै दीर्घकालीन प्रवृत्तिको एउटा परिणाम हो ।[५६]

**उल्लेख्य रूपले, मधेशी पहिचानमा आधारित राजनीतिक गतिविधि अक्टोबर २०११ र डिसेम्बर २०१२ को बीचमा सापेक्षिक रुपमा शान्त रह्यो, यद्यपि वार्ता गरिएका मधेशीहरू मधेश आन्दोलनका उपलब्धिहरूप्रति गौरवान्वित थिए ।**

मधेश आन्दोलन र सन् २००७-२००८ को संविधानसभा निर्वाचनको अवधि तथा सन् २०११ को पूर्वाद्धमा भएको मतदाता दर्ताको अवरोधसँग तुलना गर्दा राजनीतिक गतिविधिको यो कमी असमान देखिन्छ ।[५७] समीक्षा अवधिमा मधेशी पहिचान सम्बन्धि राजनीतिको सापेक्षिक निष्कृयताको बावजूद महोत्तरी जिल्लामा वार्ता गरिएका धेरै मधेशीहरूले आफूहरूमा आत्मविश्वासको स्तर बढेको र नेपालभरि नै मधेशी पहिचानलाई व्यापक रूपमा स्वीकार गरिएको उल्लेख गरे । मार्च २०१२ मा मधेशी जनाधिकार फोरम-नेपालका एक प्रतिनिधिले पर्यवेक्षकहरुलाई भने, मधेशीहरू अब "जहाँ भए पनि आफू मधेशी भएर चिनिन लाज मान्दैनन्, बरु उनीहरू आफ्नो मधेशी पहिचानप्रति गर्व गर्छन् ।" जनवरी २०१२ मा रौतहटका राजनीतिक दलका प्रतिनिधि तथा नागरिक समाज सदस्यहरूले आन्दोलनले जनतामा आफ्ना राजनीतिक र सामाजिक अधिकारबारे चेतना वृद्धि गरेको बताए ।

वार्ता गरिएका धेरै मधेशीहरू आन्दोलनले केन्द्रीय सरकारलाई संघीय मागमा सहमति जनाउन दवाव दिएकोमा गौरवान्वित पनि थिए । रौतहटका नेपाल पत्रकार महासंघ र मधेशी जनाधिकार फोरम-गणतान्त्रिकले सार्वजनिक निकायहरूमा आरक्षण र समावेशितामा वृद्धि आन्दोलनका खास उपलब्धिहरू भए पनि अझै परिवर्तनको आवश्यकता रहेको पर्यवेक्षकहरूसमक्ष भने । जनवरी २०१२ मा पर्साको भ्रमण गरेका पर्यवेक्षकहरूले केन्द्र र सरकारमा मधेशी राजनीतिक सहभागिता बढ्नुलाई मधेश आन्दोलनको अर्को नतिजाको रूपमा उल्लेख गरेको पाए । वार्ता गरिएका व्यक्तिहरूले वर्तमान गठबन्धन सरकारमा मधेशी मन्त्रीहरूको पहिले कहिल्यै पनि नभएको ठूलो संख्या (५० प्रतिशतभन्दा बढी) लाई महत्वसाथ उल्लेख गरे ।

---

[५३] कैलालीमा थारु माओवादी कार्यकर्ताहरूले आफ्नै जिल्लाका र आफ्नै दलका ठूला नेता र मन्त्री समेत रहेका लेखराज **भट्ट**लाई अखण्ड सुदूर पश्चिमको समर्थनमा खुलेर आएको कारण एक सार्वजनिक कार्यक्रमको दौरान निकै सताएको बताइयो । दलका स्थानीय कार्यकर्ताहरूले आफ्नो अडान परिवर्तन नगरेमा उनलाई "बहिस्कार" गर्ने धम्की दिएको बताइन्छ ।

[५४] सुदूरपश्चिम तराईमा अप्रिल/मे का विरोधहरूको दौरान एनेकपा(माओवादी)का सहभागीहरूको पहिचान हुने गरी थरुहट र थारुवान दुवैको माग सुनियो ।

[५५] थप विवरणका लागि अनुसूचि हेर्नुहोस् ।

[५६] यो प्रतिवेदन लेख्दा समयमा यी दलहरू भर्खर स्थापना भएका थिए र क्षेत्रीय, जिल्ला तथा गाउँ विकास समितिस्तरीय समितिहरू गठन गर्ने प्रक्रियामा थिए । तसर्थ राष्ट्रिय र स्थानीय तहको राजनीतिमा यसको प्रभाव मूल्यांकन गर्न यतिबेला असहज छ । कार्टर सेन्टरका पर्यवेक्षकहरूले यी विकासक्रमको अनुगमन जारी राख्नेछन् ।

[५७] सन् २०११ को शुरुदेखि मध्यसम्म राजनीतिक दलहरूको समर्थन पाएका विभिन्न मधेशी संगठनहरूले नागरिकताको अनिवार्यतासम्बन्धी गुनासोका कारण मतदाता दर्ता प्रक्रियामा अवरोध पुर्याए । ती विवादहरूलाई निर्वाचन आयोगले अन्ततः प्रत्येक जिल्लै पिच्छे समाधान गरेको थियो । पाँच मधेशी दलहरूलाई सरकारको गठबन्धनमा समावेश गर्ने गरी भएको एनेकपा(माओवादी) र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबीचको चार बुँदे सहमतिले पनि वातावरणमा सहजता ल्याउन मद्दत गर्यो र त्यसले मतदाता दर्ता फेरि खुलाउन सहज बनायो । थप जानकारीका लागि हेर्नुहोस्, द कार्टर सेन्टर, "निर्वाचन आयोग नेपालको फोटोसहितको मतदाता दर्ता कार्यक्रमबारेको अन्तरिम वक्तव्य", जनवरी ३१, २०१२ । http://www.cartercenter.org/countries/nepal-peace.html

**तथापि, तराईमा वार्ता गरिएका धेरै व्यक्तिहरूले संविधानसभाको निर्वाचनद्वारा प्राप्त उपलब्धीहरूलाई अघि बढाउन नसकेकोमा मधेशी दलको नेतृत्वप्रति निराशा व्यक्त गरेका छन् ।**

पर्यवेक्षकहरूले महोत्तरीका मधेशी नागरिकहरूमाझ आन्दोलनको फाइदा सर्वसाधारण जनताले नभै मधेशी नेताहरूले मात्र उठाएको धारणामा व्यापकता बताए । मधेशी जनाधिकार फोरम-नेपालका एक प्रतिनिधिले गुनासो गरे, "मधेशी नेताहरू आन्दोलनको उत्साह, वाचा तथा जनताका अपेक्षाहरूलाई पूरा गर्न असक्षम भएका छन् । सरकारमा भएका मधेशी दलहरू बिस्तारै मधेशी एजेण्डाहरूलाई छाड्दैछन् र ठूला दलका प्यादा मात्र बन्दैछन् ।" नवलपरासीका मधेशी जनाधिकार फोरम-लोकतान्त्रिकका एक प्रतिनिधिले "जनतासँगका प्रतिबद्धता र सरकारसँग भएका सम्झौताहरू बिर्सेका" मधेशी नेताहरूलाई दवाव दिनका लागि नागरिक समाजकर्मीहरूले मधेश जागरण अभियान संचालन गरेको बताए ।

सन् २००७ को आन्दोलनबाट सर्वसाधारण नागरिकले थोरै मात्र प्रत्यक्ष फाइदा पाएको धारणा पनि व्यापक थियो । तराईका जिल्लाहरूमा वार्ता गरिएका मधेशीहरूले पर्यवेक्षकहरूलाई मधेशी जनताका निश्चित तप्कामा नागरिकताको पहुँचको अभावबारेको निरन्तर चासोबारे पनि बताए । पर्यवेक्षकहरूले बारा, पर्सा, रूपन्देही, मोरङ र अन्य धेरै जिल्लाका भर्खरै नागरिकता पाएका नागरिकका सन्तान सर्वाधिक प्रभावित रहेका भन्ने गुनासोहरु पनि सुने । पर्साका नागरिकहरूले सामाजिक र आर्थिक अवस्थामा परिवर्तन नआएको, आफूहरू अझै पनि नागरिकता पाउनका लागि संघर्ष गरिरहेको र अझै पनि सरकारी कर्मचारी र प्रशासकहरूद्वारा विभेद गरिने गरेको पर्यवेक्षकहरूलाई बताए । जिल्लाका मधेशी दलका प्रतिनिधिहरूसहित अन्य धेरै व्यक्तिहरूले मधेश आन्दोलनले मधेशी नागरिकहरूसमक्ष गरेका वाचाहरूको तुलनामा प्राप्त गर्न अझै धेरै बाँकी रहेको बताए ।

**पहिचानमा आधारित अभियानकर्ताहरूले पहिचानमा आधारित संगठनहरूको प्रभाव मूलधारका राष्ट्रिय राजनीतिक दलहरूको तुलनामा कम रहेको बारम्बार गुनासो गरे ।**

विभिन्न स्थानीय मुद्दाहरूमा मधेशीदलसहितका राजनीतिक दलहरू पहिचानमा आधारित संगठनहरूभन्दा बढी सशक्त र सक्रिय छन् । धेरै नेपालीहरूका लागि जातीय वा जात समूहसँग सम्बन्ध राख्नु आवश्यक भए पनि अधिकांश जिल्लामा राजनीतिक दलहरूले नै सर्वाधिक प्रभावशाली संगठनको रूपमा आफ्नो स्थान सुरक्षित राखेको पर्यवेक्षकहरूले पाए । अर्घाखाँचीका एक नागरिकले उल्लेख गरेजस्तै, "जनता कुनै पार्टीमा संलग्न हुनैपर्छ, कुनै पनि समस्या परेमा उनीहरूलाई कुनै दलको सहयोग नै चाहिन्छ ।"

यो विशेषत: सरकारका खर्च नियन्त्रण गर्ने स्थानीय विकासको निकायहरूका सन्दर्भमा सत्य थियो । त्यहाँ पनि पहिचानमा आधारित संगठनहरूभन्दा राजनीतिक दलहरूले नै आफ्नो प्रभूत्व कायम राखेका थिए । भ्रमण गरेका लगभग सबै जिल्लाका संगठन प्रतिनिधिहरूले जिल्ला विकास समितिको आदिवासी जनजाति समन्वय समितिमार्फत सीमान्तकृत समुदायहरूको लागि विनियोजन गरिने विकास कोषको पहुँचमा राजनीतिक दलहरूले अवरोध पुऱ्याएको गुनासो गरे ।[५८] ललितपुरका एनेकपा(माओवादी) को तामाङ भातृ समूहका एक प्रतिनिधिले भने, "स्थानीय विकासका बैठक तथा संयन्त्रहरूमा जनजातिको सहभागितामा सुधार भए पनि सन्तोषजनक छैन । वास्तविक यो हो कि शक्ति र पद भए मात्र पूर्ण सहभागिता हुन्छ (जनजाति समूहको सन्दर्भमा), अधिकांश जनजातिको हकमा यसको अभाव रहेको हुँदा उनीहरू अप्ठ्यारो स्थितिमै छन् ।[५९]

उदयपुर र इलामजस्ता केही जिल्लाहरूमा मात्र आदिवासी जनजाति समन्वय समितिका मामिलाहरूमा निर्णय गर्न सक्ने राजनीतिक दलहरूको सामर्थ्यमा नेपाल आदिवासी जनजाति महासंघ गम्भीर चुनौतीको रूपमा देखिएको थियो । ती जिल्लाका नेपाल आदिवासी जनजाति महासंघ प्रतिनिधिहरूले यो सफलता राजनीतिक दलका प्रतिनिधिहरूमाथिको उच्च दवावद्वारा आर्जित भएको दावी गरे । उदयपुरमा नेपाल आदिवासी जनजाति महासंघका बजेटसम्बन्धी मागहरूमा सहमति नजनाउन्जेलसम्म राजनीतिज्ञहरूलाई जिल्ला विकास समितिभित्र तालाबन्द गर्नेसम्मको रणनीति अपनाइएको कथन छ ।

**त्यसो भन्दै गर्दा, संघीयताको मुद्दामा ठूला राजनीतिक दलको प्रभूत्वलाई पहिचानमा आधारित संगठनहरूले चुनौती दिन थालेका छन्, उल्लेख्य रूपमा पूर्वी र सुदूर पश्चिमी क्षेत्रहरूमा ।**

सबैभन्दा ठूला दुई लिम्बुवान घटकहरू (संघीय लिम्बुवान राज्य परिषद् र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्) ले लिम्बुहरू सबैभन्दा ठूलो समुदायको रूपमा रहेका सुदूर पूर्वी पहाडहरूमा उच्च राजनीतिक प्रतिनिधित्व र बृहत सहयोग पाउने प्रयास गरिरहेका छन् । उदाहरणका लागि, ताप्लेजुङमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान

---

[५८] २००६ मा एक नयाँ निर्देशिका लागु गरियो जस अनुसार हरेक जिल्लाको जिल्ला विकास समिति र गाउँ विकास समितिको ३५ प्रतिशत बजेट सीमान्तकृत जनसंख्याका लागि छुट्याउनुपर्ने हुन्छ । जनवरी २०१२ मा सर्वदलीय संयन्त्रहरूको विघटन हुनुअघि सीमान्तकृत समुदायहरूको लागि आर्थिक व्यवस्थापन गर्न गठन गरिएका जिल्ला विकास समिति-आधारित संयोजन समितिहरूले सर्वदलीय संयन्त्रहरूलाई प्रस्ताव गर्थे जसले पछि जिल्ला विकास समिति वा गाउँ विकास समितिका परिषद्हरूमार्फत बजेट विनियोजन गर्थ्यो । त्यस्तो एक समिति जिल्लामा स्थानीय विकास अधिकारीको अध्यक्षतामा रहने आदिवासी जनजाति समन्वय समिति हो । आदिवासी जनजाति समन्वय समितिमा मूख्य राजनीतिक दलहरू, नेपाल आदिवासी जनजाति महासंघ र गैरसरकारी संगठनका प्रतिनिधिहरू सहभागि हुन्छन् । उपाध्यक्ष स्थानीय विकास मन्त्रालयबाट नियुक्त हुने गर्दछन् । कार्टर सेन्टरले यस विषयमा जुलाई २०१२ मा एक संक्षिप्त मस्यौदा निर्माण गरेको छः "स्थानीय विकास रकमहरूमा पहिचानमाआधारित संगठनहरूको पहुँचः पूर्वाञ्चल क्षेत्रको पर्यवेक्षण" । माग भाएमा यसलाई बाँड्नसकिन्छ ।

[५९] त्यस्ता धारणाहरूले जनजाति-आदिवासी संगठनहरूका व्यक्तिहरूले व्यक्त गरेका भावनाहरू प्रतिबिम्वित गर्दछन् र कार्टर सेन्टर ती दावीहरूको यथार्थता मूल्यांकन गर्न सक्दैन भन्ने ख्याल राख्नुपर्छ ।

राज्य परिषद्को जिल्ला समितिमा ब्राह्मण, क्षेत्री र नेवार सदस्यहरू छन् । सन् २००८ मा संविधानसभा निर्वाचनका लागि संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसँग आबद्ध हुने आधिकारिक राजनीतिक दल भएपछि उनीहरू सक्रिय रहेका जिल्लाहरूमा स्थानीय प्रशासनिक निकायहरुमा प्रतिनिधित्व पाएका छन् । ताप्लेजुङजस्ता सुदूर पूर्वी पहाडी जिल्लाहरूमा संघीय लिम्बुवान राज्य परिषद्ले पनि जिल्ला विकास समितिका बैठक तथा जिल्लाको सर्वदलीय संयन्त्रमा समेत सिट पाएका थिए किनभने उनीहरू अन्तरिम संविधान अन्तर्गत  पूर्वी क्षेत्रका मान्यताप्राप्त क्षेत्रीय राजनीतिक दल हुन् ।[६०]

राजनीतिक दलहरूले संघीयता र पहिचान वरिपरिका परिचालनमा पनि आन्तरिक चुनौतीहरूको सामना गरेको देखिन्छ किनकि उनीहरूले यी मुद्दाहरूमा आनाकानी गरेको  देखियो । वास्तवमा, ठूला राजनीतिक दलका केही राजनीतिक नेताहरूले थरुहट आन्दोलन र अखण्ड सुदूरपश्चिमजस्ता प्रतीस्पर्धी एजेण्डाहरूमा अनौपचारिक सहयोग गरेको देखियो । परिणामतः थारु पहिचानमा आधारित धेरै समूहहरू बढी शक्तिशाली भए । तीनमा उल्लेख्य रुपमा थारु स्वायत्त राज्य परिषद, थरुहट-तराई पार्टी नेपाल, थारु कल्याणकारिणी सभाजस्ता संयुक्त थारु संघर्ष समितिभित्रका समूहहरू थिए र साथ साथै अखण्ड सुदूरपश्चिम आन्दोलनभित्रका सुदूरपश्चिम जागरण मञ्च पनि शक्तिशाली भए। संयुक्त थारु संघर्ष समितिले राजनीतिक दलहरू, गैरसरकारी संगठन तथा बेसका (Backward Society Education) पूर्व अध्यक्ष डिल्ली चौधरीलगायतका अन्य नागरिक समाज संगठनआबद्ध थारु नेताहरूलाई एकीकृत गर्ने सामर्थ्यबाट फाइदा उठायो जबकि उक्त क्षेत्रका प्रमुख पहाडी राजनीतिक नेताहरू पर्दा पछाडिबाट अखण्ड सुदूरपश्चिम आन्दोलनलाई सहयोग र समन्वय गरिरहेका देखिए । थप जानकारीका लागि, तल सन् २०१२ को विकासक्रमबारेको विशेष खण्ड हेर्नुहोस् ।

**विगतमा सैन्यवादी/लडाकू छवि बनाएका केही राजनीतिक सम्बन्धन प्राप्त पहिचानमा आधारित संगठनहरूले अप्रिल/मे २०१२ अघि आक्रामक रणनीतिलाई न्यून गर्ने प्रयास गरेर आफ्नो सार्वजनिक छवि झन् सामान्य बनाउनुका साथै उनीहरूको राजनीतिक एजेण्डाप्रति अन्य समुदायहरुलाई विश्वस्त बनाउने प्रयास गरेका थिए ।**

पर्यवेक्षकहरूले पहिचानमा आधारित केही संगठनहरूले आफ्नो सार्वजनिक छवि सुधार्न कदमहरू चालेको र आफ्नो समर्थनको आधार विस्तार गरेको तथ्य प्राप्त गरेका छन् । यो कुनै दलसँग राजनीतिक सम्बन्ध रहेका वा आफ्नै राजनीतिक महत्वाकांक्षाहरू भएका र निर्वाचनमा खडा हुन चाहने समूह वा पहिचानमा आधारित पात्रहरूसँग सम्बन्धित छ । उदाहरणका लागि, मध्य पश्चिम क्षेत्रमा थारु स्वायत्त राज्य परिषद्ले पहिले आइएलओ १६९ कार्यान्वयन गर्ने नाममा जबर्जस्ती असुलीको कार्य संचालन गरेको थियो; तथापि,  सन् २०११ को उत्तरार्द्धतिर पर्यवेक्षकहरूले बर्दिया, दाङ र बाँकेजस्ता जिल्लाहरूमा थारु समूहहरूको जबर्जस्ती असुली घटेको पाए । त्यसबाहेक, सन् २०११ मा कैलाली वा कन्चनपुरमा थारु स्वायत्त राज्य परिषद्का जबर्जस्ती चन्दा अभियानको कुनै पनि स्पष्ट जानकारी पाएनन् जसको उदाहरण कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २००९ मा उल्लेख गरेका थिए ।

पूर्वी नेपालमा पनि लिम्बुवान स्वयंसेवकजस्ता पहिचानमा आधारित संगठनसम्बद्ध युवा समूहहरूको चन्दाका लागि दवाव तथा जबर्जस्ती असुलीजस्ता आपराधिक क्रियाकलापका गतिविधिहरू सन् २००९ र २०१० देखि धेरै घटेको पाए । उक्त समयमा पर्यवेक्षकहरूले ति समूहका बारेमा  व्यापक  गुनासोहरू सुनेका थिए । यस्तो देखिनुको कारण लिम्बुवान समूहका दुवै घटकहरू ( संघीय लिम्बुवान राज्य परिषद् र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्) ले राजनीतिक सम्मान र भविष्यको निर्वाचनमा व्यापक सहयोग खोज्नु र खासगरी लिङ्देन नेतृत्वको संघीय लिम्बुवान राज्य परिषद्ले संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चको सम्बन्धन प्राप्त गरेर आधिकारिक राजनीतिक दलको मान्यता पाउनु थिए । त्यसो भन्दैगर्दा, नेपालभरि अन्तर्वार्ता गरिएका अधिकांश व्यक्तिहरूले लिम्बुवान स्वयंसेवक, मधेशी युवा समूह तथा अन्य समूहहरूले आफ्ना नीतिहरूलाई मर्यादित बनाएको भए पनि तिनीहरूले अझै पनि आफ्नो सम्बन्ध रहेको समूहका लागि "भौतिक शक्ति" प्रदान गरी नै रहेको बताए ।[६१]

**समीक्षा अवधिमा पहिचान समूहहरूको ठूलो असन्तुष्टि अन्य समुदायहरूभन्दा पनि केन्द्रीय सरकार र प्रशासनप्रति थियो, तथापि अप्रिल/मे २०१२ को विरोधका दौरान केही स्थानमा यो प्रवृत्तिमा परिवर्तन भएको थियो ।**

नेपालभरिका धेरै पहिचानमा आधारित संगठनहरूले आफ्ना मागहरूलाई अन्य समुदायहरूको विरोध गर्नमा भन्दा पनि स्थानीय प्रशासन र काठमाडौंको केन्द्रीय सरकारतर्फ बढी केन्द्रित गरे । यी मागहरू संघीय राज्यको मागदेखि राज्यको स्रोतसाधनमा पहुँच र जिल्ला विकास समिति तथा स्थानीय विकासका बजेट विनियोजन गर्ने अङ्गहरूमा थप प्रतिनिधित्वको मागसम्म थिए । पर्यवेक्षकहरूले यसको दृष्टान्त कन्चनपुर, दाङ, ओखलढुंगा, सिराहा, काठमाडौं उपत्यका र अर्घाखाँचीमा पाए । उदाहरणका लागि, दाङमा सन् २०११ को अन्त्यतिर पर्यवेक्षकहरूले नेपाल आदिवासी जनजाति महासंघ र थारु स्वायत्त राज्य परिषद्का मागहरूको विशेष सूचि प्राप्त गरे जसमा जिल्ला विकास समितिमा थप प्रतिनिधित्व, बजेटको १५ प्रतिशत आदिवासी जनतालाई प्रदान गरिनुपर्ने जसको नियन्त्रण

---

[६०] तथापि, ताप्लेजुङमा संघीय लिम्बुवान राज्य परिषद्का विभिन्न प्रतिनिधिहरूले विशेष गरी गाउँ विकास समिति तहका विद्यालयमा नियुक्तिमा गरिने निर्णय र अन्य स्थानीय विकास गतिविधिमा आफ्नो दलको प्रभाव मूलधारका राजनीतिक दलहरूको जस्तै नरहेको गुनासो गरे ।

[६१] योङ कम्युनिष्ट लिग (एनेकपा(माओवादी)सम्बद्ध), युथफोर्स (नेकपा-एमालेसम्बद्ध, पछि नाम फेरेर युवा संघ नेपाल बनाइएको), तरुण दल (नेपाली कांग्रेससम्बद्ध) जस्ता राजनीतिक दलका युवा समूहहरूलाई आफ्नो दलका लागि राजनीतिक विरोधीहरूलाई धम्क्याउन, जबर्जस्ती असुली गर्न तथा विकास कार्यका ठेकेदारहरूको टेन्डर प्रक्रियामा लाभको व्यवस्था गर्न र त्यस्तै अन्य कार्यमा उपयोग गरिने गरेको आरोप बारम्बार लाग्ने गरेको छ । धेरै नयाँ राजनीतिक दलहरूले यो ढाँचाको अनुसरण गरेका छन् र यसै उद्देश्यका साथ आफ्ना युवा समूहहरू स्थापना गरेका छन् । राजनीतिक दलका युवा समूहहरूबारे थप जानकारीका लागि हेर्नुहोस्, द कार्टर सेन्टर, "नेपालका राजनीतिक दलका युवा समूहहरू", फेब्रुअरी २०११ । http://www.cartercenter.org/countries/nepal-peace.html

नेपाल आदिवासी जनजाति महासंघले गर्ने, सरकारले आइएलओ १६९ को कार्यान्वयन गर्नुपर्ने तथा नेपाल आदिवासी जनजाति महासंघलाई जिल्ला विकास समिति बोर्डमा एक सिट दिनुपर्ने लगायत थिए।[६२] तत्पश्चात्, सिराहामा सन् २०१२ को शुरुतिर नेपाल आदिवासी जनजाति महासंघ र नागरिक समाज प्रतिनिधिहरूले विभिन्न पहिचानमा आधारित समूहहरूले केन्द्रीय सरकारबाट बढी शक्ति प्राप्त गर्नमा लक्षित अरु समूहका गतिविधि तथा मागप्रति समर्थन जनाएको पर्यवेक्षकहरूलाई बताए ।

तथापि, पछिल्लो खण्ड र अनुसूचिमा उल्लेख भएजस्तै, संविधानसभाको म्याद नजिकिँदै गर्दा कन्चनपुर, कास्की, कैलाली, नवलपरासी र मोरङ (अन्य जिल्लाहरूमध्ये) मा स्थानीय तहमा केन्द्रित तनावहरू उत्पन्न भएको जानकारी पर्यवेक्षकहरूलाई दिइयो । ती स्थानहरूमा विरोधका दौरान विभिन्न पहिचानमा आधारित समूहहरूद्वारा संघीयताका सम्बन्धमा फरक फरक मागहरू जितहारको अवस्थातर्फ बढ्दै गैरहेको देखिएकाले साम्प्रदायिक द्वेष अन्य जातीय वा जाति समूहहरूका साथसाथै काठमाडौंको राजनीतिक संस्थापनविरुद्ध लक्षित भएको पाइयो ।

### ख. संघीयताबारे बहस र छलफलहरू

**पर्यवेक्षकहरूले फरक धारणा राख्ने समूहहरूबीच संघीयताका विषयमा भावी संघिय राज्यहरूको, विषेशगरी भौगोलिक सीमा, अल्पमत समूहहरूको संरक्षण र स्वायत्त क्षेत्रहरूबारे छलफल भएको खासै धेरै जानकारी पाएनन् ।**

यो एक महत्वपूर्ण मुद्दा हो किनभने नेपालका अधिकांश जिल्लाहरूमा कुनै एक समुदायको स्पष्ट बहुमत छैन र जात र जातीय समूहहरूको मामिलामा जिल्लाहरू विविधतायुक्त छन्, विभिन्न पहिचानमा आधारित संगठनहरूले दावी गरेका मिश्रित जिल्लाहरूको अवधारणाको संघीय भविष्य पनि अस्पष्ट नै छ । तथापि, विभिन्न पहिचानमा आधारित संगठनहरूले दावी गरेका कैलाली र कञ्चनपुर, सुनसरी, स्याङ्जा, चितवन, संखुवासभा वा सोलुखुम्बु जस्ता जिल्लाहरू आफ्नो पक्षको संघीय राज्यभित्र पारिनुपर्ने दाविहरु परस्पर विरोधी भए पनि उनीहरूका ति दावीलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा ती समूहहरूबीच भएको छलफलको पर्यवेक्षकहरूले थोरै मात्र प्रमाण पाए ।

पर्यवेक्षकहरूलाई जिल्लामा अल्पमतमा रहेका र संघीय राज्यका प्रस्तावित सीमाबारेका छलफलहरूमा समावेश नगरेको महसुस गरेका जातीय समूहहरूले त्रास व्यक्त गरेको बताइयो । उदयपुरका थारु कल्याणकारी सभाका प्रतिनिधिहरू प्रस्तावित राज्यका सीमाका सन्दर्भमा आफूहरूहरु सम्मिलित र अन्य पहिचानमा आधारित संगठनहरूबीच हुनुपर्ने राजनीतिक छलफलको अभाव रहेकोमा चिन्तित थिए । थारु कल्याणकारिणी सभाका प्रतिनिधिहरूले संविधानसभाको राज्य पुनर्संरचना समितिमा प्रस्तावित पूर्वी थारु राज्य (सप्तरीको सम्पूर्ण भूभाग, सिराहा, सुनसरीका केही भाग र उदयपुरका ७ दक्षिणी गाउँ विकास समितिहरू र जिल्ला सदरमुकामको आधा भाग) को योजना पेश गरेको बताए । तथापि, उनीहरू सीमासम्बन्धमा स्थानीयस्तरमा अन्य समूहहरूसँग छलफल गर्न सफल भएका छैनन् ।

नोभेम्बर २०१२ मा नेपालगञ्जमा पुगेका पर्यवेक्षकहरूलाई बाँके जिल्लामा त्यस समयको अवस्था शान्त रहेको भए पनि विभिन्न समूहहरू र पहिचानमा आधारित संगठनहरूबीचको सम्बन्धलाई सौहार्द भन्न नसकिने बताइयो । बरु, कुनै पनि गतिविधि नभएको कारणले त्यस्तो अवस्था भएको बताइयो । राजनीतिक अवसर आउनेबित्तिकै यो अवस्थामा तत्काल परिवर्तन हुन सक्ने स्थिति थियो । अन्तर्वाता गरिएका व्यक्तिहरूले वर्तमान सामान्य वातावरणमा वार्ताको अभावका कारण विभिन्न समूहहरूबीच संघीय दावीहरूमाथि प्रतीस्पर्धाका विषयमा टुंगो लाग्न बाँकी मुद्दाहरूको समाधान खोज्न सकिने अवसर गुमेकोमा चिन्ता व्यक्त गरे ।

**पर्यवेक्षकहरूले पूर्वाञ्चलका पहाडी क्षेत्रहरूमा केही समूहहरूले प्रस्तावित संघीय राज्यहरू समावेशी र भेदभावमूक्त हुने कुरामा जोड दिँदै गरी अन्य समुदायहरूसम्म बिस्तार बढाउने प्रयास गरिरहेका पृथक दृष्टान्तहरू भेटे ।**

ताप्लेजुङ, इलाम र झापामा पर्यवेक्षकहरूले लिम्बुवान समूहका समितिहरूमा ब्राह्मण र क्षेत्रीसहित अन्य समुदायका सदस्यहरू रहेको पाए । यसबाहेक, संघीय लिम्बुवान राज्य परिषद्का दुवै समूहहरूले सेप्टेम्बर २०११ मा लिम्बुवान राज्य लिम्बुहरूको लागि मात्र नहुने भन्दै सर्वसाधारणलाई पुनः विश्वस्त बनाउने प्रयास गरे र भावी लिम्बुवान राज्यमा गैर-लिम्बु (ब्राह्मण र क्षेत्रीहरूलगायत) को सुरक्षालाई संरक्षण गर्ने आफ्नो प्रतिबद्धतामा जोड दिए । संघीय लिम्बुवान राज्य परिषद्का जिल्ला प्रतिनिधिहरूले यस्तो पनि भने, "हामी ब्राह्मण र क्षेत्रीहरूलाई सहयोग गर्न प्रतिबद्ध छौं... हामी उनीहरूको लागि अप्ठ्यारो बनाउँदैनौं ।"[६३] ताप्लेजुङमा नेपाल पत्रकार महासंघका प्रतिनिधिहरूले संघीय लिम्बुवान राज्य परिषद्का नेता सञ्जुहाङ पालुङ्वाले भावी लिम्बुवान राज्य सबै समुदायलाई समेट्ने "बहु-रङ्गीन राज्य" होस् भन्ने टिप्पणी गरेको बताए । ठूला राजनीतिक दलका अधिकांश व्यक्तिहरूका साथै

---

[६२] काठमाडौं उपत्यकामा नेवारी समूहहरूको भ्रमण गरेका पर्यवेक्षकहरूले पहिचानमा आधारित संगठन नेपाल भाषा मंका खलका प्रतिनिधिहरूसँग भेट गरे जसको मुख्य एजेण्डा राज्यले नेवारीलाई सरकारी राज्यको मान्यता दिनुपर्छ, र नेवारहरूलाई नेवारीमा बोल्ने र लेख्ने स्वतन्त्रता हुनुपर्छ, भन्ने छ ।

[६३] कार्टर सेन्टरका समूहहरूले डिसेम्बर २०१२ मा पूर्वाञ्चल क्षेत्रका विभिन्न जिल्लाहरूमा संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चसम्बद्ध संघीय लिम्बुवान राज्य परिषद्द्वारा सार्वजनिक कार्यक्रमहरूका दौरान यो सन्देश व्यक्त गर्दै गरेको पर्यवेक्षण गरे ।

पहिचानमा आधारित संगठनहरूले भावी लिम्बुवान राज्य "सबैका लागि" समावेशी हुनेमा आफूहरू विश्वस्त रहेको कुरा गरे । तथापि, यो धारणा जिल्ला सदरमुकाम तथा गाउँ विकास समितिका सर्वसाधारणहरूमाफ कति राम्ररी व्यक्त गरिएको छ भन्ने अस्पष्ट थियो । वास्तवमा, संघीय लिम्बुवान राज्य परिषद्का दुवै समूहका यी प्रयासहरू प्रशंसनीय छन्, पर्यवेक्षकहरूले पूर्व क्षेत्रमा अन्य समुदायहरूलाई यस्ता स्पष्ट सुनिश्चितता दिने कार्य लिम्बुवान समूहहरूमा मात्र सीमित रहेको पाए ।

### उ. पहिचानमा आधारित परिचालनहरू, अप्रिल/मे २०१२

माथि वर्णन गरिएजस्तै, समीक्षा अवधिलगायत संविधान निर्माण प्रक्रियाको अवधिभरि पहिचानमा आधारित संगठनहरूले गतिविधि संचालन गरिरहेका छन् । विरोध कार्यक्रम तथा हड्ताललगायत अधिकांश गतिविधिहरू शान्तिपूर्ण रहेका छन् र राष्ट्रिय-तहको उच्च ध्यानाकर्षण गरेका छैनन् । तथापि, पहिचानमा आधारित गतिविधि जित र हारको रूपमा ग्रहण गरिने खालका निर्णय हुँदा वा निर्णय होला जस्तो लाग्ने मुख्य राष्ट्रिय घटनाक्रमका समयमा बढेको देखिन्छ । समीक्षा अवधिमा यस्तो प्रवृत्ति मे २७, २०१२ को संविधान निर्माण समयसीमा नजिकिँदै गर्दा पर्यवेक्षण गरियो ।

यो खण्डले संविधानसभा विघटन हुने क्रममा भएका पहिचानमा आधारित परिचालनका क्रियाकलापसम्बन्धी प्रवृत्ति र तिनको प्रभाव, अप्रिल/मे २०१२ मा गरिएका विभिन्न सम्झौता र निर्णयहरूका साथसाथै तनाव न्यूनीकरणका लागि अपनाइएका माध्यमहरूबारे उल्लेख गर्दछ । समीक्षा अवधिमा पाइएकाभन्दा फरक प्रवृत्तिहरूलाई तिनको सान्दर्भिकताअनुसार उल्लेख गरिएको छ । यो खण्डले मूलधारका राजनीतिक दल तथा तिनका जातीय भातृ समूहहरूबीचको तनावबारे पनि छलफल गर्नेछ र सान्दर्भिकता अनुसार संविधानसभा विघटन भएछि ती प्रवृत्तिको निरन्तर प्रभावबारे पनि उल्लेख गर्नेछ । यो अवधिमा साम्प्रदायिक सम्बन्धमा विरोधहरूले पारेको प्रभावबारे यसपछिको खण्डमा छलफल गरिएको छ । एकातिर जनजाति-आदिवासी समूहहरू र अर्कोतिर ब्राह्मण/क्षेत्री संगठनहरू भइ ध्रुवीकरण बढेको सत्य भएता पनि यस कारणले मात्र तनाव नभएको तथ्य ख्याल राख्नु पर्छ । वास्तवमा, यी तनावहरू माओवादी कार्यकर्ताहरूको भूमिका तथा क्षेत्रीय संयुक्त समूहहरू (विशेषतः अखण्ड सुदूरपश्चिम आन्दोलन) ले पनि गराएका थिए । देशका थुप्रै भूभाग, मुख्यतः ग्रामीण क्षेत्रहरू यी तनावहरूबाट मुक्त रहे ।

#### क. सन् २०१२ को संविधानसभा समयसीमाको सेरोफेरोका पहिचानमा आधारित परिचालनहरूमा परिवर्तन

**सन् २०१२ को संविधान निर्माण गर्ने म्याद नजिकिँदै गर्दा धेरै पहिचान अभियानकर्ताहरूमा "अहिले नै वा कहिल्यै पनि होइन" भन्ने सशक्त मानसिकता देखियो ।**

कार्टर सेन्टरका पर्यवेक्षकहरूले पहिचानमा आधारित धेरै अभियानकर्ताहरूले सन् २०१२ को संविधानसभाको समयसीमालाई जातीयतामा आधारित संघीयताको पक्ष वा विपक्षमा वा संघीय राज्यहरूको नाम र संख्याका सम्बन्धमा आफ्ना महत्वाकांक्षाहरू उजागर गर्ने अन्तिम अवसरको रूपमा लिएजस्तो मनोभाव उल्लेख गरे । नवलपरासीका इन्सेक प्रतिनिधिले "यदि अहिले नै केही गरिएन भने नयाँ संविधानमा केही पनि पाइनेछैन" भन्ने मान्यतामा यो अवधिलाई सबै समूहहरूले "आफ्नो पहिचानको लागि यथार्थ संघर्ष" को रूपमा हेरेको बताए । उच्च अडानहरूको यो वातावरणमा पहिले गुटबन्द भएका आन्दोलनहरू एकत्रित भए, अभियानकर्ताहरूले बन्दलाई असामान्य रूपमा कडा बनाए वा त्यसको विरोध पनि उत्तिकै सशक्तरूपमा गरे र सरकार तथा अन्य समुदायविरुद्धको आवाज बुलन्द भयो । माथि उल्लेख गरिएजस्तै, मे २०१२ को समयसीमाले त्यसै कारण विशेषगरी नेपाल आदिवासी जनजाति महासंघ र अन्य आदिवासी जनजाति संगठनहरूलाई संयुक्त आदिवासी जनजाति संघर्ष समितिमार्फत देशभरि विरोधका लागि विषय प्रदान गऱ्यो । यसले नवगठित राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयुक्त संघर्ष समितिलाई देशभरि नै ठूला परिचालन तथा संगठन विस्तार गर्न पनि उर्जा प्रदान गऱ्यो ।[६४]

**मे २७ को समयसीमाअघि विभिन्न पहिचान समूहहरू प्रतीस्पर्धी दावीका साथ कार्यक्रम गर्नमा उत्तिकै सशक्त रहेका "विवादित" भौगोलिक क्षेत्रहरूमा अत्यधिक तनाव थियो ।**

उदाहरणका लागि, कैलाली र कास्की दुवै जिल्ला भिन्नाभिन्नै पहिचान समूहले विवाद गरेका स्थानहरू थिए (कैलालीमा अखण्ड सुदूरपश्चिम नागरिक आन्दोलन परिचालन समिति तथा संयुक्त थारु संघर्ष समितिले प्रतीस्पर्धी विरोध कार्यक्रमहरू शुरु गरे र कास्कीमा जनजाति समूहहरू तथा ब्राह्मण समाज र क्षेत्री समाज नेपालले एकअर्काका राजनीतिक मागको विरोध गर्न सार्वजनिक प्रदर्शनहरूको आयोजना गरे) । यस विपरित, पूर्वाञ्चलका लिम्बु क्षेत्रहरूमा पहिचानमाआधारित संगठनहरू र लिम्बुवान समूहहरूको सक्रियताको उच्चता देखिए पनि मे २७ नजिकिँदै गर्दा ती क्षेत्र तुलनात्मक रूपमा शान्त थिए । उल्लेख गरिएभैँ, वार्ता गरिएका केही व्यक्तिहरूले लिम्बुवान समूहहरू आफ्नो शक्तिमा विश्वस्त भएको र उनीहरूको पकडलाई चुनौती दिनसक्ने उत्तिकै सशक्त समूहको अनुपस्थितिले गर्दा त्यस्तो शान्ति भएको बताए ।

---

[६४] कास्की, रूपन्देही तथा नवलपरासीमा जातीय संघीयताको विरुद्धमा सहकार्य गर्न त्यस्ता र अन्य समितिहरू गठन गरिए । उदाहरणका लागि, सन् २०१२ को दोश्रो खण्डमा सुदूरपश्चिमको भ्रमण गरेका कार्टर सेन्टरका पर्यवेक्षकहरूले सूदूर पश्चिम जागरण मञ्च महाकाली अंचलका जिल्लाहरूमा (बैतडी, दार्चुला, डडेल्धुरा र कन्चनपुर) मात्र बढी सीमित देखिएको बताए । पर्यवेक्षकहरूले त्यस क्षेत्रका अन्य जिल्लाहरूमा उक्त संगठनको उपस्थितिबारे थोरै मात्र प्रमाणहरू प्राप्त गरे ।

**अनपेक्षित देखिएका क्षेत्रहरूमा पनि पहिचानमा आधारित परिचालन तीव्र रूपमा वृद्धि भए।**

पश्चिम र सुदूरपश्चिम दुवै क्षेत्रमा रहेका कार्टर सेन्टरका पर्यवेक्षकहरूले उनीहरूको क्षेत्रका केही भागहरूमा पहिचानमा आधारित परिचालन कत्ति चाँडो र सशक्त रूपमा भयो भन्नेमा आश्चर्यमा परेको उल्लेख गरे। यो आन्दोलन हुनुभन्दा अगाडि राज्य पुनर्संरचनाका बारे नागरिकहरूमा रहेका सशक्त धारणाहरूको प्रतिबिम्ब नभएको पनि हुन सक्छ। उदाहरणका लागि, कास्की जिल्लामा गरिएका अघिल्ला पर्यवेक्षणहरूले धेरै नागरिकहरूलाई संघीयतामा चासो नभएको वा उनीहरू यसबारे पूर्णतः अनभिज्ञ रहेको र राज्य पुनर्संरचनाबारे पनि सशक्त धारणा नभएको संकेत गरेका थिए। तथापि, मे २७ को समयसीमा आउँदै गर्दा पोखरामा आदिवासी-जनजाति तथा ब्राह्मण/क्षेत्री दुवै समूहहरू सडकमा ठूलो संख्याका साथ अत्यन्त शीघ्र परिचालित भए। कार्टर सेन्टरको अघिल्लो पर्यवेक्षण भ्रमणमा धेरै ब्राह्मणहरूले जिल्लामा ब्राह्मण समाजको उपस्थितिबारे आफूहरू जानकार नभएको उल्लेख गरेका नवलपरासीमा पनि त्यस्तै सक्रियता देखियो, तैपनि थारु र ब्राह्मण समर्थकहरूबीच झडप तीव्र रूपमा वृद्धि भयो।

केही स्थानहरूमा पहिलेदेखिका संरचनाहरूकै उपयोगमा तीव्र परिचालनलाई सघाइएको थियो। उदाहरणका लागि, थारु क्षेत्रहरूमा भेला र विरोधमा सहभागी गराउनका लागि नागरिकहरू परिचालन गर्न परम्परागत बडघर वा भलमन्साका गाउँ नेताहरूको संजाललाई उपयोग गरिएको बताइयो।[६५] सुदूरपश्चिम क्षेत्रमा वार्ता गरिएका व्यक्तिहरूद्वारा अखण्ड सुदूरपश्चिम समर्थकहरू आफ्ना विरोध कार्यक्रमका लागि समर्थकहरूको पहिचान र परिचालन गर्न विद्यमान दलीय संजालभित्र नै छिरेको पर्यवेक्षकहरूलाई बताइयो।

**संघियता पक्षधर जनजाति आदिवासी समूहहरू (र केही मामिलामा एनेकपा(माओवादी) एकातिर र ब्राह्मण/क्षेत्री वा "क्षेत्रीय एकता" समूहहरू अर्कोतिर भै दुई समूहहरूबीचको ध्रुवीकरणले धेरै जिल्लामा तनाव र केही जिल्लामा हिंसात्मक झडपहरू निम्त्यायो।**

अप्रिल/मे २०१२ को अवधिमा पूर्व, पश्चिम र सुदूर पश्चिमलगायत देशका अधिकांश भूभागमा जनजाति आदिवासी संगठनहरू तथा ब्राह्मण र क्षेत्री संगठनहरू र अखण्ड सुदूरपश्चिम आन्दोलनका बीच ध्रुवीकरणको स्तरमा वृद्धि भएको दीर्घकालीन पर्यवेक्षकहरूले जानकारी दिए। यो विभाजनलाई जातीय वा पहिचानमा आधारित संघीयताको पक्षमा वकालत गर्ने (जस्तै जनजाति आदिवासी समूहहरू) र ती ढाँचाहरूको विरोधमा वकालत गर्ने (जस्तै ब्राह्मण/क्षेत्री, माथिल्लो जातका भनिएकाहरूका अन्य संगठनहरूका साथसाथै सुदूरपश्चिमको मामिलामा फरक ऐतिहासिक पहिचान भएको तर्क गर्ने क्षेत्रिय नेताहरू) समूहहरूबीचको ध्रुवीकरणका रूपमा पनि बुझ्न सकिन्छ। उनीहरू आन्तरिक विषमतासहितका बृहत समूहहरू भए पनि एकअर्काको विरुद्ध एकीकृत भए। अनुसूचिमा उल्लेख गरिएजस्तै, कैलाली, कन्चनपुर, कास्की र नवलपरासीका केही शहरी क्षेत्रहरूमा संघीयतासँग सम्बन्धित ध्रुवीकरणका कारण तनाव वा हिंसात्मक घटनाहरू देखियो।

तीनै जिल्लाका कैयौ ग्रामीण क्षेत्र वा साना शहरहरू कुनै पनि खालका झडप, तनाव वा ध्रुवीकरणबाट मुक्त रहेको ख्याल राख्नु महत्वपूर्ण छ। तथापि, देशको एक भूभागका आदिवासी जनजाति समर्थकहरूले अर्को भूभागका समर्थकहरूसँग ऐक्यबद्धता जनाउँदै प्रदर्शन गरेपछि यो ध्रुवीकरण स्थानीय घटना मात्र नभई राष्ट्रव्यापी रूपमा प्रतिबिम्बित भयो।[६६] अपितु, कैलाली र रूपन्देहीजस्ता जिल्लाहरूका दुर्गम क्षेत्रका जनताहरू जिल्लाका शहरी केन्द्रहरूमा भएका विरोध कार्यक्रमहरूमा सक्रियता साथ सहभागी भएको कार्टर सेन्टरका पर्यवेक्षकहरूलाई बताइएको थियो।

आदिवासी-जनजाति संगठन र ब्राह्मण क्षेत्री संगठनका साथै अन्य क्षेत्रिय एकता आन्दोलनहरूबीचको ध्रुवीकरण एकअर्काको भन्दा सशक्त बन्द गराउने प्रतिस्पर्धाका प्रयासमा पनि देखिए। इलामका नेपाल आदिवासी जनजाति महासंघका एक प्रतिनिधिले पर्यवेक्षकहरूसँग भने, "हामी हाम्रो बन्दलाई ब्राह्मण/क्षेत्रीको बन्दभन्दा सशक्त बनाउने प्रयास गरिरहेका छौं।" संविधानसभाको समयसीमापछि रोल्पाको भ्रमण गरेका पर्यवेक्षकहरूलाई पनि राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयूक्त संघर्ष समितिले आह्वान गरेको बन्दपछि नेपाल आदिवासी जनजाति महासंघले गराएको बन्दको बेलामा "प्रतिस्पर्धी" भावना आएको बताइएको थियो। यसको अर्थ त्यो कार्यक्रमलाई कम्तीमा पनि राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव संयूक्त संघर्ष समिति ले गरेको बन्दजत्तिकै कडा बनाउने आकांक्षा थियो। अझ, नवलपरासीमा संयुक्त थरुहट संघर्ष समितिले मे ८, २०१२ मा गरेको बन्दको दौरान बुटवलको भेलामा जाँदै गरेका संयुक्त संघर्ष समिति (ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी र दलित) समर्थकहरूलाई रोक्दा भएको सामान्य झडपले उग्र रूप लियो। समूहले डण्डा बजारको एक थारु संग्रहालयमा तोडफोड गरेर थारु प्रदर्शनकारी विरुद्धको बदला लियो। त्यसपछि थारु युवाहरूले कावासोतीमा गरेको प्रदर्शन दुवै समूहबीचको झडपमा परिणत भयो र प्रहरीले संयुक्त थरुहट संघर्ष समिति समर्थकहरूमाथि साँच्चैका र रबरका गोलीहरू चलाए जसबाट उनीहरूतर्फ १३ जना घाइते भए (तीमध्ये चार गम्भीर घाइते भए, घाइतेमध्ये एक जनाको जुन महिनामा मृत्यु भयो र थप विरोधका आवाजहरू उठे)।[६७]

---

[६५] बडघर (कहिलेकाहीं भलमन्सा वा महतवा पनि भनिने गरेको) प्रणाली तराईका थारु समुदायमा व्यक्तिगत र सामाजिक मुद्दाहरू समाधान गर्ने परम्परागत संरचना हो। यो दशकलामो द्वन्द्वका कारण अत्यन्त प्रभावित र क्षति पू-याइएको भए पनि अझै पनि प्रचलित र प्रयोगमा छ। बडघरहरू एक वर्षसम्म गाउँको मुख्य व्यक्ति भै काम गर्न, द्वन्द्वको मध्यस्थता गर्न, सामुदायिक कामका लागि गाउँलेहरूलाई परिचालन गर्न तथा महत्वपूर्ण सामुदायिक मुद्दाहरूमा गाउँलेहरूबीच छलफल गराउनका लागि समुदायबाट छानिन्छन्, कहिलेकाहीं निर्वाचित हुन्छन्। हालैका वर्षमा थारु नागरिक समाजका प्रतिष्ठित अगुवा डिल्ली चौधरीको संरक्षणमा तराईका विभिन्न जिल्लाका बडघरहरूको छाता संगठन पनि स्थापित भएको छ जसको नाम "भलमन्सा, बडघर, महतवा महासंघ" हो। संगठनले स्थानीय निकायहरूले बडघरको स्थानलाई आधिकारिक मान्यता दिनुपर्ने माग राखेको छ।

[६६] उदाहरणका लागि, कार्टर सेन्टरका पर्यवेक्षकहरूले मे २०१२ मा इलाम बजारमा नेपाल आदिवासी जनजाति महासंघले आयोजना गरेको विरोधका दौरान अखण्ड सुदूरपश्चिम आन्दोलनजस्ता अन्य क्षेत्रका जातीय संघीयताका विपक्षीहरूका विरुद्ध नारा लगाएको सुने।

[६७] थप जानकारीका लागि, हेर्नुहोस्, 'Four Hurt in Nawalparasi Police Firing,' द हिमालयन टाइम्स, मे १०, २०१२

कैलालीमा मे ११, २०१२ मा प्रहरीले धनगढीको सेती अस्पतालको हाताभित्रै थरुहट प्रमुख नेता लक्ष्मण थारुलगायतका थारु समर्थकहरूलाई पिटेपछि स्थिति तनावपूर्ण बन्यो । त्यस दिन र विरोधहरूका दौरानमा प्रहरीको व्यवहारले जिल्ला प्रशासन र प्रहरीलाई पक्षपात गरेको गम्भीर आरोप समेत लाग्यो र त्यसमाथि गृहमन्त्री विजय गच्छदारले प्रहरी उपरीक्षकका क्रियाकलापको निन्दा गर्दै उनलाई सरुवा समेत गरे ।

अप्रिल/मे महिनामा सुदूरपश्चिममा भएका तनावहरूमा पाइएको एउटा ध्यान खिच्ने पक्ष विरोधहरूमा माओवादी कार्यकर्ताहरूले खेलेको भूमिका थियो । उदाहरणका लागि, कैलालीमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले संयुक्त थारु संघर्ष समितिका प्रदर्शनहरूमा एनेकपा(माओवादी) को प्रभुत्व देखे ।[६८] बदलामा, अखण्ड सुदूरपश्चिमका नाराहरू थरुहट वा थारुवान राज्यको मागको विरोधभन्दा माओवादी अध्यक्ष प्रचण्डको विरोधमा नै बढी लागे ।

**तथापि, संविधानसभाको समयसीमा नजिकिँदै गर्दा जातिय संघीयताको विरोध गरिरहेका समूहहरुले मात्र झडप गरिरहेका थिएनन् ।**

केही जिल्लाहरूमा मे २७, २०१२ को संविधान निर्माण समयसीमाअघि भएका संघीयतावादी छलफल र धेरै पहिचानमा आधारित समूहहरूका सक्रियतामा वृद्धिले अन्य विरोधी समूहहरूबीच झडप निम्तियो । जुन २०१२ मा कपिलवस्तुको भ्रमण गरेका पर्यवेक्षकहरूले संघीयतावादी छलफलहरूले जिल्लाका केही क्षेत्रहरूको पुरानो साम्प्रदायिक तनावलाई झन् बिगारेको पाए । उदाहरणका लागि, तौलिहवामा मे २०१२ मा भएको थारु बन्दको दौरानका विरोध कार्यक्रमहरू थारु र मधेशी बीचको झडपमा परिणत भए । स्थानीय मुस्लिमहरूले पनि थारु बन्द तोड्ने प्रयास गरे जसले तनाव झन् बढ्न पुग्यो । तथापि, वार्ता गरिएका धेरै व्यक्तिहरूले संघीयताको मुद्दामा गम्भीर समस्या नरहेको र प्रहरी तथा नागरिक समाज समूहहरूको (तल हेर्नुहोस्) प्रयासले तनाव केही शहरी क्षेत्रमा मात्र सीमित रहेको बताए ।

थपरुपमा, धेरै जिल्लाहरूमा भएका संघीयतासम्बन्धी गतिविधिहरू आफ्नो क्षेत्रको संघीयताको प्रकारका बारेमा भिन्न धारणा राख्ने समूहहरूबीच झडपमा परिणत भएनन् । उदाहरणका लागि, जुलाई २०१२ मा सुनसरीको भ्रमण गरेका पर्यवेक्षकहरूलाई बहुसंख्यक सक्रिय पहिचानमा आधारित समूहहरूले संघीयताको समर्थन गरेको बताइयो । जिल्लाको केही वा पूरै भूभागलाई प्रस्तावित मधेशी, थारु, कोचिला, लिम्बु र खुम्बुका लागि दावी गरियो जसले उच्च प्रतिस्पर्धा र विवादको सम्भावना बन्यो । संविधानसभाको म्याद सकिनुअघि धरानमा राई र लिम्बुहरूबीच तनाव उच्च रहेको बताइयो । तथापि, जिल्लामाथि विभिन्न खाले संघीय दावीहरू रहे पनि मे २७, २०१२ को संविधान निर्माण समयसीमा निकट आउँदासम्म कुनै खाले हिंसा भएन ।

### ख. अप्रिल/मे २०१२ र त्यसपछिको समयमा पहिचानमा आधारित पात्रहरूबीचको सम्बन्ध

**पर्यवेक्षकहरूले विभिन्न जात र जातीय समूहका समर्थक तथा केही हदसम्म नागरिकहरूको बीचमा पनि "हामी र उनीहरू" को सोचाइ बढ्दो रूपमा रहेका पृथक उदाहरणहरूबारे जानकारी दिए । यो संघीयताका बहसहरूसँग जोडिएको थियो र साम्प्रदायिक सम्बन्ध "सौहार्द" रहेको भनिएका क्षेत्रहरूमा पनि यस्तो देखियो ।**

नेपालका प्रायजसो जिल्लाको भ्रमण गरेका पर्यवेक्षकहरूले धेरै जिल्लाहरुमा संघीयतासँग जोडिएका हिंसा तुलनात्मक रूपमा कम भए पनि संविधानसभाको समयसीमा नजिकिँदै गर्दा र सकिएपछि जनजाति र ब्राह्मण/क्षेत्री समुदायहरूबीच विभाजनको भावनामा वृद्धि भएको पाए । जुन २०१२ मा पश्चिम क्षेत्रको कास्कीको भ्रमण गरेका पर्यवेक्षकहरूले नागरिकहरू संघीयताबारेका चासोहरूमा बढी खुला भएर बहस गर्न थालेपछि विभिन्न समुदायहरूबीच ध्रुवीकरण बढेको बताए । कपिलवस्तुका एक थारु कल्याणकारिणी सभा प्रतिनिधिले पर्यवेक्षकहरूलाई बताए, "उनीहरू (ब्राह्मण समाज/क्षेत्री समाज) सरकारसमक्ष आफ्ना मागहरू राख्दैछन् र हामी पनि त्यसै गर्दैछौं । त्यसैले हामीबीच यहाँ केही समस्या छैन । तथापि, यी दुवै समुदायका व्यक्तिहरूबीचको दूरी बढिरहेको छ ।"

जनजातिहरू तथा ब्राह्मण/क्षेत्रीहरूबीच उत्तेजक वाकद्वन्द्व पूर्वाञ्चलमा पनि देखियो जसले स्थिति असहज बन्यो । संखुवासभामा मे २८, २०१२ अघि नेपाल आदिवासी जनजाति महासंघले गरेको बन्द र विरोध सभाहरूमा केही व्यक्तिहरूले "जनजाति हाइ हाइ, बाहुन क्षेत्री बाइ बाइ" जस्ता उत्तेजक नाराहरू लगाए, यद्यपि यसलाई नेपाल आदिवासी जनजाति महासंघका प्रतिनिधिहरूद्वारा व्यापक निन्दा गरिएको नेपाल आदिवासी जनजाति महासंघका जिल्ला अध्यक्षले पर्यवेक्षकहरूलाई भने ।[६९]

**पर्यवेक्षकहरूले प्रहरी र संचारमाध्यमको भूमिकाका साथसाथै अप्रिल/मे मा भएका विरोधहरूको दौरान नागरिक समाजले गरेका "सद्भाव जुलुसहरू" जनजातिहरूले नकारात्मक रूपमा ग्रहण गरेको तथा केहि वृत्तमा नेपालमा भइरहेको पहिचानको राजनीतिलाई दातृसंस्थाहरूको खर्चमा चल्ने घरेलु गैरसरकारी संगठन र अन्तराष्ट्रिय गैरसरकारी संगठनहरूले प्रबर्द्धन गरिरहेको भन्ने सोचाइ रहेको बताए ।**

भ्रमण गरेका धेरै जिल्लाहरूमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले प्रहरी, संचारमाध्यम वा नागरिक समाज संगठनहरूले जनजातिप्रति पूर्वाग्रही भएको  आरोपहरू सुने । यो कुनै नयाँ बुझाइ होइन, पर्यवेक्षकहरूलाई यसबारे पहिले पनि बताइएको थियो । प्रहरीले कास्कीमा अखण्ड पश्चिमाञ्चल क्षेत्रको समर्थनमा राखिएको एक साइनबोर्डको "सुरक्षा" गरेको लगायतका दृष्टान्तहरू दिइयो । अर्को

[६८] यसपछि प्रचण्डलाई जातीय संघीयताको विरुद्धका विरोधहरूको प्रतिरोध गर्न नेपाल आदिवासी जनजाति महासंघलाई सडकमा आएर विरोध गर्ने सल्लाह दिएको आरोप लगाइयो ।

[६९] विरोधहरूका दौरानमा उत्तेजक भाषाको प्रयोगबारे पर्यवेक्षकहरूलाई कास्की, कैलाली, कन्चनपुर, नवलपरासीलगायतका जिल्लाहरूमा पनि बताइएको थियो ।

उदाहरण कैलाली जिल्लामा थारु समर्थकहरूमाथि प्रहरी आक्रमण भएको बताइएको थियो (माथि हेर्नुहोस्) । यसअलावा, धेरै जिल्लाहरूमा जातीय समर्थकहरूले संचारमाध्यमले "जनजाति मुद्दाहरू" मा रिपोर्टिङ नगरेको वा जातीय संघीयता पक्षधर विरोधहरूको नकारात्मक ढंगले बढाइचढाइ गरेको गुनासो गरे । केही क्षेत्रका स्थानीय व्यक्तिहरूले अप्रिल/मे २०१२ मा भएका तनावहरू रोक्न र साम्य पार्न केही नागरिक समाजका अगुवा तथा गैरसरकारी संगठनहरूले देखाउन सक्ने क्षमतामा उनीहरूले एक वा अर्को पक्षको समर्थन गरिरहेको मान्यताका कारण ह्रास आएको थियो ।[७०]

नागरिक समाजले देशभरि गरेका "सदभाव जुलुस" लाई जनजाति समूहहरूले व्यवहारिक रूपमा त्यो "गैरजातीय संघीयता" को जुलुस भएको र सद्भावका नाममा ब्राह्मण/क्षेत्री समर्थकहरूभन्दा जातीय अभियानकर्ताहरूतर्फ बढी लक्षित भएको रूपमा बुझे । पर्यवेक्षकहरूले यस्ता सोचाइ काठमाडौं, पोखरा तथा पाल्पाको तानसेनजस्ता स्थानहरूमा पाइएको उल्लेख गरे ।[७१]

अप्रिल/मे २०१२ का आन्दोलनहरू शुरु हुँदै गर्दा कार्टर सेन्टरका पर्यवेक्षकहरूले अन्तर्राष्ट्रिय समुदाय तथा दातृ संस्थाद्वारा संचालित घरेलु गैर सरकारी संगठन तथा अन्तर्राष्ट्रिय गैरसरकारी संगठनहरूतर्फ लक्षित पूर्वाग्रहका आरोप, आलोचना र अफवाहहरू पनि सुने । यीमध्ये केही संदेहहरू निश्चित क्षेत्रका आदिवासी-जनजाति समर्थकहरूबाट आएको भए पनि सबैभन्दा गम्भीर र व्यापक आरोपहरू जातीय संघीयताका विरोध गर्नेहरूबाट आएको थियो जसले अन्तर्राष्ट्रिय समुदाय तथा उनीहरूका नेपाली सहकर्मीहरूले ब्राह्मण र क्षेत्रीहरू विरुद्ध भेदभाव फैलाएको (जस्तै कि नियूक्ति प्रक्रियामा) र "जातीय" गैरसरकारी संगठनहरूलाई सहयोग तथा समावेशी कार्यक्रमहरूमार्फत जातीय अभियानको प्रबर्द्धन गरेको आरोपित गरेका थिए ।

### ग. स्थानीय तहमा द्वन्द्व न्यूनिकरणका लागि चालिएका कदमहरू

**प्रमुख जिल्ला अधिकारी, नागरिक समाजकर्मीहरू, प्रहरी, सरकार तथा अन्यहरूबीचको निकट समन्वयले केही जिल्लामा तनाव भड्किनबाट रोक्न मद्दत गरेको देखिन्छ । तथापि, यी कदमहरूको दीर्घकालीन प्रभावकारिता तथा देशभरिका अन्य सन्दर्भहरूमा तिनको औचित्य अस्पष्ट नै छ ।**

नेपालका धेरै क्षेत्रहरूमा संघीयताको पक्ष र विपक्षमा भएका झडपहरू र विभाजनहरुको प्रकृतिलाई हेर्दा धेरै पर्यवेक्षकहरूले द्वन्द्व झन् चर्कने अपेक्षा गरेका थिए । थपरुपमा, नेपालभरिका कैयौं व्यक्तिहरूले संविधानसभाको विघटनले पहिचानमा आधारित धेरै परिचालनहरूलाई तत्कालै अन्त्य गरेको बताए । यो स्थानीय द्वन्द्वको अन्त्य का लागि सहयोग गर्न महत्वपूर्ण थियो तथापि सरकारका प्रतिनिधिहरू, नागरिक समाज समूहहरू, राजनीतिक दल तथा प्रहरीहरूले समुदायहरूलाई स्वतन्त्रतापूर्वक विरोध गर्न पाउने अधिकार प्रदान गर्दै तनाव साम्य पार्न कदम चालेका थिए । धेरै जिल्लाहरूमा तटस्थ संस्थाहरूको अभावका वाबजूद यस्तो भयो । अधिकांश प्रभावित स्थानहरू शहरी र जिल्ला सदरमुकाम थिए भने गाउँ विकास समिति र ग्रामीण क्षेत्रहरू सामान्यतः शान्तिपूर्ण थिए ।

कन्चनपुर, कास्की, इलाम, बाँके र चितवनलगायतका जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले "खुल्ला अवधि" बारे छलफल गर्न, आचारसंहितामा हस्ताक्षर गर्न र प्रतिस्पर्धी समूहहरूले एकै ठाउँ र स्थानमा कार्यक्रमहरू नराख्ने सुनिश्चित गर्न विरोधकर्ता समूहहरूलाई एकै ठाउँमा बोलाए । इलामस्थित पर्यवेक्षकहरूले संविधानसभाको म्याद सकिन लाग्दा प्रमुख जिल्ला अधिकारीले बोलाएको एक सुरक्षा बैठकबारे जानकारी दिए । प्रमुख जिल्ला अधिकारीले बन्द आह्वानकर्ता समूहहरूका साथै सुरक्षाकर्मी, पत्रकार तथा अन्य गैरसरकारी संगठनहरूलाई बोलाएका थिए । बैठकको उद्देश्य साम्प्रदायिक तनावबाट जोगाउने उपाय र बन्दको दौरानमा आपूर्तिलाई नियमित गराउन छलफल गर्नु थियो । सबै समूहहरूले शान्तिपूर्ण विरोध गर्ने, हिंसात्मक कार्यकर्ताहरूविरुद्ध कारवाही गर्ने र निश्चित समयका लागि बजार खुल्ला गर्ने सहमति गरेको बताइयो । बाँकेका प्रमुख जिल्ला अधिकारीले जिल्लामा योजनाबद्ध विरोधहरू हुनुअघि मे १० मा विभिन्न सरोकारवालाहरू (धार्मिक नेता, नागरिकसमाज तथा पत्रकारहरू) सँग सामाजिक सद्भाव कायम राख्नुको महत्वमा प्रकाश पार्न बैठक बोलाए ।

बाँके, दाङ, कपिलवस्तु, कन्चनपुर र कैलाली जिल्लाहरु लगायतका क्षेत्रहरुमा स्थानीय नागरिक समाजले समुदायहरूलाई झडपबाट जोगाउनका लागि प्रहरी तथा जिल्लाका प्रशासकीय अधिकारीहरूको सहयोगमा विभिन्न उपायहरूमा समन्वय गरे । उदाहरणका लागि, जुन २०१२ दाङको भ्रमण गरेका पर्यवेक्षकहरूलाई स्थानीय नागरिक समाज समूहहरूले जिल्लामा राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव र थारु समूहहरूबीच हुन सक्ने झडपको सम्भावनालाई न्यून पार्ने उद्देश्यसाथ मे १७ मा पहाडी र थारु समुदायहरूसँगको सहयोगमा एक बैठक बोलाए । बैठकको फलस्वरूप पहाडी र खास गरी ब्राह्मण/क्षेत्री समूहहरूले आफ्ना कार्यक्रमहरू गाउँ विकास समितिस्तरमा गर्ने र संयुक्त थारु संघर्ष समितिले शहर र बजार इलाकामा विरोधहरू गर्ने तथा दुवै समूहले एउटै बाटो प्रयोग नगर्ने एक आचारसंहिता बन्यो । कपिलवस्तुमा पुरानै तनाव पुनः हुन नदिनका लागि प्रतिस्पर्धी

---

[७०] कैलाली जिल्लामा उद्योग वाणिज्य महासंघ कार्यालयले अखण्ड सुदूरपश्चिमका बैठकहरू आयोजन गरेको बताइयो । त्यसै समयमा काठमाडौंमा भएको नेपाल आदिवासी जनजाति महासंघको बन्दलगायत अन्य केही बन्दहरूमा संचार प्रधिनिधिहरू लक्षित भएको स्पष्ट देखिन्थ्यो । चितवन र मकवानपुरका पत्रकारहरूले नेपाल आदिवासी जनजाति महासंघको बन्दमा विगतका अन्य विरोध कार्यक्रममाभन्दा बढी डर महसुस भएको बताए । नवलपरासी र रुपन्देहीमा सञ्चारमाध्यम र बन्दकर्ताहरुबिच समस्याहरु रहेको बताइयो । झापामा बन्दकर्ताहरूले संचारमाध्यमका सवारीसाधनमा तोडफोड गरेको जानकारी आयो । सन् २०१२ को अन्त्यतिर कन्चनपुरको भ्रमण गरेका पर्यवेक्षकहरूले जनजाति समर्थकहरूले आफ्नै रेडियो स्टेशन चलाउनका लागि आदिवासी जनजाति संयुक्त संचार समाजको निर्माण गरेको उल्लेख गरे, जसले अन्य मुद्दाहरूबारे पनि सन्तुलित रिपोर्टिङ गर्दै जनजातिका चासोहरूलाई उठाउन स्थान दिन्थ्यो । अप्रिल मे का प्रदर्शनहरूमा स्थानीय संचारमाध्यमले उनीहरूको विरोध कार्यक्रमका समाचारहरूलाई वेवास्ता गरेको वा गलत ढंगले सम्प्रेषण गरेको पाइएकोले उनीहरूमा यस्तो सोचाइ आएको बताइयो ।

[७१] यो स्थिति पनि नौलो होइन र यसबारे पर्यवेक्षकहरूलाई मे २०१० को "पोखरा शान्ति तथा सद्भाव जुलुस" को समयमा नै बताइएको थियो ।

समूहहरूबीच बैठक र छलफलहरू सहितका उल्लेख्य मध्यस्थता प्रयासहरू भएको पर्यवेक्षकहरूले पाए जहाँ भीड संलग्न तनावहरु क्म गरेको भन्दै प्रहरीले उल्लेख्य श्रेय लिएको पाइयो । । थप द्वन्द्वका विरुद्ध मध्यस्थता गर्नका लागि पहिचानमा आधारित अभियानकर्ताहरूबीच छलफललाई प्रोत्साहित गर्ने स्थानीय तहका यी पहलकदमीहरू सकारात्मक स्थानीय प्रयास भए पनि तिनको दीर्घकालीन प्रभाव र अन्य जिल्लाहरूमा उपयुक्त हुने या नहुने भन्ने अनिश्चित छ ।

### ऊ. पहिचानको राजनीति र साम्प्रदायिक सम्बन्ध

अघिल्ला खण्डहरूमा वर्णन गरिएजस्तै खासगरी अप्रिल/मे २०१२ मा केही क्षेत्रमा संघीयताको बहससँग सम्बन्धित परिचालनहरू तनावको कारक बने । तथापि, यी तनावहरू मुख्यतः राजनीतिक गतिविधिमा संलग्न पहिचानमा आधारित पात्रहरूकै बीचमा थिए, सामान्य नागरिकहरूबीच विरलै मात्र थिए । सन् २०११-१२ भरि पर्यवेक्षकहरूले साम्प्रदायिक तनाव वा हिंसाका थोरै मात्र छिटपुट घटनाहरूबारे उल्लेख गरे । अधिकांश दृष्टान्तहरू जारी दलितहरूमाथिको विभेदसँग सम्बन्धित थिए । त्यस्ता विभेदहरूमाथिको बहस दलित अभियानकर्ताहरूले वकालत गरिरहेको र राज्य पुनर्संरचना आयोगले प्रस्ताव गरेको गैरभौगोलिक (non-territorial) दलित राज्यजस्तैसमावेशिता र राज्य पुनर्संरचनासँग प्रत्यक्ष जोडिएका छन् । यद्यपि स्थानीय तहमा संघीयता र विभेदको अन्त्यबीचको सम्बन्ध पर्यवेक्षकहरूलाई स्पष्ट भएन ।[७२]

पहिचानमा आधारित केही घटकहरूका साथसाथै नागरिकहरूले अन्य समुदायहरूविरुद्ध रोष प्रकट गरे भने धेरैले संघीयतासँग सम्बन्धित बहस र क्रियाकलापहरूले गर्दा समुदायहरूबीच नकारात्मक असर पर्ने र भविष्यमा तनाव निम्त्याउने त्रास प्रकट गरे । विशेषगरी नागरिकहरूबीच यी त्रासहरू अप्रिल/मे २०१२ का परिचालनहरूपछि वृद्धि भएको देखियो । तैपनि, पहिचानमा आधारित संगठनका हालैका गतिविधिहरू साम्प्रदायिक सम्बन्ध खराब पार्नमा परिणत भएको थोरै मात्र उदाहरण भेटियो ।

**अधिकांश जिल्लाहरू अप्रिल/मे २०१२ भन्दा अघि र पछि पनि साम्प्रदायिक तनावबाट धेरै हदसम्म मुक्त रहेको बताइयो, यद्यपि सम्बन्धहरू बिग्रन सक्ने सम्भावनाबारेका चिन्ताहरू पनि लगातार उठिरहे र विरोधहरू शुरु हुँदा त्यस्तो चिन्ता बढेको देखियो ।**

पर्यवेक्षकहरूले अप्रिल/मे २०१२ अघि व्यापक साम्प्रदायिक तनावका घटनाहरूबारे थोरै मात्र जानकारी पाए, तर अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरू मुख्य राजनीतिक समयसीमा र सम्झौताको समयमा तनाव उब्जिन सक्ने प्रति चिन्ताग्रस्त थिए । वार्ता गरिएका अधिकांश व्यक्तिहरूले यो सम्भावनालाई राष्ट्रिय तहमा संघीयताबारे लिइने कुनै पनि निर्णयको परिणामसँग जोडे । त्यस्ता प्रतिक्रियाहरू बैतडी, सुर्खेत, लमजुङ, नवलपरासी, मकवानपुर, धनुषा, भक्तपुर, ओखलढुंगा र ताप्लेजुङलगायत भ्रमण गरिएका नेपालका सबै जिल्लाका नागरिक तथा विविध पंक्तिका पहिचानमा आधारित संगठन र राजनीतिक दलका नेताहरूबाट सुनियो । पहिचानको राजनीति र संघीयताबारेको चेतना देशका अन्य भूभागभन्दा सामान्यतः बढी रहेको देखिएको पूर्वी क्षेत्रमा वार्ता गरिएका व्यक्तिहरू पनि संघीय पुनर्संरचनाको थालनी गरिँदा प्राथमिकताका अधिकार तथा आरक्षणबारेका असहमतिहरूले समुदायहरूबीच तनाव हुनसक्ने त्रास व्यक्त गरे ।

कहिलेकाहीं स्थानीय मुद्दाहरू भड्किएर बेग्लै सामुदायिक तनावका साना घटनाहरूको कारक बने । पर्यवेक्षकहरूलाई धेरै जिल्लाहरूमा सामान्य विवादका मामिलाहरूबारे बताइएको थियो । उदाहरणका लागि, उत्तरी इलामको एक गाउँ विकास समितिमा सन् २०११ को मध्यतिर दाहसंस्कारको फरक सांस्कृतिक अभ्यासको भिन्नताले स्थानीय मगर र ब्राह्मणहरूबीच साम्प्रदायिक तनावको रूप लियो, अन्ततः मध्यस्थतापछि त्यसको निराकरण भयो । पर्यवेक्षकहरूलाई धनुषाको दक्षिणी भागमा सन् २०११ को उत्तरार्द्धतिर हिन्दु र मुस्लिम युवाहरूबीच भएको एक झडपबारे बताइएको थियो, हुन त यो छिटपुट घटना संघीयताको प्रश्नसँग असम्बन्धित देखिन्छ । तथापि, जिल्लामा वार्ता गरिएका केही व्यक्तिहरूले हिन्दु र मुस्लिम समूहहरूबीच सामाजिक दूरी बढिरहेको बताए । एकजना पत्रकारले यसलाई जिल्लामा हालै बसाइसराइ गरेर आएकाहरूले आफ्नो लागि स्थान बनाउने प्रयास गरिरहेको तथा भारत र खाडीतिर जाने मजदुरहरूले धार्मिक सीमाहरूलाई कठोर बनाइरहेको जस्ता धेरै दीर्घकालीन संरचनागत तत्वहरूको कारण भएको बताए ।

यसअलावा, विगतमा साम्प्रदायिक तनाव वा हिंसाबाट गुज्रिएका केही जिल्लाहरूमा ऐतिहासिक साम्प्रदायिक विभाजन अझै पनि यथावत र संवेदनशील रहेको थियो । उदाहरणका लागि, कपिलवस्तु जिल्लामा सन् २००७ मा भएको साम्प्रदायिक दंगाको समयदेखि नै हिन्दु र मुस्लिम समूहहरूबीचको साम्प्रदायिक विभाजनका साथसाथै पहाडी र मधेशी समुदायहरूबीचको समस्या यथावतै छ । त्यसो भन्दै गर्दा, भ्रमण गरिएका विगतमा पहिचानका बहसहरूले तताएका र नतताएका दुवै किसिमका अधिकांश जिल्लाहरूमा पहिचानमा आधारित समूहका क्रियाकलापहरूले यो समयसम्म साम्प्रदायिक सम्बन्धमा सीमित प्रभाव मात्र पारेको छ ।

**दलितहरू विरुद्धको जारी विभेदसँग सम्बन्धित उदाहरणहरू जानकारी प्राप्त भएका साम्प्रदायिक तनावका घटनाहरूमध्ये सबैभन्दा बढी थिए ।**

राष्ट्रिय स्तरमा साम्प्रदायिक तनावबारेको त्रास सामान्यतः जात र जातीय समूहहरूबीचको सम्बन्धमा केन्द्रित रहे पनि कार्टर सेन्टरका पर्यवेक्षकहरूले सुनेका साम्प्रदायिक घटनाहरूमा सबैभन्दा बढी दलितविरुद्धको विभेदसँग सम्बन्धित थिए । गैर दलितहरूद्वारा

[७२] दलित अभियानकर्ताहरु समावेशिताको कुरा संघीयताको अवधारणाजत्तिकै महत्वपूर्ण देखिए पनि यी दुवैबीचको सम्बन्ध अस्पष्ट छ । हेर्नुहोस्, 'Non-territorial Province comes under Dalit Fire,' द हिमालयन टाइम्स, फेब्रुअरी ५, २०१२, र 'Federalism doesn't make qualitative difference to Dalits,' द काठमाडौं पोस्ट, जुलाई ८, २०१२ ।

दलितहरू विरुद्ध विभेद नेपालको शहरी र ग्रामीण दुवै क्षेत्रमा कायम रहेको स्पष्ट थियो र धनुषा, कैलाली, लमजुङ, चितवन, अर्घाखाँची, अछाम तथा बैतडीजस्ता जिल्लामा वार्ता गरिएका व्यक्तिहरूले यो कुरा उठाएका थिए । यसलाई प्रायजसो ब्राह्मण र अन्य उपल्लो जातका भनिएका समूहहरूले दलितहरूलाई गर्ने विभेदको रूपमा बताइएको थियो, तर अन्य जातीय समूहहरूद्वारा हुने विभेद पनि विद्यमान रहेको पर्यवेक्षकहरूलाई बताइयो ।[७३] तथापि, वार्ता गरिएका व्यक्तिहरूले नेपालले नयाँ संविधानमा संघीयता अपनाएर नै त्यस्ता विभेदको निराकरण कसरी गर्न सक्छ भन्नेबारे बताएनन् ।

**संघीयताबारेका बहसहरूलाई मलजल गरेका साम्प्रदायिक संवेदनशीलताका अन्य क्षेत्रहरू ब्राह्मण प्रभुत्वको विरुद्ध तथा ब्राह्मणवादविरोधी भावनाहरूका स्थानीय तहका रोषसमेत थिए । यस कारण केही जिल्लाहरूमा उच्च-जात समूहहरूद्वारा राजनीतिक गतिविधिहरूमा प्रत्युत्पादक प्रभाव परेको पर्यवेक्षकहरूले उल्लेख गरेका छन् ।**

नेपालभरि पर्यवेक्षकहरूले विभिन्न साम्प्रदायिक संवेदनशीलताहरू पाए जो संघीयतासँग सम्बन्धित नभएको र अत्यन्त सानो वृत्तमा भए पनि तिनले साम्प्रदायिक तनाव गराउनसक्ने सम्भावना थियो । पहिचानमा आधारित संगठनका सदस्यहरूले समयसमयमा ब्राह्मण प्रभुत्वको विरोधमा सशक्त रोष प्रकट गरे ।[७४] दीर्घकालीन पर्यवेक्षकहरूले केही उच्च जातका हिन्दुहरूमा पनि सरकारले उनीहरूको चासोहरूप्रति ध्यान नदिएकोप्रति निराशा बढेको पाए । अर्घाखाँचीको भ्रमण गरिरहेका पर्यवेक्षकहरूले सरकारका नीतिहरूले दलित र मुस्लिमहरुलाई आफ्ना समुदायभन्दा बढी ध्यान दिइरहेकोप्रति उच्च जातका हिन्दुहरूले चिन्ता व्यक्त गरेको पाए । यो मुद्दाले तनाव उत्पन्न गराइ रहेको थियो । खस क्षेत्री एकता समाज (क्षेत्री पहिचानमा आधारित संगठन) का एक उच्च जातका सदस्यले भने, "हामीलाई आदिवासीको रूपमा वर्गीकरण गरिएको छैन र हामी आरक्षण र कोटा पाउँदैनौं, त्यसैले हामी राज्यबाट विभेद गरिएका छौं । वास्तवमा हामी थारुहरूभन्दा नराम्रो अवस्थामा छौं... हाम्रा ५२ प्रतिशत जनता गरिबीको रेखामुनि छन् ।" सुदूरपश्चिम क्षेत्रमा पनि पर्यवेक्षकहरूले त्यस्तै सुनेका थिए, जहाँ धेरै क्षेत्री र ब्राह्मण संगठनहरूले साम्प्रदायिक आधारमाभन्दा आर्थिक सूचक अनुसार कोटा निर्धारित गर्नुपर्ने तर्क गरिरहेका थिए । उनीहरूले जातीय र जातका आधारमा गरिने सकारात्मक पहलकदमिले विभेद निम्त्याउने र यसले थप द्वन्द्व हुनसक्ने तर्क गर्दै बरु मानव विकास सूचकांक वा अन्य त्यस्तै आर्थिक मापदण्ड प्रणालीमा कोटा निर्धारित गर्नुपर्ने बताइरहेका थिए ।

**साम्प्रदायिक सम्बन्ध धेरैजसो शान्तिपूर्ण रहे पनि इतिहासदेखि आधिपत्य र सीमान्तीकरण गरिएको ठम्याइका कारण उठेका मुख्य तनावहरू तराईमा विशेषतः पहाडी, मधेशी र थारु समुदायहरूबीच विद्यमान रहेको प्रति वार्ता गरिएका धेरै व्यक्तिहरूले चासो जनाए ।**

थारु र पहाडी वा थारु र मधेशीहरूबीचका तनाव नवलपरासी, उदयपुर, धनुषा, चितवन र कैलालीजस्ता जिल्लाहरूमा बताइएका थिए, तथापि समुदायहरूबीच स्पष्ट तनाव वा हिंसाका थोरै मात्र घटनाहरूको जानकारी प्राप्त भयो । उदाहरणका लागि, धनुषामा सबै समुदायका जनताहरूले मधेश आन्दोलनको दौरानमा उल्लेख्य संख्याका पहाडीहरू विस्थापित भएको अझै पनि सम्झिरहेका थिए । सन् २०११ को अन्त्यतिर अवस्था सामान्य रहेको र विस्थापित भएका केही फर्किएको बताइएको थियो । जे भए पनि, एकजना स्थानीय पत्रकारले भने कि, "पहाडी र मधेशीहरूबीच आपसी अविश्वास बाहिर नदेखिए पनि दिमागमा अझै विद्यमान छ ।"

सन् २०११ को अन्त्य र २०१२ को शुरुवातका समयमा जनजाति समूहहरूको पहिचानको राजनीतिमार्फत स्पष्ट देखिएका प्रभूत्व र वहिष्करण प्रति आक्रोशका समान भावनाहरू हिमाली र पहाडी जिल्लामा पनि विद्यमान थिए तर ती आक्रोशहरू अन्य समुदायहरूभन्दा राज्यविरुद्ध लक्षित थिए । उदाहरणका लागि, कास्कीमा वार्ता गरिएका धेरै व्यक्तिहरूले अन्य समूहहरूको तुलनामा ब्राह्मण, क्षेत्री, दलित र जनजातिजस्ता धेरै समूहहरूमा रहेको साधनस्रोतको पहुँचमाथिको हकमा अभावको मान्यताका कारण विद्यमान साम्प्रदायिक तनावहरू रहेको गुनासो गरे । "बाहिरबाट सबैकुरा ठिक देखिन्छ तर केही मञ्च तथा भाषणहरूमा सबै ठिक नभएको संकेत गरिन्छ र समुदायहरूबीचको तीतोपन बाहिर आउँछ," नेकपा-एमालेका एक स्थानीय सदस्यले भने ।[७५]

---

[७३] उदाहरणका लागि, कास्कीमा सन् २०११ को उत्तरार्द्धतिर एकजना "अछुत" मानिने दलितले एक समारोहमा खाना बनाउने कुरामा दलित र गुरुङहरूबीच विवाद उठ्यो । स्थानीय एकजना दलित नेताले त्यस्तो विभेदकारी व्यवहारमाथि प्रश्न उठाए । उनले धारा जडान परियोजनाको समापन समारोहमा खाना पकाउन दलितहरूलाई संलग्न गराइनुपर्नेमा जोड दिए र दलितहरूविरुद्ध विभेदबारे चेतना जगाउन पोखरामा विरोध कार्यक्रमहरू आयोजना गर्न पुगे । उक्त घटनामा उक्त नेतालाई सार्वजनिक अपमान र सजायको भागी बनाएको बताइयो । अर्को उदाहरण पर्यवेक्षकहरूलाई बैतडी भ्रमणको क्रममा बताइएको थियो जहाँ सन् २०११ को अन्त्यतिर दशैंमा चढाइएका पशुहरूको दलितहरूले उपभोग गर्न पाउने कि नपाउने भन्ने कुरामा माथिल्लो जातका व्यक्तिहरू र दलितहरूबीच साम्प्रदायिक तनाव भड्कियो । नेपालमा जातमाआधारित विभेदबारे थप सामग्रीका लागि कृपया हेर्नुहोस्, http://nepal.ohchr.org/en/index.html

[७४] उदाहरणका लागि उदयपुरका पहिचानमा आधारित संगठनहरूका धेरै सदस्यहरूले ब्राह्मणहरूको प्रभुत्वको विरोधमा र खासगरी ब्राह्मणवाद कै विरुद्ध कडा भावना व्यक्त गरे । किरात राई यायोख्याकी एक वरिष्ठ महिला नेतृले भनिन्, "नेपाली कांग्रेसले हतियारको प्रयोग गरेर राणाहरूलाई हटाए, माओवादीहरूले हतियारकै प्रयोग गरेर शाहहरूलाई हटाए, अब जनजातिले बाहुनबादलाई पनि हतियारकै प्रयोग गरेर हटाउनेछन् ।" उदयपुरमा खुम्बुवान राज्यको माग गरिरहेका खुम्बुवान राष्ट्रिय मोर्चाका सदस्यहरू ब्राह्मण प्रभुत्व र हिन्दु धर्म लाद्नुका विरुद्ध थिए, उनीहरू विशेषगरी गाई काट्न प्रतिबन्धको विरुद्ध थिए । एकजना सदस्यले पर्यवेक्षकहरूलाई भने , "बाहुन प्रभुत्वलाई चुनौती दिइनेछ... किनभने हामी अहिले आफ्ना अधिकारबारे बढी चेतनशील छौं ।"

[७५] काठमाडौं उपत्यकामा नेवार र तामाङहरूले राज्यद्वारा भएको ऐतिहासिक विभेद र सीमान्तीकरणको चासो उठाए । पर्यवेक्षकहरूसँग भेट गरेका नेवारी अभियानकर्ता तथा पत्रकारहरूले आफ्नो भाषामाथि गरिएको ऐतिहासिक दमनबारे रोष पोखे भने तामाङ अभियानकर्ताहरूले नेपाली राज्यद्वारा तामाङहरूमाथि भएको विभेदको क्षतिपूर्तिस्वरूप संघीय ताम्सालिङ राज्यको माग गरेको बताए ।

## ए. पहिचानमा आधारित संगठनहरू तथा संघीयताका बारेमा नागरिकका धारणाहरू

समीक्षा अवधिभरि कार्टर सेन्टरका पर्यवेक्षकहरूले पर्यवेक्षण गरिएका विभिन्न मुद्दाहरूमा नागरिकको धारणा बुझ्न उनीहरूसँग अन्तर्वार्ता पनि गरेका छन् । यो अन्तिम खण्डले पहिचानमा आधारित संगठनका क्रियाकलापहरू तथा संघीयता शब्दको बुझाइबारे नागरिकहरूका धारणालाई महत्वसाथ प्रकाश पार्दछ । नेपालमा रहेका विविध र मिश्रित जनसंख्याको विचारलाई फराकिलो रुपले प्रदर्शन गर्नका लागि सम्भव भएसम्म आफ्ना धारणा व्यक्त गर्ने नागरिकको समुदाय पनि पहिचान गरिएको छ । सामान्यतः कार्टर सेन्टरका पर्यवेक्षकहरूले पहिचानमा आधारित संगठनका गतिविधिहरूले संघीयताबारे चेतना वृद्धि गर्न वा जातिय पहिचान , भौगोलिक ढाँचाहरू लगायत कुन समुहले कुन प्रकारको संघियताको माग गरेको छ भन्ने बुझ्नमा सीमित प्रभाव मात्र पारेको पाएका छन् । पर्यवेक्षकहरूले पदावलीको बुझाइ सामान्यतः न्यून रहेको उल्लेख गरेका छन्, साथै पहिचानमा आधारित संगठनका क्रियाकलापहरूले संघीयताबारे चेतना वृद्धि गर्नमा सीमित मात्र प्रभाव पारेको देखिन्छ । पदावलीबारे बुझाइको अभाव र त्यसमाथि अप्रिल/मे २०१२ का विरोधहरूमा पाइएको स्थानीय हिंसाले केही नागरिकहरूमा संघीयताबारेका छलफलहरू र संविधान निर्माण प्रक्रिया फेरि शुरु हुँदा के होला नहोला भन्नेमा अनिश्चितता बढाएको छ ।

### क. पहिचानमा आधारित संगठनहरू

**अधिकांश जिल्लाहरूमा, खासगरी जिल्ला सदरमुकामहरूभन्दा बाहिरका नागरिकहरूमा पहिचानमा आधारित संगठनहरूबारे चेतना सामान्यतः धेरै कम छ, तथापि पछिल्ला प्रदर्शनहरूपछि चेतना वृद्धि भएका दृष्टान्तहरू पर्यवेक्षकहरूले पाएका छन् । यस्तो चेतना पूर्वी क्षेत्रका धेरै पहाडी जिल्लाहरूमा तुलनात्मक रूपमा उच्च रहेको देखियो ।**

पर्यवेक्षकहरूले पहिचानमा आधारित संगठनहरू तथा तिनका संघीयताबाहेकका एजेण्डाहरूबारे सर्वसाधारण नागरिकमा चेतना[७६] सीमित रहेको पाए । यसमा पहिचान समूहअन्तर्गतकै नागरिकहरूमा क्रियाकलाप र एजेण्डाहरूबारे पनि सीमित ज्ञान रहेको छ । त्यसो भन्दैगर्दा, अप्रिल/मे २०१२ का विरोधहरूपछि त्यस्ता क्रियाकलापहरूबारेको चेतना बढेको स्पष्ट देखिन्छ । कास्की, काभ्रेपलान्चोक तथा काठमाडौं उपत्यकाका जिल्लालगायत धेरै जिल्लाका नागरिकहरूले राजनीतिज्ञ तथा पहिचानमा आधारित संगठनका नेताहरूले सामान्य जनताहरूसँग प्रभावकारी संवाद नगरेको उल्लेख गरे ।[७७] यसको एक्लो उल्लेख्य अपवाद पूर्वी क्षेत्र थियो जहाँ ताप्लेजुङ, इलाम र झापाजस्ता जिल्लाका नागरिकहरू संघीय लिम्बुवान राज्य परिषद् (दुवै समूह) का साथसाथै राई र किराँत समूहहरूबारे जानकार रहेको देखियो ।

**नागरिकहरू सामान्यतः पहिचानमा आधारित संगठनका सांस्कृतिक क्रियाकलापहरूको पक्षमा देखिए पनि उनीहरूका राजनीतिक गतिविधिको पक्षमा कमै थिए र ती गतिविधिलाई कहिलेकाहीं विभाजनकारी रुपमा हेरिएको थियो ।**

पहिचानमा आधारित संगठनहरूबारे जानकार रहेका नागरिकहरूमाझ ती संगठनहरूका गतिविधिहरूबारे धारणा मिश्रित थिए । धेरै नागरिकहरूले पहिचानमा आधारित संगठनहरूका सांस्कृतिक र विकास गतिविधिहरूप्रति समर्थन देखाए तर पहिचानमा आधारित संगठनहरूको राजनीतिकरण भएमा त्यसले विखण्डनकारी साम्प्रदायिक तनाव निर्माण गर्ने महसुस गरे । उदाहरणका लागि, देशका अन्य जिल्लाहरूको दाँजोमा बढी चेतनशील देखिएका इलामका नागरिकहरूले आफूहरूले ती समूहहरूलाई मुख्यतः उनीहरूको सांस्कृतिक गतिविधिको कारण नै मन पराएको बताए । "उनीहरू आफ्नै काममा मात्र अडिरहनु पर्छ" र "प्रभुत्व बढाउन खोज्नुहुँदैन", एक गाउँ विकास समितिकी एकजना ज्येष्ठ शेर्पा महिलाले भनिन् । एकजना राई पुरुषले पनि ती समूहहरूले समुदायहरूको उत्थानका लागि संगठित हुनु राम्रो भए पनि, "पहिचानको आधारमा मात्र संगठित हुनु नराम्रो हो र भिन्न जातीय समूहहरूबीच द्वन्द्व निर्माण गर्नु पनि नराम्रो हो । हामी सबै नेपाली हौं," भनी उल्लेख गरे ।

धेरै नागरिकहरूले राजनीतिको अङ्गका रूपमा "गुटबन्दी" र "जातिवाद" को वृद्धिप्रति त्रास व्यक्त गरे । बैतडीमा पर्यवेक्षकहरूले जात-विशेष संगठनहरू जात-विशेष नीतिमा मात्र आधारित राजनीतिक भूमिका खेले भने ती समाजका लागि नराम्रा हुनसक्ने त्रास देखे । सिद्धेश्वरका एकजना क्षेत्री क्रिश्चियनले भने, "पहिचानको राजनीतिबारेको राष्ट्रिय बहसले स्थानीय तहको राजनीतिलाई प्रत्यक्ष असर पार्छ । यसले जातमा आधारित समिकरण र विशुद्ध जातिय संगठनहरुको विस्तारलाई प्रोत्साहित गर्छ । अन्ततः यस प्रवृत्तिले क्षेत्रीका हरेक गोत्रको आफ्नै समाज हुने स्थितिको सिर्जना गर्ने छ । यसले तनाव निम्त्याउनेछ ।" मार्च २०१२ मा अछामको भ्रमण गरेका पर्यवेक्षकहरूले क्षेत्री र ब्राह्मणका उप-जात समूहहरू सक्रिय रहेको पाए र उनीहरू सन् २००८ को निर्वाचनमा प्रभावशाली रहेको बताइयो ।

---

[७६] कार्टर सेन्टर परिमाणात्मक विवरण संकलन गर्दैन । यस खण्डमा व्यक्त गरिएका धारणाहरू पर्यवेक्षकहरूले सन् २००९ देखि २०१२ सम्म देशभरिका विभिन्न पृष्ठभूमिका नागरिकहरूसँग गरिएका अनौपचारिक अन्तर्वार्ताहरूमा आधारित छन् ।

[७७] अन्य जिल्लाहरूमा जस्तै, कास्कीमा पनि पर्यवेक्षकहरूलाई भनियो, "पहिचानमा आधारित संगठनहरू जिल्ला सदरमुकाम (पोखरा) मै केन्द्रित रहे र गाउँ विकास समिति तहमा उपस्थिति र गतिविधि सीमित मात्र देखियो ।" काठमाडौं उपत्यकाको भ्रमण गर्ने पर्यवेक्षकहरूले अन्तर्वार्ता गरिएका बहुसंख्यक नेवार र तामाङ नागरिकहरू उनीहरूकै प्रतिनिधित्व गर्ने दावी गरिरहेका कुनै पनि पहिचानमा आधारित संगठनको उपस्थिति वा गतिविधिबारे अनभिज्ञ रहेको पाए । बनेपामा अन्तर्वार्ता गरिएका सातमध्ये एक जनाले र पनौतीमा अन्तर्वार्ता गरिएका छमध्ये एक जनाले मात्र पहिचानमा आधारित संगठनका गतिविधिबारे उल्लेख गरे वा चेतनाको स्तर प्रदर्शन गरे ।

## ख. पहिचानमा आधारित गतिविधि र संघीयता

**मे २०१२ को संविधानसभाको समयसीमाअघि संघीयता वरिपरिका विषयहरूमा भएका विरोधहरूको वावजूद धेरै नागरिकहरूमा संघीयताबारे अझै पनि थोरै मात्र ज्ञान छ। तराईका केही जिल्लाहरू यो प्रवृत्तिका सामान्य अपवाद रहेको प्रतीत हुन्छ।**

कार्टर सेन्टरका पर्यवेक्षकहरूले धेरै नेपालीहरूलाई संघीयताको अर्थ नै थाहा नभएको र धेरैले यो अवधारणाबारे सुन्दै नसुनेको निरन्तर पाएका छन्। अन्तर्वार्ता गरिएका नागरिकहरूमा संघीयताबारे थोरै ज्ञान थियो वा ज्ञान नै थिएन, र उनीहरूले आफूहरूलाई आफ्ना प्रत्यक्ष आर्थिक आवश्यकतामा बढी अभिरुचि रहेको बताए।[७८] बनेपामा एक पसलेले पर्यवेक्षकहरूलाई भने, "हामीले हाम्रो जीवनयापनका लागि काम गर्नु पर्छ र कुनै पनि प्रणालीले केही फरक ल्याउँदैन।" मकवानपुरको एक गाउँ विकास समितिका दुई दलित पुरुषले संघीयताबारे कुनै पनि ज्ञान छैन भन्ने स्वीकार गरिसकेपछि भने, "ती मामिलाहरूमा हाम्रो चासो छैन - हामी स्थानीय मान्छेहरूलाई यो सोध्ने होइन, यस्ता मामिलाहरू केन्द्रीय तहमै निर्णय गरिनुपर्छ।"

तथापि, कार्टर सेन्टरका पर्यवेक्षकहरूले पछिल्लो समयमा रूपन्देहीका नागरिकहरूमाझ संघीयताबारेको चेतना र त्यसको सुक्ष्मताहरुको बुझाइमा नाटकीय परिवर्तन आएको पाएका छन्, पर्यवेक्षकहरूको भनाइमा अप्रिल/मे २०१२ का विरोधहरूको प्रभावस्वरूप यस्तो परिवर्तन आएको हो। अप्रिल २०१२ को शुरुतिरको एक भ्रमणमा पर्यवेक्षकहरूले जिल्लाका नागरिकहरूमाझ संघीयताबारेको चेतना तुलनात्मक रूपमा कम र यसबारेका धारणाहरू सीमित भएको भए पनि नोभेम्बर २०१२ मा संघीयता स्थानीय तहको छलफलको चर्चित विषय बनिसकेको पर्यवेक्षकहरूले पाए। बाजुरा र गोरखाको भ्रमण गर्ने पर्यवेक्षकहरूले पनि त्यस्तै प्रवृत्तिबारे बताए, यद्यपि भ्रमण गरिएका अधिकांश जिल्लाहरूमा यस शब्दावलीको बुझाइमा वृद्धि भएको पाइएन।

**संघीयताबारे सुनेका नागरिकहरू यसमाथिको आफ्नो धारणामा विभाजित थिए। तथापि, अवधारणाको अस्पष्टताले जातियतामा आधारित संघीयताबारे अनिश्चिततालाई बढावा दिएको छ। यी अवधारणाहरूलाई सरकार, पहिचानमा आधारित संगठनहरू, संचारमाध्यम वा राजनीतिक दलहरूले थोरै मात्र प्रभावकारी सम्बोधन गरेका छन्।**

धेरै नागरिकहरू संघीयताबारे अपरिचित नै रहे पनि यसको कार्यान्वयनबारे सरोकार राखिरहेका देखिन्थे। कार्टर सेन्टरका अघिल्ला प्रतिवेदनहरूमा उल्लेख गरिएजस्तै मुख्य त्रासहरूमा साम्प्रदायिक सम्बन्धमा क्षय, नेपालको सम्भाव्य विखण्डन र छिमेकी राज्यका प्राकृतिक स्रोतसाधनबाट वञ्चित हुनुपर्ने चिन्तालगायतका थिए। जातियतामा आधारित संघीयताको सम्बन्धमा भने यदि राज्यको नाम जातमा राखिएमा एक समूहको अर्कोसमूहमाथिको सम्भाव्य प्रभूत्वप्रति केही नागरिकहरू चिन्तित थिए। उदाहरणका लागि, ताप्लेजुङमा हाल साम्प्रदायिक सम्बन्ध स्थिर रहेको र लिम्बुवान आन्दोलनका दुवै संघीय लिम्बुवान राज्य परिषद् समूहहरूले लिम्बुहरूभन्दा बाहेकका समुदायहरुमा बिस्तार गर्ने प्रयास गरेको भए पनि अन्तर्वार्ता गरिएका कैयौं ब्राह्मण र क्षेत्रीहरूले भावी लिम्बुवान राज्यमा के हुने हो भन्ने त्रास व्यक्त गरे। ब्राह्मण र क्षेत्रीहरू भविष्यमा उनीहरूविरुद्ध हुन सक्ने विभेदप्रति संत्रस्त छन्। एउटा गाउँ विकास समितिका एकजना ब्राह्मण पुरुषले भने, "अहिलेसम्म कुनै सीधा धम्की आएको छैन तर भविष्यमा तनाव उत्पन्न हुन्छ भनेर मान्छेहरू त्रसित हुनु एक समस्या हो।" त्यसैगरी काभ्रेपलान्चोकको पनौतीका एक सशंकित क्षेत्री पुरुषले पर्यवेक्षकहरूलाई सोधे, "यदि ताम्सालिङ राज्य भयो भने ब्राह्मण र क्षेत्रीहरू कहाँ जान्छन् ?" गोरखाका अर्का क्षेत्री पुरुषले संघीय पुनर्संरचनालाई मौसमी राजनीतिक परिचालनसँग जोडे, उनले नोभेम्बर २०१२ मा पर्यवेक्षकहरूसँग संघीयता भारतमा सफल भए पनि यसले नेपालमा काम नगर्ने बताए किनकि उनका अनुसार, "हाम्रा नेताहरू पर्याप्त सक्षम छैनन् वा उनीहरू विश्वसनीय छैनन्," ।

विशेषगरी यदि संघीयताबारे भविष्यमा हुने कुनै निर्णयले केही समुदायलाई राजनीतिक र सामाजिक रूपमा बाहिर पार्ने देखिएमा तनावको सम्भावना विद्यमान रहेको धेरै जिल्लाका नागरिकहरूले पर्यवेक्षकहरूलाई बारम्बार बताए। वास्तवमा, विविध जात तथा जातीय पृष्ठभूमिका धेरै नागरिकहरू "जातियतामा आधरित संघीयता" पदावलीको कार्यान्वयनको विपक्षमा थिए किनकि यसले ध्रुवीकरण बढाउने, एक समूहले अर्को समूहमाथि साम्प्रदायिक प्रभूत्वलाई बढावा दिने र द्वन्द्व निम्त्याउने दृष्टिकोण विद्यमान थियो। उदाहरणका लागि, नुवाकोटको एक गाउँ विकास समितिका एकजना मगर पुरुषले भने, "राज्यको नाम एक जातीय समुदायको आधारमा राख्दा अन्य समुदायहरूमा नकारात्मक सोचाइ आउन सक्छ र त्यसले भविष्यमा तनाव उब्जाउन सक्छ।" नुवाकोटकै एकजना नेवार पुरुषले हरेक जात समुदायलाई बेग्लै राज्य दिन सम्भव नभएको भन्दै जातीय संघीयताको अवधारणालाई अस्वीकार गरेः "कोही ताम्सालिङ भन्छन्, कोही नेवा र कोही ब्राह्मण/क्षेत्री भन्छन्, यदि विभिन्न जात समुदायहरूले यसै गरी राज्यको माग गरे भने ती सबैलाई राज्य दिन कसरी सम्भव हुन्छ ?"[७९]

---

[७८] दार्चुलाका ब्यासी/सौकाहरूको सन्दर्भमा पनि यस्तै थियो, जो उनीहरूको लागि प्रस्तावित स्वायत्त राज्यबारे बेखबर देखिन्थे। थप जानकारीका लागि, हेर्नुहोस्, संयुक्त राष्ट्रसंघ आवासिय तथा मानवीय संयोजकको कार्यालय (UNRCHCO), "The Byashi/Sauka community and the proposed Byashi ("ब्यासी/सौका समुदाय र प्रस्ताविक ब्यासी "स्वायत्त क्षेत्र"), अंक ३४, फिल्ड बुलेटिन, फेब्रुअरी २०१२।

[७९] केही नागरिकहरूले जातीय संघीयता प्रणाली लागू भएमा नेपालको विभाजन हुन सक्ने सम्भावनाप्रति त्रास व्यक्त गरेका छन्। नवलपरासीमा मे २०१२ मा अन्तर्वार्ता गरिएका जिल्लामा भएको थारु हड्तालका विरोधी एकजना थारु पुरुषले पर्यवेक्षकहरूलाई भने, "यदि नेपाल विभाजित भयो भने हामीले आफूलाई नेपाली भन्न पाउनेछैनौं।" रोल्पामा जुलाई २०१२ मा अन्तर्वार्ता गरिएका एकजना पुरुषले भने, "नेपालजस्तो सानो देशलाई टुक्रा टुक्रामा विभाजित गर्नुपर्ने आवश्यकतै छैन।" गुल्मीमा विभिन्न किसिमका जातीय तथा जात पृष्ठभूमि भएका नागरिकहरूले जातीय संघीयताको विरोध गरे र त्यस्तो संघीयता लागू भएमा त्यसले साम्प्रदायिक द्वन्द्व निम्त्याउन र राष्ट्रलाई विभाजित गर्न सक्ने त्रास व्यक्त गरे, अन्य जिल्लामा पनि समान खाले भावनाहरू थिए।

यसअलावा, धेरै पहिचानमा आधारित संगठनहरूले अपेक्षित आर्थिक लाभका लागि "मिश्रित समुदायहरू" जरुरी रहेको बताए। पर्यवेक्षकहरूलाई मधेश आन्दोलनको दौरान पहाडी जनसंख्याको उल्लेख्य हिस्सा विस्थापित भएकोप्रति धनुषाका मधेशीहरूले पछुतो मानेको बताइयो। यसले स्थानीय व्यापारमा नकारात्मक र दीर्घकालीन असर पारेको बताइयो। ताप्लेजुङका लिम्बु समर्थकहरूले पनि विस्थापनले पार्न सक्ने नकारात्मक आर्थिक असरबाट जोगाउन र अन्य कारणहरूले पनि ब्राह्मण र क्षेत्रीहरूलाई आफ्नो समुदायकै अंशको रूपमा राख्नुपर्नेमा जोड दिए। थपरुपमा, गोरखा, कैलाली, लमजुङ र कास्कीजस्ता जिल्लास्थित पर्यवेक्षकहरूले अप्रिल/मे २०१२ का विरोधहरूपछि जातियतामा आधारित संघीयताको पक्षपोषण गर्ने व्यक्तिहरूले उनीहरू पहिचान र जातियतामा आधारित संघीयताको समर्थन गरिरहे पनि राज्य समावेशी हुनुपर्नेमा जोड दिन व्यग्र रहेको उल्लेख गरे।

**पर्यवेक्षकहरूले जात वा पहिचानमा आधारित संघीयताबारेका सकारात्मक धारणाहरू पनि सुने। पहिलेका सीमान्तकृत समुदायहरूलाई फाइदा पुग्छ र उनीहरूको पहिचानको संरक्षण गर्न मद्दत हुन्छ भन्ने ठहर नै यस धारणा पछाडिका कारणहरू थिए।**

उदाहरणका लागि, पाल्पाका केही जातीय संघीयता समर्थकहरूले यसले मगर समुदायलाई फाइदा हुने ठाने। एक जना मगर पुरुषले भने, "हामी हाम्रो पहिचानका लागि मगरात (प्रान्त) चाहन्छौं। अरुहरू पनि यहाँ बस्न सक्छन्। यो भारतको पञ्जाब राज्यजस्तो हुन सक्छ जहाँ पञ्जाबीहरू अरुहरूसँगै बस्छन्।" जुलाई २०१२ मा दोलखामा पर्यवेक्षकहरूले एकजना शेर्पा पुरुषलाई भेटे जो पहिचानमा आधारित संघीयताको समर्थन गदर्थे र यसले सीमान्तकृत जातीय समूहहरूलाई सशक्त बनाउने मान्यता राख्दथे। उनले भने, "कुनै पनि राज्यको नामकरण कुनै जात समूहको नाममा हुँदैमा कसैले पनि त्रसित हुनुहुँदैन र आत्तिनु पर्दैन किनभने यसले अन्य जात र जातीय समूहहरूको अधिकारमा कटौती गर्ने अर्थ राख्दैन र कसैलाई हानी पनि गर्दैन।" उनले मानिसहरूमा संघीयताबारे धेरै गलत धारणाहरू रहेको पनि स्वीकारे। धनुषाका एक मधेशी नागरिकले संघीयतामा जाँदा पहिचानलाई कुनै न कुनै रूपमा सम्बोधन गरिनुपर्ने सोच व्यक्त गरे। प्रस्तावित राज्यहरूमा कुनै एक समुदायको बाहुल्यता नभए पनि त्यहाँ बसोबास गर्ने मुख्य समुदायलाई पहिचान दिने अवधारणा राम्रो भएको उनको सोचाइ थियो। उनले थपे कि मधेशमा मधेशीहरूको जनसंख्या ९० प्रतिशतभन्दा बढी भएको हुनाले राज्यले संघीयता अनुमोदन गर्दा उनीहरूको पहिचानलाई मान्यता दिनुपर्छ।

पर्यवेक्षकहरूले जातीय संघीयताका साथसाथै संघीयताका बारेमा सकारात्मक दृष्टिकोणका उदाहरणहरू भेटे पनि यो विस्तार जनजाति-गैरजनजाति वा मधेशी-पहाडी नागरिकहरुबीचको विभाजनको रुपमा भने देखा परेको थिएन। उदाहरणका लागि सिन्धुलीमा अगष्ट २०१२ मा संघीयताका लागि समर्थन पाइएको थियो यद्यपि त्यो जातीय संघीयतामा नै भने थिएन। एकजना पुरुष नागरिकले उल्लेख गरे, "यहाँ विभिन्न जात र जातीय समूहहरू एउटै गाउँमा बस्छन् भने यदि कुनै खास समूहको नाममा राज्यको नामकरण गरियो भने कसरी सफल हुन्छ?" पाल्पामा जुलाई २०१२ मा एकजना मगर पुरुषले पनि पर्यवेक्षकहरूसँग त्यस्तै भने, "संघीयता राम्रो हो किनकि यसले विकास ल्याउँछ, तर म मगर नै भए पनि जातीय संघीयता राम्रो होइन, यसले साम्प्रदायिक एकतामा हानी पुऱ्याउन सक्छ।" सुनसरीका एकजना युवा राई पुरुषले संघीय प्रणालीमा "राज्यहरूबीच स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट" बढी विकास हुने आशा व्यक्त गरे।

डडेल्धुरामा जुलाई २०१२ मा पर्यवेक्षकहरूले उच्च जातका समूहहरूमाझ संघीयताप्रति समर्थन बढेको पाए। यो खास गरी अखण्ड सुदूरपश्चिमको प्रस्तावको आसपास थियो, यसबारे एकजना क्षेत्री नागरिकले भने, "स्थानीय विकासका लागि राम्रो हो, हामीले साना साना प्रशासनिक कामहरू लिएर काठमाडौं गैराख्नु पर्दैन।" अखण्ड सुदूरपश्चिमकै समर्थन गर्ने अर्का क्षेत्री पुरुषले थपे, "साधनस्रोतको उपयोग स्थानीय रूपमै हुनेछ, काठमाडौंका निर्णयहरूमा आश्रित हुनुपर्ने छैन।" विकल्पमा धेरै नागरिकहरूले गैर-जातीयतामा आधारित ढाँचाको संघीयतालाई समर्थन गरे र धेरै नागरिकहरूले राज्यका नाम विद्यमान विकास क्षेत्र र अञ्चलहरूको व्यवस्थासँग मिल्ने ढाँचा जस्तै हिमालजस्ता भौगोलिक विशेषताहरूबाट राख्न र हिमाल, पहाड र तराई क्षेत्रबीचको सम्बन्धलाई कायम राख्न सुझाव दिए। अगष्ट २०१२ मा सिन्धुलीमा अन्तर्वार्ता गरिएका एक पुरुषले आफ्नो क्षेत्रमा बस्ने मानिसहरूले "सबै समुदायलाई स्वीकार्य हुने संघीयता हुनुपर्ने र प्रस्तावित संघीय राज्यहरूमा हिमाल, पहाड र तराई क्षेत्रहरू समेटिनुपर्ने" चाहना राखेको बताए। त्यसो भन्दैगर्दा, तराईमा संघीयताको समर्थन गर्ने तर जातीय संघीयताको पक्षमा सशक्त रूपमा नलागेका वा तराईमा कतिवटा राज्य हुनुपर्छ भन्ने प्रश्नमा फरकफरक धारणा भएका मधेशी तथा थारु नागरिकहरू पनि उत्तर-दक्षिण विभाजनका कुनै पनि प्रस्तावको विरोधमा नै देखिए किनभने यसलाई उनीहरूले पहाडी प्रभुत्वलाई कायम राख्ने प्रयासकै रूपमा लिएका थिए।[८०]

## ऐ. निष्कर्ष तथा सुझावहरू

पहिचानको राजनीति नेपालमा निःसन्देह चुनौतीपूर्ण मुद्दा हो। यो प्रतिवेदनले नेपालको वर्तमान राजनीतिक जीवनको यस महत्वपूर्ण क्षेत्रको एक पाटोलाई अप्रिल/मे २०१२ मा भएका पहिचानमा आधारित परिचालनहरूको मूल्यांकनका साथै त्यसले साम्प्रदायिक सम्बन्ध र स्थानीय तहमा संघीयताको छलफलमा पारेको असरमाथि केन्द्रित भई उजागर गर्ने लक्ष्य राखेको छ। स्थानीय तहको राजनीतिका केही क्षेत्रमा पहिचानमा आधारित क्रियाकलापहरूको प्रभावका बारेमा कार्टर सेन्टरका पर्यवेक्षणहरू सन् २००९ देखि संकलन गरिएका विवरणहरूमा आधारित छन्।

[८०] विरोधहरूको दौरान अखण्ड सुदूरपश्चिम आन्दोलनका नेताहरू कैलाली र कन्चनपुरमात्र सम्मिलित बेग्लै राना थारु राज्यको पक्ष लिँदै अखण्ड सुदूर पश्चिमको रूपरेखाभित्र राना थारुका चासोहरूलाई स्थान दिइने आश्वासनका साथ नेपाली कांग्रेसका राना थारु नेताहरूकहाँ पुगेका थिए जसले थारु आधार क्षेत्रलाई केही मात्रामा विभाजित गर्न मद्दत पुग्यो।

सामान्यतः, यो प्रतिवेदनले बितेका १२ महिनाहरूमा पहिचानमा आधारित आन्दोलनहरू "पर्ख र हेर" को स्थितिमा रहेको संकेत गर्दछ, यद्यपि पर्यवेक्षकहरूले सांगठनिक सुदृढीकरण र छिटपुट सार्वजनिक क्रियाकलापका दृष्टान्तहरू प्राप्त गरेका छन् । तथापि, यस सम्बन्धमा भएको सबैभन्दा सशक्त गतिविधिले विशेषगरी संघीयताबारेका मुख्य राजनीतिक सहमति वा समयसिमामा प्रतिक्रिया दिएको देखिएको छ । यो सबैभन्दा स्पष्ट रूपमा अप्रिल/मे २०१२ का विरोधहरूमा प्रदर्शित भएको थियो । तसर्थ, पहिचानमा आधारित संगठनहरूले स्थानीय तहमा आफ्नो सांगठनिक विस्तारलाई निरन्तरता दिँदै छिटफुट सार्वजनिक कार्यक्रमहरू संचालन गरिरहे पनि उक्त समयदेखि पहिचानमा आधारित गतिविधि धेरै कम भएको छ । कार्टर सेन्टरका तथ्यहरूले ती विरोधहरूको परिणामस्वरूप राजनीतिक दल तथा जातीय एवं पहिचान समूहहरूबीचको सम्बन्धमा समस्या ल्याएको तर स्थानीय हिंसा तथा आक्रामक साम्प्रदायिक भाषणका दृष्टान्तहरू देखिए पनि ती सम्बन्धहरुमा अपरिवर्तनीय नोक्सानी नभएको पनि दर्शाएका छन् । देशभरि वार्ता गरिएका अधिकांश व्यक्तिहरू भविष्यमा मुख्य संवैधानिक समयसीमाको दौरान प्रतिस्पर्धी राजनीतिक शक्तिहरूको संघीयता सम्बन्धमा कस्तो प्रतिक्रिया हुनेछ भन्ने विषयमा चिन्तित रहेता पनि साम्प्रदायिक सम्बन्धहरूमा त्यसले नोक्सानी नपुर्‍याएको देखिन्छ ।

अन्त्यमा, प्रतिवेदनले एक पटक फेरि महत्वसाथ उल्लेख गरेको छ कि नेपाली नागरिकहरूका माझसंघीयताबारेको बुझाइ अझै सीमित छ र यस विषयमा चेतनाको अभाव तथा गलत सूचना पनि छ । वास्तवमा, संघीयताका फरक प्रकारहरूका बारे खुला इमान्दार बहस तथा विभिन्न सामाजिक विपत्तिहरुलाई सम्बोधन गर्नमा राष्ट्रिय तहको राजनीतिक इच्छाशक्तिको अभाव भएको प्रतीत हुन्छ । यस सन्दर्भमा, भयभित पार्ने धारणाहरू, गलत सूचना र तनाव बढेको छ र यसले स्थानीय हिंसा उत्पन्न गराउने सम्भावना छ । अप्रिल/मे २०१२ मा देखिएजस्तै, राजनीतिक अडानहरू उच्च रहेको बेला महत्वपूर्ण निर्णयहरू लिन विलम्ब गरिँदा यस्तो सम्भावना झन् बढ्छ । राजनीतिक नेताहरूले मुख्य संवैधानिक मुद्दाहरूका बारेमा साहस देखाउनु र नेतृत्व प्रदर्शन गर्नु अहिलेको टड्कारो आवश्यकता हो ।

**कार्टर सेन्टरका सुझावहरू**

कार्टर सेन्टरले राजनीतिक दल, नागरिक समाज, संचारमाध्यम, स्थानीय सरकार, प्रहरी, पहिचानमा आधारित संगठनहरू, अन्तर्राष्ट्रिय समुदाय तथा नागरिकहरूलगायत शान्ति प्रक्रियाका सरोकारवालाहरूका लागि पहिचानको राजनीति तथा संघीयतासँग सम्बन्धित रहेर सुझावहरू सूचिबद्ध गरेको छ । ती निम्नछन्:

- **राजनीतिक दल, पहिचानमा आधारित संगठनहरू, नागरिक समाज, संचारमाध्यम तथा सरकारले स्थानीय तहमा संघीयताबारे चेतना वृद्धि गर्न थप प्रयास गर्नुपर्छ ।** कार्टर सेन्टरका अघिल्ला प्रतिवेदनहरूमा उल्लेख गरिए झैं विशेष गरी दुर्गम ग्रामीण क्षेत्रका नेपाली नागरिकहरूमाझ संघीयता जस्ता प्राविधिक शब्दहरूबारेको ज्ञान र बुझाइ अत्यन्त सीमित रहेको छ । यि पदावलीहरूमाथिको चेतना अभिवृद्धिका लागि सुझाव गरिएका उपायहरुमा रेडियो कार्यक्रम, स्थानीय समुदाय तथा विद्यालयहरूमा नाटक, सडक नाटक र गाउँ विकास समिति भवनहरूमा स्थानीय तहका लक्षित समूहहरु (शहरी र ग्रामीण) मा छलफल पर्दछन् । राजनीतिक नेता, संचारमाध्यम तथा नागरिक समाजले पनि संसारका अन्य भूभागका संघीयताका उदाहरणहरू महत्वका साथ बताउनु पर्छ र केन्द्रीय तथा संघीय सरकारबीचको प्रशासनिक र आर्थिक सम्बन्धलाई स्पष्ट व्याख्या गरिदिनुपर्छ ।

- **नेपालका संविधान मस्यौदाकारहरू तथा कानून निर्माताहरूले जुनसुकै जातका र भावी संघीय राज्यका जुनसुकै सीमाभित्र पर्ने हरेक नेपाली नागरिकलाई प्रत्याभूत गरिने आधारभूत अधिकारहरूको आधाररेखा निर्माण गरी व्यापक प्रसार गर्नुपर्छ ।** नयाँ संविधानमा जुनसुकै ढाँचाको संघीयताको अनुसरण गरे पनि यसमा सहमति हुनुपर्छ । यी अधिकारहरूलाई राष्ट्रिय र स्थानीय दुवै तहमा झुठ वा चालवाजी नगरिकन स्पष्ट उल्लेख र व्याख्या गरिनैपर्छ ।

- **शान्ति प्रक्रियाका सरोकारवाला तथा संविधान निर्माताहरूले भौगोलिक रूपमा कुनै खास क्षेत्रमा एकत्रित नभएका ऐतिहासिक रूपमा सीमान्तकृत वर्गहरूलाई भावी संघीय संरचनामा सामाजिक समावेशीता सुनिश्चित गर्ने संयन्त्रका लागि छलफल गर्नुपर्छ ।** कार्टर सेन्टरले राजनीतिक दलहरूमा आफ्नो प्रतिनिधित्वको अभावका कारण निराश रहेका सीमान्तकृत समुदायका धेरै व्यक्तिहरूलाई भेटेको छ । यसलाई कानूनी रूपरेखाभित्र कसरी ल्याउने भन्नेबारे सेन्टरको कुनै धारणा नभए पनि विस्तृत शान्ति सम्झौतामा समेत समावेशितालाई उल्लेख गरिएको हुँदा ती समुदायहरूबाट बढी जनता समेट्न प्रोत्साहन गर्ने छलफल थाल्न जरुरी रहेको सेन्टर सुझाव व्यक्त गर्दछ । क्षेत्रीय, जिल्ला तथा गाउँ विकास समितिस्तरमा नागरिक समाज समूह तथा समाजको बृहत वर्गका नागरिकहरू समेटिएका लक्षित समूहहरूमा आधारीत छलफल संचालन गरिनुका साथै नियमित नागरिक अभिमत संकलन र सर्वेक्षणहरू स्थानीय तहका बढी प्रतिनिधिमूलक छलफलका लागि दिइएका दुई सुझावहरू हुन् जसले संविधान र संघीयताबारेमा हुने बृहत राष्ट्रिय बहसहरूमा योगदान दिन सक्छन् ।

- **विशेषगरी मुख्य संवैधानिक समयसीमाको आसपास हुने प्रदर्शनका आयोजक तथा सहभागीहरूले नागरिकको वाक स्वतन्त्रता र शान्तिपूर्ण विरोधको अधिकारलाई सम्मान गर्नुपर्छ ।** कार्टर सेन्टरले सन् २००८ को संविधानसभा निर्वाचनपछि नेपालमा राजनीतिक स्थानमा निरन्तर सुधार आएको उल्लेख गरेको छ किनभने राजनीतिक दल तथा नागरिक समाजलाई सार्वजनिक रूपमा आफ्ना एजेण्डाहरू बढ्दो स्वतन्त्रताका साथ व्यक्त गर्ने अनुमति दिएको छ । तथापि, वार्ता गरिएका व्यक्तिहरूले मुख्य राजनीतिक समयसीमाहरूले प्रतिस्पर्धी राजनीतिक शक्तिहरूबीच तनाव उत्पन्न गराउने गरेको र

स्थानीय हिंसाको सम्भावना बढाउने गरेकोमा खबरदारी गराएका छन् । अप्रिल/मे २०१२ मा यो स्पष्ट देखिएको थियो । यतिबेला, कार्टर सेन्टर सबै समूहहरूलाई विरोध गर्ने अधिकार तथा वाक स्वतन्त्रताको सम्मान गर्न तथा साम्प्रदायिक, धार्मिक वा जातीय द्वेष र हिंसा भड्काउनेहरूको निन्दा गर्न सुझाव व्यक्त गर्दछ ।

- **स्थानीय तहको द्वन्द्व व्यवस्थापन गर्ने सम्बन्धमा सर्वोत्कृष्ट अभ्यास विकास गर्नुपर्छ ।** अप्रिल/मे २०१२ मा स्थानीय तहमा द्वन्द्व मत्थर पार्नका लागि प्रमुख जिल्ला अधिकारी, नागरिक समाज तथा सार्वजनिक प्रदर्शनहरूको व्यवस्थापन गर्ने संगठित समूदायहरूका बीचमा सहकार्यलगायतका केही पद्धतिहरू अबलम्बन गरिएको पाइएको थियो । ती पहलकदमीहरूको प्रभावकारिता अस्पष्ट रहेको अवस्थामा कार्टर सेन्टर ती पद्धतिहरूको मूल्यांकन गर्ने सुझाव व्यक्त गर्दछ र औचित्य स्थापित भएमा तिनलाई "सर्वोत्कृट अभ्यासहरू" को रूपमा औपचारिकता प्रदान गर्न सकिन्छ जो स्थानीय सरकारी अधिकारीहरू, स्थानीय शान्ति समितिका सचिवहरू, संचारमाध्यम, राजनीतिक दल, नागरिक समाज, पहिचानमा आधारित संगठनहरू तथा प्रहरीहरूका लागि सहायक दस्तावेज हुनसक्छ । आवश्यकता र अनुरोध भै आएमा अन्तर्राष्ट्रिय समुदायद्वारा त्यस्ता मूल्यांकनहरूलाई सहजीकरण गर्ने सहायता तथा प्राविधिक विशेषज्ञता प्रदान गर्न सक्नेछन् ।

- **शान्तिप्रक्रियाका सरोकारवालाहरूले स्थानीय तहमा मुख्य राष्ट्रिय तहका समयसीमाहरूको वरिपरि प्रहरी, राजनीतिक दल, नागरिक समाज तथा नागरिकहरूबीच छलफलमा वृद्धि गर्नुपर्छ ।** माथि उल्लेख गरिए झैं, स्थानीय तहका सरोकारवालाहरूमाझ आधारभूत चासो तथा अवधारणाहरूमा साझेदारी गरिएको सुनिश्चित गर्न नेपाली नागरिकहरूसँग स्थानीय सरकार तथा प्रहरीको सामुदायिक संलग्नतामा अझ बढी जोड दिइनुपर्छ । सूक्ष्म सुरक्षा चुनौतीहरूलाई सहजीकरण गर्न सुरक्षा नीतिमा यथेष्ट लचकता हुनुपर्दछ, यो जिल्लाअनुसार फरक हुन सक्छ ।

## ओ. अनुसूचि

अप्रिल/मे २०१२ को दौरान उच्चरुपमा "विवादित" भौगोलिक क्षेत्रहरूमा (विशेषगरी कन्चनपुर, कैलाली, कास्की र नवलपरासी) विभिन्न पहिचान समूहहरू प्रतिस्पर्धी दावीहरू गर्न सक्षम थिए। यस अनुसूचिले त्यस अवधिमा भएका मुठभेडहरू र विरोधकर्ताहरूले प्रयोग गरेका उत्तेजक क्रियाकलापहरूबारे थप विस्तृत तथ्यहरूको सारांश प्रस्तुत गर्दछ।

### क. कैलाली र कन्चनपुर

सुदूरपश्चिम क्षेत्रको कैलाली र कन्चनपुर जिल्लाहरूमा बढिरहेको तनावको परिणामस्वरूप विपरित पहिचानमा आधारित संगठन भएका राजनीतिक समर्थकहरूबीच प्रत्यक्ष झडप र हिंसाहरू हुनुका साथै ती समूहहरू र प्रहरीबीच पनि हिंसा भयो। संघीयतामाथिको राजनीतिक सक्रियता पहाडी समुदायको ठूलो समर्थन रहेको "अखण्ड सुदूरपश्चिम" र २७ थारु संगठनहरूको गठबन्धन "संयुक्त थारु संघर्ष समिति" का समर्थकहरूबीच पहिचानको मामिलामा अत्यधिक ध्रुविकृत भयो। सुदूरपश्चिम क्षेत्रमा नयाँ संघीय व्यवस्थाका लागि दुई खाले प्रतिस्पर्धि अवधारणाका बीच झडप भयोः संयुक्त थारु संघर्ष समिति तराईका कैलाली र कन्चनपुर जिल्लाहरूलाई बृहत पूर्व-पश्चिम "थरुहट" वा "थारुवान" राज्यमा समेट्न चाहन्थ्यो जसमा कम्तीमा मध्यपश्चिम तराईका केही जिल्ला पर्दथे भने अखण्ड सुदूरपश्चिम सुदूरपश्चिमको क्षेत्रीय पहिचान र विद्यमान विकासक्षेत्रको सीमाहरूलाई यथावत राख्न चाहन्थ्यो र कैलाली तथा कन्चनपुरलाई सुदूर पश्चिमी हिमाल र पहाडहरूबाट छुट्याउने कुराको विरोध गर्दथ्यो

स्थानीय तहमा भैरहेको संघीयताबारेको छलफलहरूको प्रत्युत्तरमा दुवैतर्फका स्थानीय अभियानकर्ता र राष्ट्रिय राजनीतिज्ञहरूले मागहरू अघि बढाउने आफ्ना प्रयासहरूलाई तीव्र पारे। माओवादीको कैलाली र कन्चनपुरलाई सुदूरपश्चिम हिमाल र पहाडी जिल्लाहरूबाट छुट्याउँदै बेग्लै राज्य बनाउने गरिएको १० राज्यको प्रस्तावले विवाद उत्पन्न गरायो र अखण्ड सुदूरपश्चिमका हिमायतीहरूले सुदूरपश्चिम बन्द गराए। यसलाई संयुक्त थारु संघर्ष समितिका परिचालनहरूले प्रतिरोध गरे। झडपहरू मुख्यतः धनगढी र पूर्व-पश्चिम राजमार्गका केही बजार क्षेत्रहरूमा भए जबकि थारु जनसंख्याको बाहुल्यता भएका गाउँ विकास समितिहरू तुलनात्मक रूपमा शान्त रहे। दुवै पक्षले धनगढीमा एकै समयमा बृहत प्रदर्शनहरू गरेपछि पहिलेदेखि नै तनावपूर्ण रहेको अवस्था मे ११ मा शिखरमा पुग्यो र प्रहरी थरुहट प्रदर्शनकारीहरूप्रति पूर्वाग्रही भएको आरोप लगाइयो। १६ मे मा सरकार तथा अखण्ड सुदूरपश्चिमबीच कन्चनपुर र कैलाली जिल्लालाई भविष्यको संघिय स्वरुपमा समावेश गर्ने सहमतिले लामो बन्द अन्त्य गर्न सहज बनायो। उक्त संघिय संरचनामा सेती र महाकाली अञ्चल रहने छन्।

### ख. कास्की

पर्यवेक्षकहरूले कास्की जिल्लाको पोखरामा पनि ब्राह्मण क्षेत्री समाज नेपाल र जनजाति समर्थकहरूले प्रहरीसँग झडप गरेका घटनाहरू उल्लेख गरे। पोखरा गुरुङ समुदायले "तमुवान" राज्य (लमजुङ, गोरखा, तनहुँ, मनाङ, मुस्ताङ, पर्वत, कास्की र स्याङजा जिल्लाहरू सम्मिलित) को प्रस्तावित राजधानीका रूपमा दावी गरेको क्षेत्र हो। यद्यपि ब्राह्मण समाज र क्षेत्री समाजजस्ता संगठनहरूले क्षेत्रको बारेमा कुनै दावी नगरे पनि उनीहरूले "जातीय संघीयता" को विरोध गरेका छन् जसले उनीहरूलाई त्यसै क्षेत्रका गुरुङ समुदायको विरोधीको स्थान दिएको छ। यो जिल्ला ब्राह्मण समाज र क्षेत्री समाजको विशेष पकडको क्षेत्र हो जहाँ ती दुवै संगठनहरूका प्रधान कार्यालयहरू रहेका छन्।

२०१२ को मे १० मा पोखरामा ब्राह्मण र क्षेत्री समाज नेपालका कार्यकर्ता तथा प्रहरीबीच सामान्य झडप भयो। मे २१ मा जनजाति बन्दकर्ताहरू र प्रहरीबीच अर्को झडप भयो। पर्यवेक्षकहरूले अन्य साना जातीय समुदायहरू (सारङकोटका मगर तथा देउरालीका नेवारहरू) ले गुरुङहरूको तमुवान प्रान्तको मागले आफूलाई अलग्याएको महसूस गरेको जानकारी पाए।[८१]

### ग. नवलपरासी

नवलपरासी जिल्लामा संयुक्त थारु संघर्ष समिति र राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव समर्थकहरूका बीचमा हिंसात्मक झडपहरू भए। मे ८ मा राष्ट्रिय अखण्डता तथा जातीय सद्भावका समर्थकहरूले थारु बन्द लागू गराउनेहरूसँग धेरै ठाउँमा झडप गरे। अन्य दृष्टान्तहरूमा, राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव समर्थकहरूले डण्डा बजारको एक थारु संग्रहालयमा आगो लगाए, अर्को दिन संयुक्त थारु संघर्ष समितिका कैयौं कार्यकर्ताहरूले क्षतिपूर्तिको माग गर्दै नवलपरासीको पूर्व-पश्चिम राजमार्गलगायतका विभिन्न स्थानहरूमा प्रदर्शन र बन्द गरे। राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव समर्थकहरूले संयुक्त थारु संघर्ष समिति समर्थकहरूको बन्द अवज्ञा गरे र तत्कालै पूर्व-पश्चिम राजमार्गको एक शहरमा तनाव उत्पन्न भयो। दुवै पक्षबीच हुन सक्ने थप झडपलाई रोक्न प्रहरीले संयुक्त थारु संघर्ष समिति समर्थकहरूलाई लक्षित गर्दै रबर र साँच्चैका गोली प्रहार गऱ्यो जसले उनीहरूतर्फ १३ जना घाइते भए (तीमध्ये चारजना गम्भीर घाइते भए जसमध्ये एक जनाको जुन महिनामा मृत्यु भयो र थप विरोधहरू भए)। वार्तामा सरकारले नष्ट भएका थारु सम्पत्तिहरूको क्षतिपूर्ति तथा घाइतेहरूलाई निःशुल्क उपचार प्रदान गर्ने सहमति गऱ्यो। यस अतिरिक्त, राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव र संयुक्त थारु संघर्ष समितिले भविष्यमा एकअर्काका विरोधहरूलाई निशाना नबनाउने सहमति गरे।

---

[८१] देउरालीको भ्रमण गरेका पर्यवेक्षकहरूले त्यहाँ बस्ने नेवारहरूको झुकाव जातीय संघीयताको विरोधको पक्षमा स्थानीय ब्राह्मण र क्षेत्रीहरूलाई समर्थन गर्नेतिर छ भन्ने सुने किनभने उनीहरूलाई पनि "तमुवान" प्रान्तले आफ्नो लाभ नहुने डर थियो।

### घ. अन्य क्षेत्रहरू

देशका अन्य भागहरूमा सापेक्षिक रुपमा थोरै झडप र कम तनाव देखियो । यसको केही कारण फरक राजनीतिक गतिशिलता र स्थानीय रूपमै तनाव साम्य पार्ने प्रयास पनि थियो । यद्यपि सुदूर पूर्वी क्षेत्रका हिमाली स्थानहरूमा पहिचानमा आधारित संगठन तथा लिम्बुवान समूहहरूका गतिविधि ऐतिहासिक रुपमा उच्च देखिएता पनि यी क्षेत्रहरू मे २७ को समय आउँदै गर्दा हिंसात्मक झडपबाट धेरै मुक्त थिए । जुन महिनामा इलामको भ्रमण गरेका पर्यवेक्षकहरूसँग कुरा गर्ने धेरै व्यक्तिहरूले मे २८ भन्दा अघि र पछिको सापेक्षिक शान्तिको कारण लिम्बुवान समूहहरू अझै पनि आफ्ना मागहरू पूरा गरिनेमा विश्वस्त हुनु र उनीहरूलाई चुनौती दिन सक्ने समान शक्ति भएका प्रतिस्पर्धी समूह नहुनु रहेको बताएका थिए । बिराटनगरमा मे २२ मा नेपाल आदिवासी जनजाति महासंघसम्बद्ध कार्यकर्ता तथा थारु कार्यकर्ताहरूको ब्राह्मण र क्षेत्री समुदायसँग सामान्य झडप भयो । यो मामिलामा थप हिंसा रोक्नका लागि प्रहरी खटाइएको थियो । संयुक्त राष्ट्रसंघद्वारा प्रकाशित एक प्रतिवेदनले पनि मे ११ मा राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव र संयुक्त लिम्बु संघर्ष समितिका कार्यकर्ताहरूबीच दमकमा सामान्य झडप भएको जानकारी दियो, “तथापि स्थितिले उग्र रूप नलिओस् भन्ने सुनिश्चित गर्नका लागि दुवै समूह र स्थानीय प्रशासनले तत्काल कार्य गरे ।”[८२]

मध्य पश्चिम क्षेत्रमा बाँके, दाङ, बर्दिया (तल थप व्याख्या गरिएको) मा भएका शान्ति प्रयासहरूले पहिचानमा आधारित विरोधी संघीय शक्तिहरू (राष्ट्रिय अखण्डता तथा जातीय सद्भाव, अखण्ड सुदूरपश्चिमका पक्षपोषकहरू) र पहिचानमा आधारित पक्षका संघीय गठबन्धनहरू (नेपाल आदिवासी जनजाति महासंघ, थारु समूहहरु) बीचका झडपहरूलाई रोक्यो । बन्द र सामान्य झडपहरू भए तर सरोकारवालाहरूको सक्रिय हस्तक्षेपले गम्भीर मुठभेडबाट जोगायो । यसको एउटा उदाहरण दाङमा मे १७ मा ब्राह्मण र क्षेत्री समाज तथा संयुक्त थारु संघर्ष समिति दुवैले सहमति गरेको आचारसंहिता थियो । यसले बन्दहरूलाई व्यवस्थित बनायो र आचारसंहिता अनुसार ब्राह्मण/क्षेत्रीहरूले गाउँ विकास समिति तहमा आफ्ना कार्यक्रमहरू संचालन गर्न पाए जबकि संयुक्त थारु संघर्ष समितिले शहरहरूमा विरोध कार्यक्रम गर्‍यो र दुवैले आफ्ना जुलुसका मार्गहरूमा विवाद गरेनन् ।

केही क्षेत्रहरूमा निश्चित जिल्लाहरूलाई नयाँ प्रान्तीय राजधानीको रूपमा छनौट गरिनु पर्ने मागसहित संगठनहरू उठे । ती मागहरू उठाउँदा विरोधका फरक पद्धतिहरूको प्रयोग गरिएको र इलाम, धनकुटा, बिराटनगर र नेपालगंजजस्ता केही स्थानहरूमा स्थानीय व्यावसायिक समुदायलाई समेत संलग्न गराइएको बताइयो । संघीयताबारेको बहस अघि बढ्दै जाँदा र कार्यान्वयनको थालनी हुँदै गर्दा त्यस्ता विरोधहरू अझ फैलिने र झन् सशक्त हुने अपेक्षा गर्न सकिन्छ ।

[८२] हेर्नुहोस्, UN RCHCO, “Confrontation over federalism,” फिल्ड बुलेटिन, अंक ४१, मे २०१२ ।